सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २४ ● अंक ०८ ● FRIDAY, 06 JULY 2018 ● काठमाडौं शु ... २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# आरोही परिवार


**रोल्वालिङ्को विपन्न परिवारका सात जना सदस्यको सगरमाथा आरोहणको कथा**

पृष्ठ २३ मा



मध्यपृष्ठमा

## अनु थापा

www.joycosmetics.com

दागरहित
सुन्दरता

पपिनको पोषणले भरिपूर्णजोय पपैया वासले
मुहारको कालो धब्बा, चायाँ पोतो आदि घटाउँछ,
यसको प्रत्येक वासबाट त्वचा चम्किलो
एवं दाग रहित सुन्दर हुन्छ ।

JOY
PAPAYA
WASH
SOAP FREE SOFT CLEANSER
Daily Cleansing Face Wash




BLEMISH FREE SKIN
FLAWLESS GLOW

*conditions apply

Imported by: **SM Enterprises**, Kathmandu, Nepal

## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | दोस्रो गीत बजारमा | च्यानल उर्लाबारी फोकस |
| २ | उरुग्वे भी पोर्चुगल | च्यानल फिफाटिभी |
| ३ | २१ मिस्टेक्स इन सन्जु | च्यानल फिल्मी सिन्स |
| ४ | प्यारेन्ट्स टिचर मिटिङ | च्यानल आरिकन |
| ५ | दोस्रो गीत गाएर | च्यानल युवामन नेपाल |
| ६ | टंक बुढाथोकीका | च्यानल रमाइलो टिभी |
| ७ | जिन्गात हिन्दी | च्यानल जी म्युजिक |
| ८ | मेरी बास्सै-५५६ | च्यानल मिडिया हब |
| ९ | ससुरालीलाई चिट्ठी | च्यानल एसथ्रीके |
| १० | किचकिचे घरबेटी | च्यानल म्युजिक नेपाल |

## फोटो अफ दि विक



■ **वधाइ** : अभिनेता, मोडल तथा चिकित्सक आयुष्मान घिमिरे यसै साता प्रज्ञा सुवेदीसँग वैवाहिक जीवनमा बाँधिएका छन् ।



■ **वार्षिकोत्सवको रमाइलो** : मेकअप आर्टिष्ट मीना न्यौपानेद्वारा सञ्चालित 'सेरेमोनी व्यूटि सलून' को १६ औं वार्षिकोत्सवको केक काट्दै दिपाश्री निरौला, उषा खड्गी आदि ।



■ **पोखरामा पारस** : पूर्व युवराज पारस पोखरामा फोटोग्राफर सुरज श्रेष्ठसँग ।



■ **सिमाको स्टुडियो** : मेकअप आर्टिस्ट सिमा गुरुङले लाजिम्पाटमा सञ्चालनमा ल्याएको 'सिमा द मेकअप स्टुडियो' को केक काटेर उद्घाटन गर्दै सञ्चिता लुइँटेल, श्वेता खड्का तथा ऋचा शर्मा ।



■ स्पेशल ओलम्पिक नेपाले शुक्रबार तथा शनिबार काठमाडौंमा आयोजना गरेको राष्ट्रिय खेलकुद प्रतियोगिताका सहभागीहरुको एक झलक ।



■ **ह्याप्पी बर्थ डे** : आफ्नो जन्मदिनमा बालबालिकाहरूलाई लड्डु बाँड्दै अभिनेत्री कुञ्जना घिमिरे ।

## साइबर फिडब्याक

### रसियामा जारी २१ औं विश्वकप फुटबलका सम्बन्धमा सामाजिक सञ्जालमा प्राप्त प्रतिक्रिया :

मेस्सी र रोनाल्डोले यसरी खेल्नु पर्थ्यो भनेर सिकाउनेहरू पनि रहेछन् हाम्रो नेपालमा । नेपाल त्यसैले ठूला प्रतिभाहरूको देश हो । नेपालमा चाँडै रेल आउँछ र, त्यही रेल चढेर हामी आगामी विश्वकप फुटबल खेल्न जानेछौं भन्ने कुरामा कम्तीमा मलाई चाहिँ अब कुनै शंका रहेन ।

**नयनराज पाण्डे**

सामाजिक सञ्जालमा अर्जेन्टिना-पोर्चुगलका स-साना प्रशंसकहरू रोएको भिडियो आएको छ । यो कुनै पनि हिसाबले राम्रो हो जस्तो लागेन । नानीहरूलाई आफ्ना टिमको फ्यान नबनाऊ, राति निन्द्रा बिगारेर फुटबल हेर्न नबसाऊ, अझ उनीहरू रोएको भिडियो त हाल्दै नहालौं । बच्चालाई बच्चा नै रहन दिनु उत्तम ।

**सोहन श्रेष्ठ**

फुटबललाई खुट्टाले खेलाइन्छ, अक्षरलाई हातले । खेलाडीले फुटबल खेलाउँछन्, पास गर्छन् र गोल गर्छन् । त्यसरी नै लेखकले शब्द खेलाउँछन्, पात्रहरूबीच पास गर्छन् र गोल गर्छन् ।

**अमर न्यौपाने**




अर्काको देशको कुरा गरेर बस्ने समयमा फुटबल खेलेर बसेको भए आज नेपाल पनि विश्वकप खेल्दै हुन्थ्यो होला ।

**कृष्ण शर्मा**

यत्रो भव्य खेल हुँदा फुटबल मैदानको छेउमा भएर पनि खेल नहेरी दर्शकलाई हेर्नुपर्ने सुरक्षा दस्ताको बाध्यता पनि साह्रै टिठ लाग्दो के ?

**समा थापा**

जसलाई फुटबल खेल अनि फुटबलको नियम थाहा छैन तिनीहरू नै हुन अर्जेन्टिनालाई गाली गर्ने, पोर्चुगललाई गाली गर्ने ब्राजिल, स्पेन र जर्मनीलाई गाली गर्ने, रेफ्रीलाई गाली गर्ने । हैट, जान्नु-सान्नु केही छैन, त्यसै बुरुक-बुरुक उफ्रिन्छन् ।

**निरन्तर वली**

फुटबल अर्काको देशले खेल्छ र हार्छ । शोक चाहिँ नेपालीहरू मनाउँछन् । हाय, कति ठूलो मन हामी नेपालीको ।

**सरु गौतम**

फुटबल-फुटबल नगर, गएर खेतबारीमा गोडमेल गर, बालीनाली सप्रिन्छ अनि भोक लागेको बेला मुखमा बुजो लगाउन पाइन्छ । मेस्सी, रोनाल्डो, नेयमार भन्दै उफ्रेर के गर्छौं तिनीहरूले खाना ल्याएर दिने होइनन् ।

**वरिष्ठ जी**


CTEVT बाट मान्यता प्राप्त
C.M.A. २२ औं समूहमा
भर्ना खुल्यो
शैक्षिक योग्यता: SLC / SEE उतीर्ण
प्रवेश परिक्षा मिति: २०७५ श्रावण २० गते आईतबार, दिउँसो २ बजे
फारम भर्ने अन्तिम मिति: २०७५ श्रावण ११ गते शुक्रबारसम्म
थप जानकारीको लागी:
एजुकेशन एण्ड कम्युनिटी हेल्थ अर्गनाईजेशन (ECHO)
ललितपुर, लगनखेल, ईखालखु (मच्छिन्द्रबहाल साइड)
फोन नं.: ५५४२७६५, मो. ९८६९१८६०५४, ९८६०८१०७१८
प्रवेश परिक्षाको तयारी कक्षा संचालन भईरहको छ ।

# दुई हाइ प्रोफाइल विवाह

## बुहारी भित्र्याउँदै प्रकाशमान सिंह

नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्व उपप्रधानमन्त्री प्रकाशमान सिंह ससुरा बन्ने भएका छन् । नेता प्रकाशमान सिंह तथा सिर्जना सिंहका जेठा छोरा अर्थात् गणेशमान सिंहका नाति प्रभासमान सिंहको गत शुक्रबार हिन्दू परम्पराअनुसार शिक्षिता पाण्डेसँग कुरा छिन्ने कार्य (इन्गेजमेन्ट) सम्पन्न भएको छ । शिक्षिता सांग्रिला होटलका सञ्चालक प्रशिद्धबहादुर पाण्डेकी छोरी हुन् । प्रभासमान नेपाल तरुण दलका केन्द्रीय पार्षद् हुन् ।

प्रभासमान तथा शिक्षिताको विवाह भने आगामी फागुन महिनामा मात्र हुनेछ । 'असारमा अलि हतार हुने भएकाले हामीले छोराको विवाह




फागुनलाई सारेका हौं, प्रभासमानकी आमा सिर्जना सिंहका अनुसार फागुनको कति गते विवाह गर्ने भन्ने चाहिँ निश्चित गर्न बाँकी छ । 'छोराले प्रेम विवाह गर्न लागेको हो,' आमा सिंहले भनिन्- 'उनीहरू विगत केही समयदेखि प्रेममा रहेछन् ।' प्रभासमान र शिक्षिताले हिन्दू संस्कृतिअनुसार विवाह गर्नेछन् ।

प्रभासमानले अष्ट्रेलियाको सिड्नी युनिभर्सिटीबाट पोलिटिकल इकोनोमीमा स्नातकोत्तर गरेका छन् भने शिक्षिताले अमेरिकाको वासिङ्टन कलेजबाट बिजनेस म्यानेजमेन्टमा स्नातक गरेकी छिन् । प्रभासमान यतिबेला नीति फाउन्डेसनमा रिसर्च कन्सल्टेन्टका रूपमा समेत कार्यरत छन् । विवाहपछि पनि प्रभासमान तथा शिक्षिता काठमाडौंमै रहने निकटतम सूत्रहरू बताउँछन् ।

## लगनगाँठो कस्दै करण र विधात्री

युवा उद्यमी करण चौधरी विवाह बन्धनमा बाँधिँदै छन् । सिजी होल्डिङ कम्पनीका प्रबन्ध निर्देशक भएकाले पनि उनको विवाहले चर्चा पाएको छ । करणले झापा बिर्तामोड स्थायी घर भएकी विधात्री पोखरेलसँग अन्तर्जातीय विवाह गर्न लागेका हुन् । करण स्वर्गीय लुनकरणदास चौधरीका नाति तथा अरुण चौधरीका जेठा छोरा हुन् ।

असार २६ गते होटल होल्टी क्राउन प्लाजामा करण र विधात्रीबीच लगनगाँठो कसिनेछ । अहिले चौधरी मात्र होइन, पोखरेल परिवारसमेत विवाहको तयारीमा जुटेको छ । करण भन्छन्- विवाह समारोहलाई भव्य बनाउन सक्रिय छु । करणको विवाहमा छिमेकी भारतबाट समेत व्यवसायीहरू आउने बताइएको छ ।



विधात्री पोखरेल मोडलिङमा रुचि राख्छिन् । ललितपुरको झम्सिखेलस्थित एक कफीसपमा करण र विधात्रीबीच पहिलो भेट भएको थियो । करणका अनुसार उनले नै विधात्रीसमक्ष प्रेमप्रस्ताव राखेका हुन् । त्यसपछि हामीबीच झन्डै ४ वर्ष अफेयर चल्यो । प्रेमलाई विवाहमा बदल्न केही अप्ठेरो पनि थियो । हामी दुवैले परिवारमा कुरा राख्न सकिरहेका थिएनौं । पछि बिस्तारै मैले घरमा कुरा राखे, परिवारले हुन्छ भनेपछि हामी अगाडि बढ्यौं । करणका अनुसार उनले विधात्रीसमक्ष विवाहको प्रस्ताव राखेको भने आठ महिना मात्र भयो । त्यसपछि करण परम्पराअनुसार केटी हेर्न विधात्रीको घर पुगेका थिए ।

व्यवस्थापनमा एमबीए गरेका करण तथा बीबीएस गरेकी विधात्रीबीच गत फागुन १० गते इन्गेजमेन्ट भएको थियो । विवाहलगत्तै करण र विधात्री रारा तथा फोक्सुन्डो ताल क्षेत्रमा हनिमुन मनाउने योजनामा छन् ।

विष्णु तारुके

युवा मन

# स्मृतिको लोकमा



सुविन भट्टराई

मैले बाँचेर आएको एउटा सुन्दर समय छ । के कसैले खोसेर देखाउन सक्छ त्यो अतीतलाई म र मेरो स्मृतिबाट ?

म मर्न नसकेर बाँचेको पल होस्, म बाँच्न नसकेर मर्न चाहेको पल होस्, म बाँच्दाबाँच्दै बाँच्नुकै मोह बढेको पल होस्, म हरेक पल पटक-पटक जिइरहेको छु । मैले समयका हरेक खुड्किलाबाट, मैले समग्र यो जीवनबाट पाएका हर अनुभूतिलाई मस्तिष्कका खण्ड-खण्डमा सुरक्षितसित राखेको छु ।

हो, म विगतलाई विगतमै सीमित राख्न चाहन्नँ । म विगतको औंला समाएर तिनलाई आगतको आँगनसम्म डोऱ्याउन लान चाहन्छु । स्मृतिको खण्ड खोतलेर, म विगतलाई छानी-छानी वर्तमानमा पनि पटक-पटक जिइरहन चाहन्छु । त्यसैले मलाई मानव अंगमा सबैभन्दा सुन्दर यही मस्तिष्क लाग्छ । मस्तिष्कको घडामा स्मृतिहरू टिलपिलाइरहेको, छचल्किरहेको कुनै निष्णात नृत्याङ्गनाको कम्मरको मर्काइभन्दा कम कहाँ होला र ? लाग्छ, मस्तिक कुनै चुरोट हो, जसमा स्मृतिको आगो झोसिएपछि मस्तिष्क मज्जाले सल्कन्छ र भित्रैदेखिको आनन्द धूवाँसरि हावामा फिजिँद, तैरिँदै जान्छ । स्मृतिको लोकमा पुगेर कहिलेकाहीँ म ध्यानस्त हुन्छु । वर्तमानका दुःख-कष्ट (यदि छन् भने) लाई समेत बिर्साउने हैसियत राख्छन् स्मृतिहरू । यसर्थ स्मृतिहरू मल्हम हुन् ।

अतीत हर मान्छेको हुन्छ, हरमान्छेसित हुन्छ । कसैले अतीतलाई विस्मृतिको दराजमा गुम्स्याएर राख्छन्, कसैले अतीतलाई काँधैमा च्यापी सकी-नसकी घिस्स्याएर हिँड्छन् । अतीत जतिसुकै पतित होस्, राम्रो होस्, नराम्रो होस्, जस्तोसुकै व्यतीत भएको होस्, अतीत चाहे गीत भएको होस् चाहे शीत भएको होस्, अतीत बस् अतीत हो ।

हामी भन्छौं, 'त्यो समय, म सम्झन पनि चाहन्नँ ।'

भन्छौं यसो पनि, 'बिर्सन पाए हुन्थ्यो त्यो नमीठो पल ।'

नमीठो अतीतले लखेटिएको कुनै साथीलाई सल्लाह दिन्छौं, 'बिर्सिदेऊ यार ती सब कुरा !'

यति सजिलो कहाँ छ ? मानिसको मस्तिष्क हो, इरेजर कहाँ हो र ? अतीत कपडा सिलाउँदा उब्रिएको टुक्रा होइन, जसमाथि सजिलै विस्मृतिको कैंची चलाउन सकियोस् ।

मानिसलाई स्मृतीहरूसम्म पुऱ्याउने लाखौं बाटा छन् । वर्तमानमा तिमी एक त्यान्द्रो धागो देख अथवा एक थुँगा फूल देख, त्यसले तिमीलाई अतीतको मालामा लगेर उनिदिन्छ । वर्तमानमा आकाश एकपटक गड्याङ-गुडुङ मात्र गरोस् त्यसले तिमीलाई अतीतमा लगेर भिजाइदिन्छ । वर्तमानमा गाडीको गुडिरहेको एउटा चक्कामा एकछिन मात्र ध्यान जाओस् त, त्यसले घुमाइदिँदै फनफनाइदिँदै अतीतमा लगेर रनथन्यउँदै पछारिदिन्छ । कहिलेकाहीँ त कुनै गीतको एउटा स्थायी सुन्दा मात्र पनि अतीतका अन्तराहरू आफसेआफ गुनगुनाउँदै सामुन्ने तेर्सिदिन्छन् । कहिलेकाँही हिँड्दा-हिँड्दै वा बस्दाबस्दै कुनै पर्फ्युमको मन्द गन्धले मात्र सारा बाटाहरू बन्द गराएर अतीतको आकाशमा निर्बन्ध, स्वच्छन्द उडाइदिन्छन् ।


अतीत पो बितिसक्यो, सकिइसक्यो, त्यसले छाडेका अधिकांश अवशेष हाम्रो मस्तिष्कमा हुन्छन् र त्यहाँसम्म लाने हजारौं बाटा नजिकबाट हामी दिनहुँ गुज्रन्छौं । नमीठै भए पनि अतीत बिर्सिएर जाने चिज होइन, स्मृतिको खण्डबाट झिकेर सामना गर्ने चिज हो । नमीठो अतीतलाई स्मरण गरेपछि मिठो अतीतलाई स्मरण गर्ने, त्योजति मीठो फेरि अर्थोक के होला र ?

मैले खुला राखेका मेरा मस्तिष्कका झ्याल तथा ढोकाबाट मैले रुचाएका स्मृतिहरू निर्बाध ओहोर-दोहोर गरिरहून् । म तिनै स्मृतीहरूसित विचरण गरिरहन चाहन्छु ।



यात्रा सन्दर्भ

# स्वतन्त्रताका सीमाहरूको सहर



किशोर नेपाल

सहरमा डाक्टर गोविन्द केसीको चर्चा छ। यसलाई संयोग नभनेर के भनूँ म ? जतिबेला मलाई बिसन्चो हुन्छ, त्यतिबेला उनकै चर्चा चल्छ। कान्तिपुरमा गोविन्द केसीबाहेक अरू कोही छैनन्। डाक्टर साहेबहरू गोविन्द केसीको समर्थन गर्छन्, तर डा. केसीको समर्थनमा न त एक छाक क्लिनिक छाड्न चाहन्छन् न एक थाल भात। आफूलाई परिवर्तनवादी भन्नेहरूले डा. केसीलाई नैतिक र शारीरिक समर्थन दिएको भए अहिलेसम्म स्वास्थ्य क्षेत्रको रूपान्तरण भैसकेको हुन्थ्यो। ती केसी रहने थिएनन्। गोविन्द मात्र हुने थिए।

कान्तिपुर गोविन्द केसीजस्ताको सहर पनि होइन। कान्तिपुरमा विकासको नाममा अर्बौं अर्ब खर्च भएको कागजमा देखिए पनि संसारका अरू सहरको जस्तो यसको विकास भएको छैन। विकासका काम नभएसम्म सरकारी रकममा भ्रष्टाचार भएको प्रमाणित हुँदैन। पैसा र कागजमा हुने विकासको छानबिन गर्न अख्तियार नै पर्याप्त छ। किनभने अख्तियारी र सरकारी दुवै थरी कर्मचारी एउटै राजनीतिक स्रोतबाट निस्किएका शक्ति हुन्। आज एउटाले पैसामा भ्रष्टाचार गर्छ, अर्कोले कागजमा छानबिन। भोलि अर्कोले कागजमा छानबिन गर्छ, अर्कोले पैसामा भ्रष्टाचार। खास विकासमा भ्रष्टाचार नभएसम्म लोकपालहरू चाहिँदैनन्।

यतिबेलासम्म काठमाडौं चिसो छ। यहाँको चिसोको तुलना अन्तको चिसोसँग हुनै सक्दैन। कान्तिपुरको राजनीति पुसमा तात्छ, असारमा सेलाउँछ। कान्तिपुरको राजनीतिको तातोको तुलना अन्यत्रको तातोसँग हुन सक्दैन। पहिले यहाँका राजनीतिज्ञ खुलेआम दिल्ली जान्थे। अहिले कसैलाई नबताई जान्छन्। दिल्ली भनेको दिल्ली हो। यहाँको तरिका जानेन भने मानिसहरू सिल्ली पनि हुन सक्छन्। तरिका नजानेकैले कान्तिपुरमा राजनीति गर्ने कतिपय मानिस सिल्ली भएका छन्। कान्तिपुर र काबुल, ढाका र कोलम्बो, इस्लामावाद र माले– अर्थात् दक्षिण एसियाली क्षेत्रका यी कुनै पनि राजधानी सहर दिल्लीवाट टाढा छैनन्। एक घण्टादेखि सात घण्टासम्म दूरीका हवाई मार्गका सीमाभित्र पर्ने सहर मात्र हुन् यी। यी सहरमा पाइने सामान र तिनका उपभोक्ताका रुचि पनि उस्तै छन्। लगाउने पनि उस्तै-उस्तै हो, तैपनि यी सहरका बीच निकै कम सामीप्य छ। दिल्लीको जस्तो ट्रान्सपोर्ट र दिल्लीको जस्तो एयरपोर्ट अन्य कुनै पनि राजधानीमा छैन।

एयरपोर्टकै कुरा गर्दा नेपालको अन्तर्राष्ट्रिय एयरपोर्टले प्राग्-ऐतिहासिक प्रवेश नाकाको अवस्थाबाट मुक्ति पाउन सकेको छैन। कान्तिपुरबाट बाहिर जाँदा र आउँदा निकै दुःख उठाउनुपर्छ मानिसले। चीनसँग व्यापार र पारवहन सन्धि भए पनि त्यो गोर्खालीका लागि ल्हासा जाने कुतीको बाटो हो। कान्तिपुर विमानस्थलका आधा दर्जन अध्यागमन काउन्टरले हरेक दिन हजारभन्दा बढी नेपाली पासपोर्टधारीका गमनपत्रमा छाप लगाउनुपर्छ। त्यत्तिकै संख्यामा विदेशी पासपोर्टको जाँच-पड्ताल गर्नुपर्छ। छाप लगाउँदा-लगाउँदै छापदानीको मसी सकिन्छ। विमान उड्ने समय गुज्रिसक्दा पनि गमनपत्रमा छाप लगाई सकिएको हुँदैन। कनेक्सन फ्लाइट छुट्ने पिरले पर्यटकहरू आफ्नै कपाल भुत्ल्याउन थाल्छन्। त्यसले हाम्रो मानसिकतामा कुनै फरक ल्याउन सक्दैन।

यता आएर कान्तिपुरको विमानस्थलमा सुरक्षा सतर्कता थपिएको छ। पहिलो चरणमा सामानहरूको एक्सरे जाँच, दोस्रो चरणमा कोट, ज्याकेट र जुत्ताको एक्सरे जाँच, तेस्रो चरणमा जीउज्यानको छामछुम जाँच, चौथो चरणमा विमानतर्फ जाने ढोकामा फेरी छामछुम जाँच र पाँचौं चरणमा दिल्ली र भारतका अन्य सहरहरूका लागि विमान चढ्ने बेलामा गरिने अन्तिम पटकको भारी-भरकम सेक्युरिटी जाँच। यी जाँचहरू देखेर कसैले नेपाललाई 'दि मोस्ट डेन्जरस टेरोरिस्ट कन्ट्री' भन्यो भने कुनै आश्चर्य हुनेछैन। तैपनि विमानस्थलमार्फत हुने अपराध कर्ममा कमी आएको छैन।

कान्तिपुर जाडो-गर्मी दुवै मौसममा रमाइलो छ। सहर महँगो छ। महँगो भए पनि रत्नपार्कमा सस्तो खोज्नेहरूको ठूलो भीड लाग्छ। सहरको साइजको हिसाबले कान्तिपुरको भीडको तुलना कसैसँग गर्न सकिँदैन। कान्तिपुरको माइक्रो र टेम्पोमा चौबीसै घण्टा भीड लाग्छ। धक्का-मुक्का र छेडखानी चल्छ। कतिपय समयमा त झगडा गर्ने मानिस मात्र भेटिन्छन्। अस्पतालमा पुर्जी बनाउनेले दस रुपैयाँको पेस्की टिप्स लिन्छ र गोविन्द केसीको अनुहार सम्झँदै भित्तामा झुन्डिएका मार्क्स बाबाको तस्बिरलाई नमस्कार गर्छ। डाक्टरले क्लिनिकमा बाहेक अस्पतालमा भेट्न खोज्दैन। रगत जँचाउन छोरी-ज्वाइँको प्याथोलोजीको सिफारिश पक्कै गर्छ। अरू देशमा जे भए पनि सरकारी अस्पताल छ र सेवा पनि छ। कान्तिपुरमा जस्तो सेवा र उपचार दुवै नभएको सरकारी अस्पताल संसारमा कतै छैन होला।

कान्तिपुर छिटो सुत्छ र छिट्टै ब्युँझिन्छ। मध्यरातसम्म क्लबहरूमा स्वतन्त्रतापूर्वक नाच्न स्वतन्त्र छैन कान्तिपुर। कान्तिपुरमा स्वतन्त्रताका सीमाहरू तोकिएका छन्। सहरमा निषेधको संस्कृति कस्सिँदै गएको छ।



## प्रतिक्रिया




दाउद त डरलाग्दा रहेछन् (फ्रन्टपेज : दाउद कनेक्सन)। उनको रहस्यमय जीवन अनौठो रहेछ। नेपाल बाहिर बसेर उनले कसरी यो सञ्जाल चलाइरहेका छन् ? खोजीकै विषय हो। दाउदका अन्य पाटाहरूका बारेमा पनि पढ्न पाइयोस्।

**भीम नेपाल**

गत अंकमा प्रकाशित ने मुनि र मञ्जुश्री पढियो (यात्रा सन्दर्भ : ने मुनि र मञ्जुश्री)। किशोर नेपाल जस्ता अग्रज तथा सम्मानित पत्रकारको कलममा केही त्रुटि देखिए। लेखकले लेख्नु भए जस्तो मञ्जुश्री महिला नै थिइन् भन्ने कुरामा इतिहासकारहरूबीच मतभेद छ। बौद्ध मतअनुसार उनी बोधिसत्व थिए अर्थात बुद्धत्व प्राप्त गर्न नसकेका व्यक्ति। तिनै मञ्जुश्रीलाई कतिपयले काठमाडौं उपत्यकाको पानी बाहिर पठाउने श्रेय दिएका छन्। इतिहासअनुसार मञ्जुश्रीले आफ्ना दुई शक्ति अर्थात् पत्नी वरदा र मोक्षदालाई क्रमशः फुलचोकी र नागार्जुन डाँडामा स्थापित गरेर काठमाडौं उपत्यकाको पानी बाहिर पठाएका थिए। त्यस्ता सिद्ध पुरुषलाई लेखकले महिला पात्रका रुपमा चित्रण गरी दिनुभएको रहेछ। जुन कुरा पचाउन गाह्रो भयो।

**पुकार तिमिल्सिना**

समर्थन गर्नु आफ्नो ठाउँमा छ (मंगल होस् : वर्ल्डकप फिभर) तर समर्थनका नाममा जथाभावि लेख्नु, नसुहाउने कुरा गर्नु उचित होइन।

**सन्दीप नेपाल**

म फुटबल हेर्न चाहन्छु, जहाँ स्वच्छ खेल होस्, खेलको जादु होस्, जित-हार त सामान्य नै हो (रसियामा विश्वकप, नेपालमा भिडन्त)। सबै टिम फाइनलमा पुग्न सक्दैनन्। मात्र २ टिम पुग्नेछन् र, कप एउटाले मात्र लान सक्छ।

**सुवास अधिकारी**

नेपाली नेताहरूमा यति फुटबल मोह रहेछ (नेताको फुटबल मोह)। यति चासो-चिन्ता राख्ने नेताहरूले आफ्नो देशका खेलाडीहरूको स्तरोन्नतिका लागि पहल गरे हुन्थ्यो नि। पूरा नहुने नारालाई प्राथमिकता दिनुभन्दा खेलकुदको सुधारका लागि जोड दिनु उपयुक्त हुन्छ।

**रोहित अधिकारी**

कुन ग्रेड आउनेले के पढ्नेभन्दा पनि आफ्नो रुचि केमा छ (शिक्षा : कुन ग्रेड आउनेले के पढ्ने) ? त्यही विषय पढ्ने हो।

**सिगु इन्द्रहाङ**

साप्ताहिकमा खुला प्रतिस्पर्धाद्वारा हास्यव्यंग्य प्रकाशन गर्ने परिपाटी बसालियोस्।

**शेषराज भट्टराई**

युरोपियन मुलुक तथा अन्यत्र ठूलो रकम खर्च गरेर जानुभन्दा भारतमा पढ्नु राम्रो हो (भारत अध्ययन : रोजाइमा प्यारामेडिकल तथा इन्जिनियरिङ)। भाषा तथा संस्कृतिका हिसाबले पनि नेपाली विद्यार्थीलाई सजिलो हुन्छ।

**विकास राई**

नेपाली बजारमा उपलब्ध इलेक्ट्रिक बाइक तथा स्कुटरका बारेमा पनि पढ्न पाइयोस्। पेट्रोलको अभाव हुँदा पनि सवारीसाधन प्रयोग गर्दा कुनै समस्या नआउने खालका सवारी साधन चढ्न प्रेरित गर्नुपर्छ।

**मनोज पौडेल**

राजेशपायलको चर्चित गीतको भिडियो पक्कै पनि राम्रो बन्ला (संगीत : २३ वर्षपछि भिडियो)। भिडियो किन यति समयपछि बनाउन लागिएको हो ? राजेशपायल जस्ता कलाकारले पहिल्यै बनाउनुपर्ने थियो।

**प्रदीप सुवेदी**

ललितकुमार- हेमकुमारी बाटाजू स्मृति संगीत पुरस्कारबाट सम्मानित भएकोमा बिनोदलाई बधाई (बानियाँ पुरस्कृत)। तपाईको सांगितिक जीवन सफल होस्।

**गणेश गौतम**

भारतीय अभिनेत्री जुही चावला जस्ता अन्तर्राष्ट्रिय सेलिब्रिटीहरूलाई समेटेर नेपाल सरकारले विशेष कार्यक्रम ल्याउनुपर्छ। यसो गर्दा नेपालको पर्यटन प्रवर्द्धन गर्न सजिलो हुन्छ। नेपाल पर्यटन बोर्डले पर्यटक भित्र्याउने नारा मात्र दिएर हुँदैन।

**भीम सापकोटा**

समर्थकहरूले यो चाहिँ राम्रो काम गरेछन् (समर्थकको राम्रो काम)। अरूले पनि उनीहरूबाट केही कुरा सिक्न सक्छन्।

**जेआर कुमार**

यी खेलाडीहरू हेर्दा पनि सुन्दर छन् (महिला दर्शकको ध्यान तान्ने खेलाडीहरू)। खेल पनि उत्कृष्ट नै प्रदर्शन गर्छन्।

**किशोर बराल**

यो खबर पढेर नरमाइलो लाग्यो (विश्वकप फुटबलको ज्वरो)। नेपालीहरू किन यस्ता क्रियाकलापमा संलग्न हुन्छन् ?


**रूपक बडुवाल**

follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस्।

Like us on Facebook
facebook.com/kantipursaptahik

# त्यो कालरात्रि नै थियो


तस्बिर : नवराज बाग्ले
■ सरोज खनाल, अभिनेता

नेपाली चलचित्रमा सदावहार अभिनेताका रूपमा स्थापित कलाकार हुन्– सरोज खनाल । झन्डै ३० वर्षअघि रंगमञ्चमार्फत अभिनय क्षेत्रमा उदाएका अभिनेता खनालले त्यो बेला अभिनय गरेका चतुरेको दाउपेच, मौन आकास, भीडदेखि भीडसम्म आदि नाटक अझै पनि दर्शकले बिर्सिएका छैनन् । चलचित्र विजय-पराजयमार्फत चलचित्रमा पदार्पण गर्ने यी अभिनेताले आफ्नो करियरमा दुई दर्जनभन्दा बढी नेपाली चलचित्रमा अभिनय गरे, तीमध्ये १९ वटा चलचित्रले त प्रदर्शनको सय दिन नै पूरा गरे । प्रेमपिण्ड, जय बाबा पशुपतिनाथ, निर्मोही, मनकामना, चोखोमाया, नाइँ नभन्नु ल-२, प्रेम गीत, सुब्बा साब, कू, पञ्चायत हुँदै क्याप्टेनसम्म अभिनय गर्न भ्याएका खनाल झन्डै १७ वर्षको अमेरिका बसाईलाई टुंग्याएर तीन वर्षअघि सधैंका लागि स्वदेश फर्किएका हुन् । स्वदेश फर्किएलगत्तै चितवनमा खनाल बायो अर्गानिक फर्टिलाइजर नामको कम्पोष्ट मल उद्योग सञ्चालनमा ल्याएका खनाल अहिले फेरि चलचित्रमै व्यस्त छन् । केही महिनापछि आफ्नै लगानीमा चलचित्र निर्माण गर्ने घोषणा गरिसकेका अभिनेता खनालले साप्ताहिकका कृष्ण भट्टराईसँग लामो कुराकानी गरेका थिए ।

**अमेरिकाबाट स्वदेश फर्किए लगत्तै अभिनयमै सक्रिय हुनुभयो नि ?**

वास्तवमा मैले अमेरिकाबाट स्वदेश आएर अभिनयमा फर्कन्छु भन्ने सोचेकै थिइनँ । एउटा बिजनेसको प्लानिङसहित म स्वदेश फर्किएको थिएँ । चितवनको मेरो पोल्टी फार्म त सञ्चालन मै थियो, अर्ग्यानिक मलको एउटा उद्योग सञ्चालन गर्ने हिसाबले म स्वदेश फर्किएको थिएँ । चितवनमा उद्योगका लागि लोकेसन हेर्ने क्रममै थिएँ, निर्देशक सुदर्शन थापाले चलचित्र

पृष्ठ २० मा

**पछिल्लो व्यस्तता कस्तो छ ?**

दुईवटा चलचित्र क्याप्टेन तथा द ब्रेकअपको छायांकनमा व्यस्त छु । हेमराज बिसीको द ब्रेकअपको एउटा सिन र एउटा गीतको छायांकन बाँकी छ भने भुवन केसीको क्याप्टेनको झन्डै एक महिनाकै काम बाँकी छ ।

**त्यसपछिको योजना के छ ?**

क्याप्टेनको काम गर्दा-गर्दै बर्खा लागिसक्छ । बर्खामा खासै छायांकन हुँदैन । त्यसपछि दसैं लाग्छ । दसैं मानेपछि मात्र पुनः अभिनयमा सक्रिय हुने योजना छ । वास्तवमा चलचित्रको व्यस्तताले आराम नै गर्न नपाएको महसुस भैरहेको छ । त्यसैले क्याप्टेनपछि केही महिना फुर्सदमा बस्छु ।

**अभिनयका लागि प्रस्ताव त आइरहेकै होलान् नि ?**

पत्याउनु हुन्न होला, मेरो घरमा सात-आठवटा नयाँ चलचित्रका स्क्रिप्ट जम्मा भैसकेका छन् । यद्यपि म तीमध्ये कुनै पनि चलचित्रमा अभिनय गर्न तयार भएको छैन ।

**किन ?**

पहिलो कुरा त ती चलचित्रका स्क्रिप्ट निकै कमजोर छन् । मेरा लागि छुट्याइएको भूमिका राम्रो भए पनि समग्रमा ती चलचित्रको पटकथा नै कमजोर छ । कमजोर पटकथामा बन्ने चलचित्रमा काम गरेर समय वर्वाद नगरौं कि जस्तो लागेको हो ।






# एसईई अब्बलका सपना


समीक्षा नेपाल, विराटनगर


हेन्साङ दोर्जी लामा, धनकुटा


अर्चना सापकोटा, कास्की

रमेशचन्द्र अधिकारी / अनिल श्रेष्ठ / राजाराम पौडेल

## सामुदायिक विद्यालयबाटै जिल्ला टप

धनकुटा–१६ वर्षीय हेन्साङ दोर्जी लामा यति बेला धनकुटामा चर्चामा छन् । गत साता प्रकाशित भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजामा जिल्ला प्रथम भएसँगै उनको चर्चा चुलिएको हो ।

धनकुटा नगरपालिका-७ स्थित त्रिवेणी माध्यमिक विद्यालयबाट परीक्षामा सामेल भएका लामाले ३ दशमलव ८७ जीपीए प्राप्त गरेका छन् । त्रिवेणी माध्यमिक विद्यालय जिल्लाको पुरानो सामुदायिक विद्यालयमध्ये एक हो । उक्त विद्यालयमा अध्ययन गर्दै आएका लामाले ७ वटा विषयमा ४ जिपीए प्राप्त गरेका छन् । लामाले आफूले सोचे जस्तै नजिता हात परेको बताए ।

सामुदायिक विद्यालयलाई कम आँक्नेहरूका लागि लामा गतिलो जवाफ भएका छन् । प्रारम्भिक चरणमा निजी विद्यालयमा अध्ययन गरे पनि अभिभावकको सामुदायिक विद्यालयप्रतिको सकारात्मक सोचका कारण उनले त्रिवेणीमा अध्ययन थालेका हुन् । मलाई सामुदायिक विद्यालयमा पढ्न पाउँदा निकै खुसी लाग्यो, लामाले भने- सरकारी विद्यालयबाटै जिल्ला टप हुन सकें, यसमा अझ बढि खुसी छु । पढ्न महँगो स्कुल नै चाहिन्छ भन्ने छैन । विद्यार्थी स्वयम्ले मेहनत गर्नुपर्ने उनको तर्क छ । सरकारी विद्यालय नै उत्कृष्ट नतिजाका लागि प्रतिस्पर्धामा उत्रिसकेकाले अब सामुदायिक विद्यालय रोज्ने लामाले बताए ।

अध्ययनका क्रममा बाल्यकालदेखि नै लगनशील लामाको एउटा अनौठो बानी थियो । सामान्य समयमा पनि दैनिक ५/६ घण्टा अध्ययन गर्ने लामा परीक्षाको समयमा अध्ययनलाई कम समय छुट्याउँथे । अरू बेला कम्तीमा बिहान ४ बजेदेखि ७ बजे तथा बेलुकी ७ देखि ९ बजेसम्म अध्ययन गर्ने उनले सुनाए, तर जब परीक्षा आउँथ्यो उनी कम्प्युटरमा रोचक सामग्री हेर्थे वा घुमफिर गर्थे । परीक्षाका बेला फ्रेस हुन जरुरी हुन्छ, तसर्थ म पढाईको टेन्सनबाट मुक्त हुन्थे, लामाले भने, 'यद्यपि सामान्य समयमा स्कुलमा पढाइएको र पढ्न बाँकी पाठ अघिल्लो दिन नै पढेर तयारी अवस्थामा हुन्थें ।'


चुलबुले स्वभावका लामा जब किशोरावस्थामा प्रवेश गरे, तब खोजमुलक विषयवस्तुमा चासो राख्न थाले । उनले कम्प्युटरप्रति चासो बढेपछि प्राविधिक (आईटी) विषय रोजे । भविष्यमा कम्प्युटर इन्जिनियर बन्ने लक्ष्य रहेको लामाले बताए । सञ्चारकर्मी बुवा सन्तवीर लामाले कम्प्युटर चलाएको देखेर आफू यसतर्फ आकर्षित भएको उनको भनाइ छ ।

## मेहनतले सफलता


अनमोल चालिसे, बुटवल

बुटवल उपमहानगरपालिका वडा नम्बर १२ को एभेनेजर एन्ड न्यू भिजन माविका छात्र अनमोल चालिसे एसईईमा जीपीए ४ ल्याउन सफल भए । तामनगरमै घर भएका अनमोलकी आमा सोही विद्यालयकी शिक्षिका हुन् भने बुवा कलेजका लेक्चरर । विद्यालयका प्राचार्य केशव श्रीषमगर भन्छन्-'अनमोलको सफलताको मुख्य कारण उनको आफ्नै मेहनत तथा लगनशीलता हो, त्यसपछि मात्र विद्यालय र घरको भूमिका छ ।' उनी नियमित रूपमा राति ११ बजेसम्म अनि बिहान ५ बजेदेखि ८ बजेसम्म पढ्थे । साँझ होमवर्क गर्ने र बिहान ५ बजे उठेर पढ्ने आफ्नो नियमित रुटिन भएको अनमोलले बताए । होमवर्क सकेपछि राति म्याथको प्राक्टिस गर्ने अनमोलको बानी थियो । पढाइका लागि आवश्यक सामग्रीको कुनै कमी हुन नदिइएको र घरमा उपयुक्त शैक्षिक वातावरण भएकाले पनि अपेक्षा अनुरूपको नतिजा आएको अनमोलकी आमा अमृता चालिसेले बताइन् । जीपीए ४ ल्याउने अरूजस्तै अनमोलले पनि कक्षा ११ र १२ मा साइन्स विषय नै पढ्ने निधो गरेका छन् । 'प्लस टुमा साइन्स पढ्छु, त्यसपछि डाक्टर वा इन्जिनियरमध्ये कुनै एउटा लाइनमा जान्छु- चालिसेले भने ।'

## ट्युसन र कोचिङ पढ्नु परेन


मनीषा थापा, बुटवल

बुटवलको न्यू होराइजन बोर्डिङकी छात्रा मनीषा थापाले २०७४ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा जीपीए ४ ल्याइन् । उक्त विद्यालयबाट ३ सय २० जनाले परीक्षा दिएका थिए जसमध्ये अन्य ३ जनाले समेत जीपीए ४ ल्याउँदा उनका लागि उक्त नतिजा अप्रत्याशित थिएन । मनीषा कक्षा ७ देखि सेक्सन प्रथम हुँदै आएकी थिइन् । आमा गंगालक्ष्मी थापा स्नातक तह उत्तीर्ण गृहिणी हुन् भने बुवा भारतीय सेनाका जागिरे हुन् । लाखौं विद्यार्थीमा थोरै विद्यार्थीले मात्र ल्याउन सक्ने जीपीए ४ आउनुमा आफ्नी आमा तथा विद्यालयका शिक्षकहरूको बराबर भूमिका रहेको मनीषा बताउँछिन् । आफूले नजानेको सबै कुरा मम्मीले सिकाउने भएकाले आफूले एसईईको तयारीका लागि स्कुलमा ट्युसन र कोचिङ पढ्नु नपरेको मनीषाको तर्क छ । पढाइका बेला कक्षा कहिल्यै नछुटाउने, स्कुलबाट घर पुगेपछि नास्ता खाने र त्यसपछि होमवर्क गर्ने मनीषाको बानी थियो । कक्षा १० मा एक दिन पनि गैर-हाजिर नभएको उनले बताइन् । 'होमवर्कमा पर्याप्त समय दिन्थें, होमवर्क नसकी सुत्दिनथें,' थापाले भनिन्- पढ्ने काम बिहान गर्थें ।' मनीषाको दैनिकी बिहान ५ बजे उठेर ९ बजेसम्म पढ्ने अनि ९.३० मा स्कुल जाने थियो । कक्षा ११ मा विज्ञान पढ्ने निधो गरेकी मनीषा भविष्यमा के बन्ने भन्ने निर्णय तत्काल गर्न सक्ने अवस्थामा पुगिनसकेको बताउँछिन् ।

टोपराज शर्मा

## वकिल बन्न मन छ


झरना पौडेल, पोखरा

पोखरा मासवारस्थित मदरल्यान्ड स्कुलबाट एसईईमा ४ जीपीए ल्याउन सफल छात्रा हुन्– झरना पौडेल । पोखरा-८ सिमलचौरमा जन्मिएकी झरना हाल पोखरा-५ मा बस्छिन् । कक्षा ११ र १२ मा विज्ञान अध्ययन गर्ने उनको योजना छ । पछि कानुन पढेर कानुनी क्षेत्रमा करियर बनाउने लक्ष्य लिएकी झरना बिहान ६ बजेदेखि साँझ ७ बजेसम्म अध्ययनमा व्यस्त हुन्थिन् । कक्षा ९ मा पढ्दा उनी हात-खुट्टामा समस्या भएर दुई महिना बिरामी परिन् । त्यतिबेला पढाइ केही खस्किए पनि पछि उनी त्यसलाई म्यानेज गर्न सफल भइन् । डिजाइन, डिभोर्सन र डिटरमिनिसनले नै विद्यार्थीलाई सफलता दिलाउने झरनाको बुझाइ छ । जति पढिन्छ राम्रोसँग बुझेर मात्र पढ्नुपर्ने उनको सल्लाह छ । शिक्षकका कुरा सुन्दै, त्यसलाई नोटमा उतार्दै रिभिजन गर्दा पढेको कुरा बुझ्न सहज हुने झरनाले बताइन् । १६ वर्षीया झरना एसईईमा धेरै विद्यार्थीको ४ जीपीए आएकाले प्रतिस्पर्धा बढेको बताउँछिन् ।

## सामुदायिकबाट ४ जीपीए

मोरङ, बूढीगंगा गाउँपालिका-१, पुष्पलाल चौककी १५ वर्षीय समीक्षा नेपालले २०७४ को एसईईमा अपेक्षाभन्दा राम्रो नतिजा ल्याइन् । समीक्षाले विराटनगरको सामुदायिक स्कुल पोखरिया माध्यमिक विद्यालयबाट ४ जीपीए ल्याएकी हुन् । पहिलो कुरा यो मेहनतको परिणाम हो, एसईईको नतिजा आएपछि काठमाडौं घुम्न गएकी समिक्षाले साप्ताहिकसँगको फोन सम्पर्कमा भनिन्- सुरुदेखि नै ध्यान दिएर पढे एसईईको परीक्षा नजिकिएपछि घोटिएर परिश्रम गर्नै पर्दैन ।

घोटिएर पढ्नुभन्दा पनि शिक्षकले देखाएको बाटोमा हिँडियो भने सफलता पाइने रहेछ, एसईईको परिणामको अनुभव सुनाउँदै उनले भनिन्, 'घरमा अलिकति मात्र पढ्ने वातावरण बनाए पुग्ने रहेछ । शिक्षकको गाइड, साथीभाइको संगत, पारिवारिक वातावरण एवं आफ्नो मेहनत सफलताका कारण हुन् ।' घरमा धेरै समय पढ्नुभन्दा पनि शिक्षकले पढाएको र भनेको कुरामै ध्यान केन्द्रित गर्न सक्नुपर्छ । समीक्षाले भनिन्- 'यो मैले ट्युसन नपढी ल्याएको नतिजा हो । राम्रो नतिजा ल्याउन ट्युसन नै पढ्नुपर्छ भन्ने छैन । स्कुलमा पढेको कुरा बुझ्ने र घरमा मेहनत गर्ने हो भने सफलता हात पर्ने रहेछ । स्कुलमा सरले पढाएको ध्यानपूर्वक सुने अनि बुझे मात्र पनि राम्रो नतिजा आउँछ । स्कुलमा पढाएको नबुझे मात्र टियुसन लिनु उपयुक्त हुन्छ । कति समय पढ्नेभन्दा पनि पढेको बुझ्नु महत्वपूर्ण हुँदो रहेछ, –समीक्षाले भनिन् ।

अब साइन्स अध्ययन गरी भविष्यमा हाइड्रोपावर इन्जिनियर बन्ने उनले बताइन् । 'अब यसमै भविष्य छ,' समीक्षाले भनिन् । उनका बाबु अर्जुन नेपाल सुनसरीको बर्जु गाउँपालिकाका सचिव तथा आमा सविता गृहणी हुन् । नेपाल परिवारका ५ छोरीमध्ये समीक्षा कान्छी हुन् । उनका अरू चार दिदीले ब्याचलर पूरा गरिसकेका छन् ।

पृष्ठ ७ मा

## मेडिकल लाइनमा काम गर्छु


अञ्जली पुरी, पर्वत

पर्वत जिल्लाको कुस्मा बजारस्थित कालीगण्डकी बोर्डिङ स्कुलबाट एसईई परीक्षा दिएकी अञ्जली पुरी ४ जीपीए ल्याउँदै एसईई उत्तीर्ण भएकी छिन् । पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नम्बर-६ गिज्यानकी अञ्जली हाल परिवारसहित कुस्मा नगरपालिका वडा नम्बर-७ मा बस्छिन् । अब साइन्स पढेर भविष्यमा मेडिकल लाइनमा काम गर्ने आफ्नो योजना भएको अञ्जली बताउँछिन् । उनका बुवा देवेन्द्र पुरी शारीरिक रूपमा अंपाग छन् । कान सुन्न नसक्ने र बोल्न नसक्ने पुरी हल्का काम मात्र गर्न सक्छन् । उनकी आमा तुलसी पुरीले सांकेतिक विद्यालयमा सहयोगीका रूपमा कार्यरत छिन् । आर्थिक अवस्थाका कारण शुल्क तिरेर अध्ययन गर्न समस्या भएकी अञ्जलीलाई कक्षा ५ देखि नै एन्सर (answer) नेपाल नामक संस्थाले सघाउँदै छात्रवृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाइदिएको थियो । पारिवारिक पृष्ठभूमिका कारण उनले पढाइसँगै घरको काममा पनि सघाउनुपर्ने हुन्थ्यो । कक्षा ११ र १२ काठमाडौंमा गएर अध्ययन गर्ने योजना उनको छ । नतिजा राम्रो ल्याउन प्रशस्तै मेहनत गर्नुपर्ने अञ्जली बताउँछिन् । राम्रो अक्षर र राम्रो ले-आउटले नम्बर बढी ल्याउन मद्दत पुऱ्याउने अञ्जलीको बुझाइ छ । पढाइमा एकचित्त भएर नोट गर्दै अध्ययन गर्नुपर्ने उनको सुझाव छ । अञ्जलीसँगै कालीगण्डकी एकेडेमीबाटै एसईई दिएका अनिष बस्नेतले पनि ४ जीपीए ल्याएका छन् ।

# सिफारिस र भनसुनमा भइँदैन लाहुरे



ब्रिटिस आर्मी तथा सिंगापुर प्रहरी धेरै नेपाली तन्नेरीहरूको सपना हो । पैसा कमाउने रहर, सुरक्षित भविष्य, इज्जतिलो जीवन उनीहरूको मुख्य लक्ष्य हो । यही सपना बोकेका सयौं युवा अहिले ब्रिटिस आर्मी तथा सिंगापुर पुलिसका लागि तयारी गरिरहेका छन्, तर तयारी गर्ने सबै भर्ना हुन्छन् नै भन्ने छैन । कति बाध्यताले रोकिनुपर्छ त कति दक्षता, क्षमता र योग्यताको कमीले ? कुनै पनि व्यक्ति कुनै पनि कार्यमा सफल हुन उसमा दक्षता, क्षमता, योग्यता, लगनशीलता एवं निरन्तरता आवश्यक छ । आफ्नो आवश्यकताअनुसारको सीप र शिक्षा विभिन्न तालिम केन्द्रबाट प्राप्त गर्न सकिन्छ । आफूमा भएको क्षमता र योग्यतालाई निखार्न कुनै न कुनै माध्यम आवश्यक हुन्छ र ती माध्यम तालिम केन्द्रहरू हुन् । ब्रिटिस आर्मी र सिंगापुर पुलिसमा भर्ती हुन चाहने युवाहरूलाई यस्ता केन्द्रले फिजिकल, एजुकेसनल तथा मेन्टलजस्ता विभिन्न ज्ञान दक्ष व्यक्तिबाट उपलब्ध गराउँछन्, तर राम्रो तालिम केन्द्रको छनौट कसरी गर्ने दुविधा छ । यद्यपि गम्भीरतापूर्वक मूल्यांकन गर्ने हो भने राम्रो तालिम केन्द्र छुट्याउन कुनै समस्या हुँदैन ।

जुनसुकै देशको सेनामा भाग लिन शरीरको 'फिटनेस' पहिलो प्राथमिकता हो । ब्रिटिस आर्मी तथा सिंगापुर पुलिसमा भर्ती हुने निश्चित मापदण्ड छ अर्थात् उमेरको हकमा १८ वर्ष पूरा भै २१ वर्ष ननाघेको, तौल ५० किलोग्राम, उचाइ १ सय ५८ सेन्टिमिटर । व्यक्ति निरोगी र तन्दुरुस्त हुनैपर्छ । यस्तै आफ्नो नागरिकता, आमाबाबुको नागरिकता, हालसालै खिचिएको टोपी नलगाइएको, दुवै कान र अनुहार स्पष्ट देखिने पासपोर्ट साइजको फोटो तथा पासपोर्ट पनि आवश्यक हुन्छ ।

शैक्षिक योग्यताको हकमा केही वर्ष अघिसम्म कक्षा ८ उत्तीर्ण गरे पुग्थ्यो तर अहिले एसएलसी उत्तीर्ण हुनैपर्ने, राम्रो अंग्रेजी बोल्न र लेख्न सक्ने तथा सामान्य ज्ञानको जानकारी राख्न सक्ने हुनैपर्ने सर्त छ । एसईईको ग्रेडिङ सिस्टमअनुसार अनिवार्य ५ विषयमा कम्तीमा ३ वटामा सी र २ वटामा डी ल्याउनै पर्छ । ब्रिटिस आर्मीका लागि अनिवार्य अंग्रेजी र गणितमा सी ल्याउनुपर्छ भने सिंगापुर प्रहरीका लागि अनिवार्य अंग्रेजी विषयमा सी ल्याउनैपर्ने प्रावधान छ । यी मापदण्ड पूरा गरेका व्यक्तिले लाहुरे भर्तीका लागि फारम भर्न पाउँछन् ।

इन्टेक २०१८–१९ का लागि सिंगापुर प्रहरी र ब्रिटिस आर्मीका लागि जेठ १४ गतेदेखि सुरु भएको भर्ना प्रक्रिया असार २३ गतेसम्म रहनेछ । यो वर्ष सिंगापुर प्रहरीका लागि १ सय तथा ब्रिटिस आर्मीका लागि ३ सय २० जना गोर्खा सैनिकको माग भैआएको छ ।

प्रारम्भिक छनौटपछि क्षेत्रीय छनौट हुनेछ जसमा अनुत्तीर्ण हुने सम्भावना बढी हुन्छ । त्यसैले सहभागीहरूले अत्यन्तै ध्यान पुऱ्याउनुपर्छ । क्षेत्रीय छनौटमा प्रोसेसिङ, डकुमेन्टेसन, मेडिकल टेस्ट, एजुकेशन टेस्ट, फिजिकल टेस्ट तथा अन्तर्वार्ता हुन्छन् । क्षेत्रीय छनौटका लागि पूर्वमा धरान तथा पश्चिममा पोखरामा केन्द्र रहने छन् ।

क्षेत्रीय छनौटमा उत्तीर्ण भएपछि केन्द्रीय छनौटमा पर्नेहरूको नाम सार्वजनिक गरिन्छ । फाइनल छनौटमा परेकाहरूको नाम वेबसाइटमा समेत उपलब्ध हुन्छ जसले पोखरामा हुने केन्द्रिय छनौटमा सामेल हुन पाउँछन् । केन्द्रीय छनौटमा क्षेत्रीय छनौटको तुलनामा अझ मिहिन ढंगले सहभागीहरूको जाँच गरिन्छ । यहाँ विशेषत:अनुशासनमा ध्यान दिइन्छ । यस क्रममा शैक्षिक परीक्षा, फिजिकल टेस्ट, मेडिकल टेस्ट तथा अन्तर्वार्ता लिइन्छ ।

अहिले आदिवासी जनजातिसँगै अन्य जातिका युवाहरूमा पनि लाहुरे भर्तीप्रति आकर्षण बढेको पाइन्छ । भनसुन र पैसाको आडमा लाहुरे भर्ती हुन सकिँदैन । निर्धारित प्रक्रिया पूरा गर्नैपर्छ । लाहुरेमा भर्ती हुन चाहने युवाहरूले तालिम शुल्क तथा केही प्रक्रियागत शुल्कबाहेक अन्य रकम खर्च गर्नु पर्दैन । कसैले पैसाका बार्गेनिङ गरेर लाहुरेमा भर्ती गराइदिने सपना देखाएको छ भने समयमै होसियार हुनुपर्छ, किनभने तपाईं ठगिँदै हुनुहुन्छ ।

(सल्युट गोर्खा ट्रेनिङ सेन्टरका प्रबन्ध निर्देशक राहुल पाण्डेसँगको कुराकानीमा आधारित)

## एसईई...

पृष्ठ ६ बाट

आमा सविताले भनिन्- समीक्षा घरमा कसैले कर नगरी आफैं पढ्न बस्थिन् । विद्यालय समय बाहेक घरमा हरेक दिन बिहान दुई घण्टा तथा बेलुका दुई घण्टा गरी दैनिक चार घण्टा पढ्थिन् ।

समीक्षाले एसईईमा ४ जीपीए आउने कल्पना गरेकै थिइनन् । उनले भनिन्- ए प्लस चाहिँ पक्कै आउँछ भन्ने लागेको थियो, तर जीपीए ४ मा ४ नै आउँछ भन्ने सोचेको पनि थिइएन । विद्यालयका प्राचार्य खेमराज भट्टराईले समीक्षा सबै विषयमा अब्बल रहेको बताए । उनी कक्षामा आफना सहपाठीहरूलाई पनि सिकाउँथिन् । भट्टराई भन्छन्, 'समीक्षाकै कारण यो विद्यालयले आफनो इतिहासमै पहिलो पटक उत्कृष्ट नतिजा ल्यायो ।

### डाक्टर बन्छु

पोखरा माटेपानीस्थित शीतलादेवी सामुदायिक विद्यालयबाट एसईई परीक्षामा सामेल अर्चना सापकोटा एसईई परीक्षामा कास्की जिल्लाका सामुदायिक विद्यालयबाट ४ जीपीए ल्याउने विद्यार्थी हुन् । कक्षा ७ देखि शीतलादेवी सामुदायिक विद्यालयमा अध्ययन गर्न थालेकी अर्चना स्कुल पढ्दा कहिले प्रथम त कहिले द्वितीय हुन्थिन् । निरन्तरको प्रयासका कारण आफूले ४ जीपीए ल्याउन सकेको अर्चनाले बताइन् ।

अब उनको लक्ष्य साइन्स पढेर डाक्टर बन्ने छ । सानै कक्षादेखि राम्रोसँग अध्ययन गर्न सके सफल भइने उनको अनुभव छ । एसईई नदिँदासम्म उनले फेसबुक एकाउन्ट खोलेकी थिइनन् भने मोबाइल पनि चलाउँदिनथिन् । टिभीमा चलचित्र तथा समाचार हेर्दै आफूलाई रिफ्रेस गर्ने गरेको उनले बताइन् । १७ वर्षीया सापकोटा निरन्तरको मेहनतले सुखद नतिजा प्राप्त भए पनि चुनौती भने थपिएको बताउँछिन् ।




# भीएआर : कसैलाई फाइदा, कसैलाई घाटा



विश्वकप फुटबल प्रतियोगितामा पहिलो पटक भिडियो असिस्टेन्ट रेफ्री अर्थात् भीएआरको प्रयोग गरिएको छ। मैदानमा कार्यरत रेफ्रीले कुनै निर्णय गर्दा शंका लागे यसको सहयोग लिने गरेका छन्। हालसम्म दर्जनभन्दा बढी पटक यसको सहयोग लिइएको छ। यसका कारण धेरै नतिजालाई शंकारहित बनाउन सहयोग पुगेको छ। धेरैले यो प्रविधि उपयोगी भएको बताएका छन्। यद्यपि यसको विरोध गर्नेहरू पनि कम छैनन्।

खेल सञ्चालन भैरहेको रंगशालामा एउटा कन्ट्रोल रुम हुन्छ। यसमा केही रेफ्री एकसाथ बसेर स्क्रिनमा खेल हेरिरहेका हुन्छन्। उनीहरूले स्क्रिनमा राम्रोसँग हेरेर उपयुक्त निर्णय लिन सहयोग गर्छन्।

भीएआरले मैदानमा रहेका रेफ्रीलाई अप्ठ्यारो अवस्थामा सहयोग गर्छ। पेनाल्टी, गोल, रेड कार्ड आदिको सन्दर्भमा विवाद भए भीआरले वास्तविकता दर्साउँछ। यसमा एउटा मुख्य भीएआर रेफ्री हुन्छन् भने तीन जना असिस्टेन्ट भिडियो अपरेसन रुममा हुन्छन्। भीएआरले फाइबरमा आधारित रेडियो सिस्टमको सहयोगले मैदानमा भएका रेफ्रीसँग कुरा गर्छन् र कुनै विवाद भए त्यसको निरूपण गर्छन्।

भीएआरका लागि ३३ वटा ब्रोडकाष्ट क्यामेरा प्रयोग गरिएको हुन्छ। त्यसैगरी अफसाइडमा दुईवटा छुट्टै क्यामेरा हुन्छन्। भीएआरले ती सबै क्यामेराले देखाउने दृश्यको अध्ययन गरिरहेका हुन्छ र रेफ्रीलाई आवश्यक समयमा मद्दत गर्छ।

## पहिलो फाइदा फ्रान्सलाई

भीएआरको पहिलो फाइदा फ्रान्सले अस्ट्रेलियासँग खेल्दा उठाएको थियो। ग्रुप 'सी' अन्तर्गत खेलिएको खेलमा फ्रान्सका एन्टोइन ग्रिजम्यान बल लिएर बक्समा पुगेका थिए। अस्ट्रेलियाई डिफेन्डरले उनलाई त्यहीं लडाए, तर रेफ्री आन्द्रियास कुन्हाले स्पट किक दिएनन्। खेलाडीहरूले विरोध गरेपछि रेफ्रीले भीएआरको सहयोग लिए। यसमा डिफेन्डरको गल्ती देखियो। यसका कारण पाएको पेनाल्टीमा ग्रिजम्यानले फ्रान्सलाई १-० ले अघि बढाए। फ्रान्सले अन्त्यमा २-१ ले खेल जित्यो। ग्रिजम्यान भीएआरका आधारमा गोल गर्ने पहिलो खेलाडी हुन्।



## अर्को फाइदा स्पेनलाई

ग्रुप बीमा स्पेन र मोरक्कोबीच भएको खेलमा पनि भीएआरका कारण स्पेनको लाज जोगिएको थियो। स्पेनको टिम मोरोक्कोसँग १-२ ले पछि परेको थियो। इन्जुरी टाइमको आखिरी क्षणमा कार्वाजलले दायाँतिरबाट गोल गरेर स्कोरलाई २-२ बनाए, तर कार्वाजललाई अफसाइड दिइयो। स्पेनी खेलाडीहरूको विरोधका कारण रेफ्रीले भीएआरको सहयोग लिए। त्यसमा कार्वाजलले अफसाइड पाउनुपर्ने देखिएन। त्यसपछि स्पेन-मोरोक्कोबीचको खेल ड्र भएको घोषणा गरियो।

## पोर्चुगललाई ड्रको तरबार

ग्रुप 'बी'मा इरान र पोर्चुगलबीचको खेल ड्र भयो। यसमा दुवै टिमलाई भीएआर प्रयोग गर्ने मौका मिलेको थियो, तर यसका कारण पोर्चुगललाई घाटा लाग्यो। पोर्चुगल १-० ले अगाडि थियो। ५० मिनेटतिर पोर्चुगलका क्रिस्टियानो रोनाल्डोलाई इरानी डिफेन्डरले बाधा पुऱ्याए। रेफ्रीले भीएआरको सहयोग लिए। यसमा पोर्चुगललाई पेनाल्टीको अवसर प्राप्त भयो, तर रोनाल्डोले गोल गर्न सकेनन्। इन्जुरी टाइममा रेफ्रीले गरेको एउटा निर्णयमा इरानीहरूले भीएआरको सहयोग लिने माग गरे। यसबाट इरानलाई पेनाल्टी प्राप्त भयो अनि इरानी खेलाडी करिम अन्सारीफर्दले खेललाई १-१ गोलको बराबरीमा पुऱ्याए।

## रुसको विरोध

ग्रुप 'ए'मा रुस र इजिप्टबीच भएको खेलमा इजिप्टले पेनाल्टी पायो। रुसको टिम ३-० ले अगाडि थियो। ७३ औं मिनेटमा इजिप्टका स्ट्राइकरलाई रुसी डिफेन्डरले गलत तरिकाले रोके। त्यसपछि रेफ्रीले भीएआरको सहयोग लिए। यसबाट प्राप्त पेनाल्टीमा इजिप्टका स्ट्राइकर मोहम्मद सलाहले गोल गरे अनि स्कोर ३-१ बनाए, तर रुसले उक्त निर्णयको विरोध गरेको थियो।

## सर्भियाले पाएन

ग्रुप 'ई'मा स्वीजरल्यान्डसँग भएको खेलमा सर्भियाका अलेक्जेन्डर मित्रोभिचमाथि दुई खेलाडी लडे। सर्भियाली खेलाडीले भीएआरको सहयोगको माग गरे, तर रेफ्रीले उनीहरूको मागमा कुनै सुनुवाइ गरेनन्।

## भीएआर प्रविधिको प्रयोग ३ सय ३५ पटक

विश्वकपकै इतिहासमा पहिलो पटक रेफ्रीको सहयोगका लागि प्रयोगमा ल्याइएको भिडियो असिस्टेन्ट रेफ्री (भीएआर) को समूह चरणमा ३ सय ३५ पटक प्रयोग गरिएको छ। यसबाट गरिएको सही निर्णयको प्रतिशत ९९ दशमलव ३ प्रतिशत छ।

फिफाका अनुसार ग्रुप चरणमा भएका १ सय २२ गोलको यही प्रविधिको सहयोगले समीक्षा गरिएको छ। त्यसैगरी मैदानमा भएका अन्य घटनाहरूको समीक्षाका लागि पनि यसको प्रयोग भएको छ। फिफा रेफ्री कमिटीका अध्यक्ष पिएरलुगाई कोलिनाका अनुसार ग्रुप चरणमा खेलिएका ४८ खेलमध्ये प्रतिखेल औसत ७ घटनालाई हेरिएको थियो। उक्त प्रविधिका कारण १४ वटा निर्णय परिवर्तन भए। रेफ्री १४ पटक समीक्षाका लागि मोनिटरअगाडि पुगे। अफ साइडको सन्दर्भमा तीनवटा निर्णय सिधै भीएआर प्रविधिको सहयोगमा निर्णय लिइएको थियो। समीक्षा गरिएका सबै निर्णय हेर्दा रेफ्रीले गरेका ९५ प्रतिशत निर्णय सही थिए।

# टेलस्टार १८ होइन, टेलस्टार मेच्ता




यो विश्वकपमा पहिले टेलस्टार १८ बल खेलाइएकोमा गत शनिबारदेखि प्रारम्भ भएको नकआउट चरणको खेलदेखि टेलस्टार मेच्ता बल खेल्न थालिएको छ। यसलाई रूसको संस्कृतिअनुरूपको रङमा सजाइएको छ। जापानको सुकुबा स्पोर्ट्स साइन्स युनिभर्सिटीमा रोबोटसँग फुटबल खेलाएर यसको परीक्षण गरिएको थियो।

भर्जिनियाको लिन्चवर्ग युनिभर्सिटीका प्रोफेसर एरिक ग्राफले यो फुटबललाई हरेक दृष्टिकोणबाट परीक्षण गरेका थिए। रूसी भाषामा मेच्ताको अर्थ सपना र आकांक्षा हुन्छ। फुटबलमा पहिले जस्तै चिप छ, जसमा खेलको समयमा भएका सबै डाटा सुरक्षित हुन्छ। यसका साथै सेन्सरको सहयोगले रेफ्रीको हातमा बाँधिएको घडीमा पनि डाटा सुरक्षित हुन्छ।

एडिडासका उपाध्यक्ष डिन लक्सले प्राविधिक रूपमा एकदमै महत्वपूर्ण मानिएको टेलस्टार-१८ लाई अझ उन्नत डिजाइनका साथ अपग्रेड गरी टेलस्टार-मिस्ता निर्माण गरिएको बताएका छन्।

# विश्वकपका दर्शक



फिफा विश्वकप प्रतियोगिता टेलिभिजनमा सर्वाधिक दर्शकले हेर्ने प्रतियोगिता मानिन्छ। चार वर्षअघि ब्राजिलमा सम्पन्न विश्वकप फुटबल प्रतियोगिता ३ अर्ब ५० करोड दर्शकले टीभीमा हेरेका थिए। यसपटकको कतिले विश्वकप हेर्छन् भन्ने एकिन तथ्यांक खेल सम्पन्न भएपछि मात्र आउनेछ। दोस्रो नम्बरमा विश्वप्रसिद्ध साइक्लिङ प्रतियोगिता 'टुर डे फ्रान्स' आउँछ। उक्त खेल टीभीमा २ अर्ब ६० करोड व्यक्तिले हेर्छन्। तेस्रो नम्बरमा ओलम्पिक खेल छ। ओलम्पिक खेल टीभीमा करिब २ अर्ब व्यक्तिले हेर्छन्। चौथो, पाँचौं, छैटौं र सातौं नम्बरमा युएफा च्याम्पियन्स लिग, फिफा कन्फेडेरेसन कप, एसियाली खेल तथा रग्बी विश्वकप पर्छन्। यी खेलका टिभी दर्शक क्रमशः १ अर्ब ७० करोड, १ अर्ब, ९८ करोड ६० लाख तथा ७८ करोड ९० लाख छन्।

# पहिलो पटक अन्तरिक्षमा एआई रोबोट



इन्टरनेसनल स्पेस स्टेशन (आईएसएस) मा पहिलो पटक आर्टिफिसियल इन्टेलिजेन्स रोबोट (एआई रोबोट) पठाइएको छ। उक्त रोबोटले अन्तरिक्ष यात्रीलाई चिन्ने र आईएसएसलाई नेभिगेट गर्ने गरी प्रोग्रामिङ गरिएको छ। उक्त रोबोट क्रु इन्ट्याक्टिभ मोबाइल कम्प्यानियन अर्थात् सिमोनका रूपमा चिनिने छ। यो एआईमा आधारित पहिलो मिसन र फ्लाइट असिस्टेन्ट सिस्टम हो। यसले दैनिक समस्या समाधान गर्नुका साथै कुनै प्राविधिक समस्या आए चेतावनीसमेत दिनेछ। सिमोनमा फ्रन्ट फेसिङ क्यामेरा छ। यसले आईबीएमको वाटसन एआई सिस्टममा आधारित रहेर काम गर्नेछ। यसलाई अन्तरिक्ष यात्री अलेक्जेन्डर जर्स्टको भ्वाइस स्याम्पल तथा तस्विरका आधारमा प्रशिक्षित गरिएको छ।

केवल एक प्रश्न

# आफ्नो रोजाइको टिम पराजित हुँदा के गर्नुभयो ?



म मेसीको व्यक्तित्वको प्रशंसक हुँ । खेलमा हारजित सामान्य हो, तर आफूलाई मन परेको टिमले जित्दा रमाइदो रहेछ तर हार्दा भने खेलाडीसँगै निराश भएको थिएँ ।

**वसन्त थापा, गायक तथा संगीतकार**

म अर्जेन्टिनाको समर्थक हुँ । अर्जेन्टिना फ्रान्ससँग पराजित हुँदा केही नबोली बसेँ । केही घण्टा दुःख लाग्यो, जसले गर्दा अरू खेल पनि हेर्न मन लागेन ।

**बाबु बोगटी, गायक तथा अभिनेता**

केही गरिनँ । जित्ने टिमलाई शुभकामना दिएँ अनि टेलिभिजन बन्द गरेर सुतेँ ।

**प्रमोद खरेल, गायक**

साह्रै नरमाइलो लाग्यो, तर के गर्नु खेलमा हारजित हुन्छ नै भनेर चित्त बुझाएको छु ।

**स्वरूपराज आचार्य, गायक**

फेसबुकमा रमाइला स्टाटस हालेर बसेँ । तैपनि अन्तिम चार मिनेटमा खेलेको खेल पहिल्यै खेल्नुपर्थ्यो भन्ने मनमा लागिरह्यो ।

**नानी थापा, रंगकर्मी**

आफूले समर्थन गरेको टिम पछाडि पर्दादेखि नै आफैं खेल मैदानमा गएर गोल हान्नुजस्तो भएको थियो ।

**हरिहर अधिकारी, युवा ज्योतिष**

राम्रो हुँदाहुँदै पनि जर्मनी पराजित भयो । आफूलाई मन परेको टिमले हारे पनि मलाई खासै केही भएन । यसपाली पुरानो टिमले भन्दा नयाँ टिमले विश्वकप उचालेको हेर्न मन छ ।

**अमर न्यौपाने, साहित्यकार**

एकछिन दुःखी भएँ । खेलमा हारजित सामान्य हो भनेर आफूलाई कन्भिन्स गरेँ ।

**कुमार कट्टेल, हास्यकलाकार**

म अर्जेन्टिनाको समर्थक हुँ, तर अर्जेन्टिना र फ्रान्सबीचको खेल हुने बेलामा म रेकर्डिङमा थिएँ, जसले गर्दा उक्त गेम हेर्न पाइनँ । पछि अर्जेन्टिनाले हार्‍यो भन्ने सुन्दा नरमाइलो लाग्यो, तर खासै प्रतिक्रिया जनाइनँ ।

**राधिका हमाल, गायिका**

कुनै पनि खेलमा हारजित स्वाभाविक हो । हारले नै जितको पाठ सिकाउँछ र अब आउने दिनमा अझ बलियो बनाउँछ । अर्जेन्टिना फ्रान्ससँग पराजित हुँदा मैले कुनै प्रतिक्रिया जनाइनँ । अर्को विश्वकपमा अर्जेन्टिनाले राम्रो प्रदर्शन गर्नेछ भन्ने आशा राखेको छु ।

**भुवन केसी, अभिनेता**

म स्पेनको समर्थक हुँ । यसपालि स्पेनको खेल जस्तो हुनुपर्थ्यो त्यस्तो थिएन, तैपनि आफूले समर्थन गरेको टिम पराजित हुँदा निकै चित्त दुख्यो । धेरै बेरसम्म दुःखी भएँ, तर क्रोएसिया र डेनमार्कको खेल हेर्न थालेपछि आफैं फ्रेस भएँ ।

**प्रियंका कार्की, अभिनेत्री**

म अर्जेन्टिना समर्थक हुँ । अर्जेन्टिनाले पछिल्ला दुई खेल राम्रो खेलेको थियो, तैपनि फ्रान्ससँग पराजित भयो । आफूले समर्थन गरेको टिम पराजित हुँदा केही समय दुःखी भएँ अनि फेसबुकमा एउटा स्टाटस लेखेँ ।

**योगेश भट्टराई, नेता, नेकपा**

अजेन्टिना फ्रान्ससँग पराजित हुँदा साह्रै नरमाइलो लागेको थियो, तर पछि पोर्चुगल पनि पराजित भएपछि भने सान्त्वना मिल्यो ।

**हेमन्त शर्मा, गायक**

म जर्मनीको समर्थक हुँ । यसपटक जर्मनी समूह चरणबाटै बाहिरिँदा निकै दुःख लाग्यो । त्यही भएर फेसबुकमा स्टाटस पनि लेखेँ ।

**जुनु रिजाल, गायिका**



म सानैदेखि अर्जेटिनाको समर्थक हुँ, तर यसपालि अर्जेन्टिनाले राम्रो खेल प्रस्तुत गर्न सकेन, जसले गर्दा पराजित भयो । आफूले सानैदेखि समर्थन गर्दै आएको टिम पराजित हुँदा निकै दुःख लाग्यो । यद्यपि मैले आफूलाई सम्हालेँ । अर्को पटकको विश्वकप अर्जेन्टिनाले जित्छ भन्ने आशा गरेको छु ।

**ऋषि लामिछाने, निर्देशक**

म रोनाल्डोको फ्यान हुँ । म त्यतिबेला मोबाइलमा फुटबल हेरिरहेको थिएँ । पोर्चुगलको हारपछि मैले त्यो मोबाइल नै फ्याँकिदिएँ ।

**प्रकाश सपुत, गायक**

अर्जेन्टिना हार्दा मलाई मेसीको एकदमै माया लागेर आयो ।

**प्रदीप पौडेल, नेता, नेपाली कांग्रेस**

प्रस्तुति : महेश तिमल्सिना

टर्निङ प्वाइन्ट

# तीज गीतले चिनायो



### रेडियो नेपालको स्वर परीक्षामा उत्तीर्ण

म पत्रकारिताकी विद्यार्थी हुँ । पत्रकारिता अध्ययनका क्रममा प्राक्टिकलका लागि रेडियो नेपाल गएकी थिएँ । त्यतिबेला रेडियो नेपालमा स्वर परीक्षाका लागि आवेदन खुलेको रहेछ । मलाई पनि गीत-संगीतमा रुचि भएकाले आवेदन दिएँ । म आधुनिक गायनतर्फको स्वर परीक्षामा उत्तीर्ण भएँ । मैले स्वर परीक्षा दिएको थाहा पाउने सबैले मेरो प्रशंसा गर्न थाल्नुभयो । त्यही प्रशंसाले मलाई गीत-संगीतमा लाग्न प्रेरित गर्‍यो ।

### जब पहिलो गीत गाएँ

आधुनिक गायनतर्फको स्वर परीक्षामा उत्तीर्ण भएपछि चन्दन श्रेष्ठसँग आधुनिक संगीत सिक्न थालेँ । त्यतिबेला म रत्नराज्यलक्ष्मी क्याम्पसमा पत्रकारिता अध्ययन गर्दै थिएँ । बिहान क्याम्पस जान्थेँ दिउँसो संगीत सिक्थेँ । यही क्रममा मैले विष्णुबाबु देवकोटाको शब्द तथा सुशील विश्वकर्माको संगीतमा 'जति अघि बढे पनि क्षितिज पर सर्छ' गीत गाएँ । त्यो नै मेरो पहिलो गीत थियो । उक्त गीतले राम्रो प्रतिक्रिया त पायो तर त्यसको खासै चर्चा भने भएन ।

### तीज गीतले चिनायो

म अछाममा जन्मिएर बर्दियामा हुर्किएकी हुँ । त्यतातिर लोकभाका असाध्यै रुचाइन्छ । मेरी आमालाई पनि लोकभाका निकै मनपर्छ । त्यसैले उहाँले मलाई एउटा तीज गीत गाउन सुझाव दिनुभयो । २०७२ सालको तीजमा पशुपति शर्मा र मेरो स्वरको 'नाचिदेऊ झिल्के भाँचिदेऊ कम्मर' गीत बजारमा आयो । त्यो गीत हिट पनि भयो । त्यही गीतले मलाई दर्शक-श्रोतामाझ चिनाउन थाल्यो । त्यही गीतबाट मैले देश-विदेशका स्टेज कार्यक्रमहरू पनि पाउन थालेँ । दर्शक-श्रोताहरूको हौसलाले गर्दा मैले त्यसलगत्तै रामजी खाँडसँग 'आहा मेरो मायालाई कति साह्रो सुहायो चट्ट टोपी ढाकाले' गीत निकालेँ । जुन गीत हिजोआज पनि त्यत्तिकै बजिरहेको छ ।

### २०७३ मा वैदेशिक सांगीतिक यात्रा

२०७३ को तीजमा पशुपति शर्मा र मेरो स्वरको झ्याप्पै बरीलै गीत सार्वजनिक भयो । त्यसपछि मेरो चर्चा चुलिँदै जान थाल्यो । यही सिलसिलामा बाँके बर्दियाली समाज, माल्दिभ्सले मलाई पहिलो पटक वैदेशिक भ्रमण गर्ने मौका प्रदान गर्‍यो । यसरी सबैतिरबाट राम्रो प्रतिक्रिया पाउँदै गएपछि मलाई गीत-संगीतमा अझै अघि बढ्ने हौसला मिल्यो । यही क्रममा गत वर्ष शान्तिप्रियको शब्द तथा दीपक शर्माको संगीतको 'मेरो जवानी' गीत सार्वजनिक गरेँ । त्यसका साथै डीबी खड्काको शब्द तथा विनोद बाजुरालीको संगीतमा प्रमोद खरेल र मेरो स्वरको 'देउडा खेल्छ चट्टै' देउडा गीत बजारमा आयो । भर्खरै मात्र रामजी खाँड र मेरो स्वर रहेको 'बिना पर्मिसन दिलमा इन्ट्री मार्‍यो मायाले' गीत रिलिज भएको छ । यो गीतले पनि राम्रो प्रतिक्रिया पाइरहेको छ, जसले गर्दा मैले पछाडि फर्केर हेर्नुपरेको छैन ।

● अनिता चलाउने, गायिका

रोजगारीमूलक प्राविधिक तालिमहरूमा
छात्रवृत्ति सहित भर्ना खुल्यो

१. मेडिकल ल्याब असिस्टेन्ट (Medical Lab Assistant) -१८ महिना
२. भेटेरीनरी जे.टि.ए. (Veterinary J.T.A.) -१८ महिना
३. कृषि/बाली विज्ञान जे.टि.ए. (Agricultural/Plant J.T.A) -१८ महिना

SLC/SEE मा जुनसुकै श्रेणी/ग्रेडमा उत्तिर्ण हुनेले समेत अध्ययन गर्न पाईने ।
नि:शुल्क प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन हुँदैछ ।
● फाराम भर्ने अन्तिम मिति: २०७५।०४।११ गते
● छात्रवृत्ति प्रवेश परीक्षा मिति: २०७५।०४।१९ गते
● पूर्ण शुल्कीय कोटा प्रवेश परीक्षा मिति: २०७५।०४।२१ गते

विशेषता :
● छात्रावास र यातायातको व्यवस्था ● नि:शुल्क पुस्तकालय

नोट : EVENT परियोजनाले यस शैक्षिकशत्रमा दिने छात्रवृत्तिको फारम समेत नि:शुल्क भराईन्छ ।

सम्पर्क कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि.
(कान्तिपुर टेक्निकल कलेज), बालाजु १६, गंगाहल अगाडि, काठमाडौं
फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म ।
(शनिवार र सार्वजनिक विदाको दिन पनि कलेज खुल्ला हुनेछ) ।

संगीत

# ईखले चम्किएका दुर्गेश



• दुर्गेश थापा, गायक/मोडल

महेश तिमल्सिना

एक दशकदेखि गायन तथा मोडलिङमा निरन्तर सक्रिय छन्– दुर्गेश थापा । यही सक्रियताका कारण उनी छुट्टै पहिचान बनाउन सफल छन् । बाग्लुङमा जन्मिएका दुर्गेश बाल्यकालदेखि नै सांगीतिक क्षेत्रमा होमिएका भने होइनन् । यो उनको रुचिको विषय पनि थिएन । १२ वर्षअघिको कुरा हो, दुर्गेशका बुबा भारतीय आर्मीमा जागिरे थिए । गाउँघरमा बाबु लाहुरे भयो भने छोरो पनि लाहुरे नै हुनुपर्छ भन्ने मान्यता स्थापित थियो । त्यसो त दुर्गेश पनि १८ वर्षकै उमेरमा भारतीय सेनामा भर्ती भए, तर दुर्गेशको हकमा भने भारतीय सेनामा भर्ती हुनु रहरभन्दा पनि बाध्यता थियो । उनी परिवार तथा सामाजिक दवाबमा भारतीय सेनामा भर्ति हुन पुगेका थिए ।

भारतीय सेनामा माथिल्लो पदका हाकिमहरूले तल्लो पदका जवानहरूलाई हेप्ने कुराले उनको मन दुख्यो । उनी फौजी नीति-नियमभित्र बस्न सकेनन् । त्यसपछि फौजी जीवनलाई बाईबाई गर्दै भागेर नेपाल फर्किए । उनको यो कदमबाट छोरो इन्डियन लाहुरे भएको भन्दै गर्वले छाती चौडा पार्ने दुर्गेशका बुबाआमा खुसी भएनन्, घरपरिवारमा निराशा छायो । घरको अवस्था यतिसम्म बिग्रियो कि परिवारका सदस्यहरूले नै दुर्गेशको वास्ता गर्न छाडे, बुबाआमासँग बोलचाल नै बन्द भयो । त्यसपछि दुर्गेश गाउँतिरै भौंतारिएर हिड्न थाले ।

संयोग पनि कस्तो भने विरक्तिएर झन्डै एक्लो जीवन बिताइरहेका गायक दुर्गेशका लागि गायक तथा संगीतकार वसन्त थापा नयाँ सम्भावना बनेर गाउँमा झुल्किए । वसन्त उनका ठूलोबुबाका छोरा हुन् । 'म गाउँमा भौंतारिएर हिँडिरहेको थिएँ', दुर्गेश काठमाडौं आउनुको कारण खोल्छन्, 'वसन्त दाइले काठमाडौं हिँड, जागिर लगाइदिन्छु भन्नुभयो अनि म उहाँकै साथ लागेर काठमाडौं आएँ ।' काठमाडौं आएर वसन्तले दुर्गेशलाई कृष्ण फिल्म्समा डान्स क्लास भर्ना गरिदिए । त्यहाँ करिब पाँच महिनाजति डान्स प्रशिक्षण लिएपछि दुर्गेशलाई कोरस डान्स गर्ने प्रस्ताव आयो । त्यसपछि उनी शंकर बिसी आदि मोडलहरूको पछाडि नाच्न थाले । सुरुवातीका दिनमा दुर्गेशले ६० भन्दा बढी गीतमा कोरस नाचे । उनी एउटा कोरस डान्स गरेबापत २ सय ५० रुपैयाँ पारिश्रमिक पाउँथे । 'जस्तोसुकै पेसामा पनि सुरुवाती दिन निकै कठिन हुन्छन्,' दुर्गेश सम्झन्छन्, आर्थिक अभावले सुरु-सुरुमा दालमोठ-चिउरा मात्र खाएर कोरस नाचेको छु ।'

कोरस नाचेर मात्र खर्च धान्न मुस्किल भएपछि उनी विकल्प खोज्न थाले । यसैक्रममा टेकुस्थित बेस्ट म्यान डान्स बारमा डिजेका रूपमा काम गर्न थाले । उनलाई त्यो बेला केटीलाई घुमाएर नाच्न आउँदैनथ्यो । उनले बारमै राम्रो डान्स गर्न पनि सिके । डान्सबारबाट उनी महिनाको ४ हजार जति कमाउँथे, तर राती अबेला डान्स बारबाट कोठामा फर्कदा घरबेटीले ढोका नखोलेर कहिलेकाहीं उनको रात सडकमै बित्थ्यो । आफूले कैयौं रात कान्तिपुर मल अगाडी सडक बालकहरूसँग रात बिताएको दुर्गेश सम्झन्छन् । यसरी संघर्ष गर्दै गएपछि दुर्गेश गीतसंगीतको रस बस्न थाल्यो । यही क्रममा दुर्गेशले रामचन्द्र काफ्लेको 'माया लाएर के भो कसम खाएर के भो' गीतमा ४० हजार लगानी गरे । उक्त भिडियोमा दुर्गेश आफैंले अभिनय गरे तर उक्त भिडियोको खासै चर्चा भएन । यसै सिलसिलामा दुर्गेशले 'न घाम लाउने...' गीत लेखे, विमलराज क्षेत्रीले उक्त गीत गाए । उनले त्यो गीतमा मुख्य भूमिकामा अभिनय गर्ने सोच बनाएका थिए तर पाएनन् । आफ्नै गीत भए पनि दुर्गेश चर्चामा आएको छैन भनेर उनलाई उक्त गीतमा अभिनय गर्न रोक लगाइयो । दुर्गेशले यस्तो धेरै अपमान सहेका छन् । सुरु-सुरुमा कोरस नाच्दा उनलाई कतिपयले तँ मोडल बन्न लायक छस् र भनेर गिज्याउँथे, कहिलेकाहीं कोरस नाच्दानाच्दै निर्देशकले निकालिदिएको क्षण अहिले दुर्गेशका आँखा अघि तेर्सिन्छन् । अरूले जति अपमान गरे पनि उनले त्यसलाई मनमा लिइरहे, दुर्गेशलाई विष नभएको सर्प र इख नभएको छोरा काम छैन भन्ने उखान राम्रोसँग थाहा थियो । त्यसैले दुर्गेश एक दिन सांगीतिक क्षेत्रको बादशाह बनेर निस्कन्छु भन्ने इख लिएर निरन्तर हिडिरहे आफ्नै बाटोमा । यही क्रममा ०६६ मा दुर्गेशले 'अँधेरीमा जुन लागेकै हो...' गीत गाएर गायन कला पनि देखाए साथै वसन्त थापाको 'जुनले मात्र देख्छ' गीतमा डान्स गर्ने मौका पाए । गायकका रूपमा चर्चामा नआए पनि दुर्गेशको मोडलिङको चर्चा हुन थाल्यो । तीन वर्षअघि 'मुट्ठा हाल्दिन्छु' गीत बजारमा आएपछि दुर्गेशको गायन कलाको धेरैले प्रशंसा गरे । त्यसयता उनले निरन्तर प्रशंसा पाइरहेका छन् । दुर्गेशले अहिलेसम्म १२ वटा भन्दा बढी गीतमा स्वर दिइसकेका छन् भने २५ सयभन्दा बढी भिडियोमा अभिनय गरेका छन् ।

गायन तथा मोडलिङमा सक्रिय दुर्गेश युट्युबमा पनि त्यत्तिकै सक्रिय छन् । गायन र मोडलिङमा संघर्ष गरिरहेका थापामा राम्रो युट्युबर बन्ने सोच थियो । लागिपरे के प्राप्त गर्न सकिँदैन ? उनी पनि निरन्तरको प्रयासपछि सफल युट्युबर भए । हाल उनको युट्युब च्यानल १ लाख ३३ हजारभन्दा बढीले सब्सक्राइब गरेका छन् । अहिले आफूले युट्युबबाट मात्र मासिक १ लाखभन्दा बढी आम्दानी गर्ने दुर्गेश बताउँछन् ।

म्युजिक अपडेट

## कुमार सानु आउँदै

भारतीय गायक कुमार सानु काठमाडौं बाहिर रुपन्देहीको मणिग्राममा प्रस्तुत हुने भएका छन् । ई फोर इन्टरटेन्मेन्ट, काठमाडौंको आयोजनामा भदौ १ गते रुपन्देहीको मणिग्रामस्थित ड्रिमल्यान्ड गोल्ड रिसोर्टमा सञ्चालन हुने कन्सर्टमा कुमारले गीत सुनाउने आयोजक संस्थाका सीईओ दीपक घिमिरेले साप्ताहिकलाई बताए । लुम्बिनीको पर्यटन प्रवर्द्धनमा समेत सघाउ पुऱ्याउने उद्देश्यले आयोजना गर्न लागिएको उक्त कन्सर्टमा गायिका देविका बन्दनाको समेत प्रस्तुति रहनेछ ।

## अमेरिकामा कन्दरा

लोकप्रिय सांगीतिक ब्यान्ड 'कन्दरा' ले अमेरिकाको डिसीमा प्रस्तुति दिएको छ, जसमा प्रशंसक तथा दर्शकहरू गायक विवेक श्रेष्ठको गीतमा झुमेका थिए । अमेरिकाको डिसी महानगर क्षेत्रमा कन्दराको यो पहिलो प्रस्तुति हो । अमेरिकाको टेक्सस तथा क्यालिफोर्निया राज्यमा समेत कन्दराले सांगीतिक प्रस्तुति दिनेछ ।

## समाचारवाचकको गीत

रेडियो नेपालका अंग्रेजी समाचारवाचक तथा गायक महेन्द्र रायमाझी आफ्नो नयाँ गीत 'हेर यी आँखामा' लिएर दर्शक तथा श्रोतामाझ आएका छन् । उक्त गीतको म्युजिक भिडियो हालसालै सार्वजनिक भएको हो । युवा गीतकार डीपी खनालको शब्द रचनाको सो गीतलाई युवा संगीतकार शंकर थापा स्माइलले संगीतबद्ध गरेका हुन् । युवराज वाइबाद्वारा निर्देशित उक्त गीतको म्युजिक भिडियोमा अभिनेत्री रीमा विश्वकर्मा तथा नयाँ कलाकार मिलन खड्काले अभिनय गरेका छन् ।

## टोकियोमा नेपथ्य

जापानको महत्वपूर्ण कन्सर्ट आयोजनास्थल 'टोकियो डोम सिटी हल'मा जुलाईको ७ तारिख शनिबारका दिन नेपथ्यका सर्वकालिक गीतहरू गुञ्जने भएका छन् । यो कन्सर्ट 'गोरेटो प्रोडक्सन'ले आयोजना गर्न लागेको हो । नेपथ्यको जापान भ्रमण दलमा गायक अमृत गुरुङसहित १० जना सदस्य रहने बताइएको छ ।



**रञ्जितसँग स्वरुपा :** नेपाली चलचित्रका लोकप्रिय संगीतकार रञ्जित गजमेर प्रतिभाशाली गायिका स्वरुपा आशाको स्वरमार्फत दर्शक तथा स्रोतामाझ आएका छन् । गजमेरद्वारा संगीतबद्ध गायिका स्वरुपा आशाको स्वरमा रेकर्ड भएको 'नहुने केही छैन...' गीतको म्युजिक भिडियो हालसालै सार्वजनिक भएको छ । कुसुम गजमेरको शब्दमा तयार भएको उक्त गीतको म्युजिक भिडियोलाई प्रशन्न पौडेलले निर्देशन गरेका हुन् । म्युजिक भिडियोमा गायिका स्वरुपा आशा आफैं प्रस्तुत भएकी छिन् ।

## लोकगायन प्रतियोगिता

असार १४ र १५ गते राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको आयोजनामा राष्ट्रिय लोकगायन प्रतियोगिता सम्पन्न भएको छ । प्रतिस्पर्धीमा रामकुमार नेपाली प्रथम, रेशम निर्दोष द्वितीय तथा सुनिता बूढा क्षेत्री तेस्रो घोषित भए ।

## गन्धर्व सांगीतिक मेला

पोखरामा आयोजित गन्धर्व सांगीतिक मेलामा धनबहादुर गायक, गोविन्द गायक, रामजी गायक, लालबहादुर गायक, चित्रबहादुर गायक, काले गन्धर्व, सम्मरबहादुर गायक, एरिक बोड्काम, नारायणी गन्धर्व, ठकुरी गन्धर्व, झलकबहादुर गायक, कृष्ण गन्धर्व, पदम गायक आदिले प्रस्तुति दिएका थिए । उक्त अवसरमा गन्धर्व संस्कृतिका बारेमा संवाद कार्यक्रम समेत सञ्चालन गरिएको थियो । संरक्षणको अभावमा लोप हुने अवस्थामा पुगेको गन्धर्व संगीततर्फको आकर्षण बढाउन आयोजना गरिएको उक्त कार्यक्रममा संस्कृतिकर्मी तीर्थ श्रेष्ठले गन्धर्व गायन संस्कृतिका सम्बन्धमा जानकारी गराएका थिए ।

## खोई मेरो देश

सांगीतिक समूह द ब्याल्क हकले आफ्नो नयाँ एल्बम 'खोई मेरो देश' सार्वजनिक गरेको छ । एल्बममा खोई मेरो देश, एक कप कफी, अन्तिम प्रश्न तथा जाऊ जुन बाटो शीर्षकका गीतहरू समावेश छन् । ब्यान्डमा सावनदेव श्रेष्ठ, उमेश श्रेष्ठ, गौतम तण्डुकार तथा अनिल शाक्य आबद्ध छन् ।


## मजस्तै तिमी

गीतकार दुबसु क्षेत्रीका शब्द तथा गायिका सितु खरेलको स्वर रहेको गीति एल्बम मजस्तै तिमी बेलायतमा लोकार्पण गरिएको छ । समारोहमा गायिका खरेलले विमोचित एल्बमका गीतहरू प्रस्तुत गरेकी थिइन् ।


KMG
EXPERIENCE THE BIGGEST SPORTING FESTIVAL WITH KANTIPUR HD
FIFA WORLD CUP RUSSIA 2018
KANTIPUR
AUTHORIZED BROADCASTING PARTNER FOR NEPAL
CATCH THE 2018 FIFA WORLD CUP LIVE IN HIGH DEFINITION EXCLUSIVELY ON KANTIPUR HD
GET READY FOR THE NEXT LEVEL OF EXCITEMENT
QUARTER-FINALS
MATCHES BEGINS 6th JULY
7:45 PM ONWARDS
LIVE SCREENING VENUES:
Canteen
EVOKE CAFÉ & BISTRO
EMBASSY
EMPIRE
FOYER
GG Machaan
LEVELS
MANNY'S Eatery & Bar
octave
PRIVÉ
Trisara

बलिउड





# हौसिइन् जाहन्वी


आफुले अभिनय गरेको पहिलो चलचित्र प्रदर्शन नहुँदै हिट भयो भने कुन कलाकारको मन खुसी नहोला ? त्यस्तै भएको छ बलिउड अभिनेत्री जाहन्वी कपुरलाई । चर्चित अभिनेत्री श्रीदेवीकी छोरी जाहन्वीको डेब्यु चलचित्र धडकको ट्रेलर रिलिज भएसँगै जाहन्वीको चर्चा चुलिएको छ । २० जुलाईमा प्रदर्शन हुने उक्त चलचित्रको ट्रेलर हेरेपछि धेरैले उनको अभिनयको प्रशंसा गरेका छन् । युट्युबमा उक्त ट्रेलर हेर्नेहरूको संख्या ३७ करोडभन्दा माथि पुगिसकेको छ भने ट्रेलर हेर्ने जो-कोहीले जाहन्वीको अभिनयमा जादु भएको प्रतिक्रिया दिएका छन् । धडक २०१४ मा प्रदर्शनमा आएको ब्लकबस्टर मराठी चलचित्र सौराटको हिन्दी रिमेक हो । चलचित्र धडक गरिब दलित युवक तथा धनी एवं उच्च वर्गकी युवतीबीचको प्रेममा आधारित छ ।

# विवाह गर्दै प्रियंका

बलिउड अभिनेत्री प्रियंका चोपडा तथा हलिउड गायक निक जोनस थप नजिकिएका छन् । प्रेम अस्वीकार गर्दै आए पनि यो जोडी अहिले गहिरो सम्बन्धमा रहेको सार्वजनिक भैसकेको छ । ताजा खबरअनुसार प्रियंका र निक चाँडै इन्गेजमेन्ट गर्ने तयारीमा छन् । प्रियंकाले केही दिनअघि मात्र प्रेमी निकलाई भारतमा रहेका परिवारसँग भेटघाट गराएकी छिन् । त्यति मात्र होइन, उनीहरू भारतका अर्बपती मुकेश अम्बानीका छोरा आकाश अम्बानीको प्रि-इन्गेजमेन्ट पार्टीमा सँगै सहभागी भए, जहाँ प्रियंका र निकले शाहरूख खानको जोडी, अनुश्का शर्मा आदि कलाकारलाई समेत छायाँमा पारे । पार्टीको भोलिपल्टै प्रियंका र निक अमेरिका फर्किइसकेका छन् । अमेरिकाका विभिन्न ठाउँमा डेटिङमा रमाएको तस्बिर बाहिरिएसँगै यो जोडीको प्रेम रहस्य बाहिरिएको थियो । बलिउड हंगामा अनलाइनले आगामी जुलाई-अगस्टमा उनीहरूले विवाह गर्ने दाबी गरेको छ ।

# पुन: सँगसँगै अक्षय-जोन

अक्षय कुमार तथा जोन अब्राहम २००५ मा प्रदर्शित चलचित्र गरम मसलामा एकसाथ देखिए । उक्त चलचित्रमा उनीहरूको अभिनयले प्रशंसकहरूको मन जित्यो । गरम मसाला धमाकेदार हाँस्य चलचित्र थियो । अहिले यी दुई अभिनेता पुनः सोही चलचित्रको सिक्वेलमा देखिने सम्भावना छ । बलिउडमा चलेको हल्लालाई मान्ने हो भने अक्षय र अब्राहम पटक-पटक गरम मसलाको सिक्वेल निर्माणका लागि छलफल गरिरहेका छन् । केही समय अघि मात्र अभिनेता जोनले संकेत गर्दै भनेका थिए, 'अक्षयसँग गरम मसाला-२ मा काम गर्न मन छ । हामीबीच केही चरणमा कुराकानी समेत भएको छ । हामी उक्त चलचित्रलाई सम्झने बित्तिकै हाँस्न थालिहाल्छौं ।' जोन र अक्षय दुवै कमेडी चलचित्रमा अभिनय गर्न मन पराउने अभिनेता हुन् । अब गरम मसलाको सिक्वेल बन्छ कि बन्दैन भन्ने कुराको निर्क्योल भने केही समय पछि नै होला ।



## फिल्मी डायरी

### रोजीको टिजर लिक

अभिनेता प्रदीप खड्काको मुख्य भूमिका रहेको चलचित्र रोजीको टिजर लिक भएको छ। चलचित्र निर्माण टिमका सदस्य श्रीधर भारद्वाजले फेसबुकमा उक्त टिजर लिक गरेका हुन्। अभिनेता प्रदीप खड्काले टिजर सार्वजनिक नगरिएको बताउँदै भने, ‘फेसबुकबाट एक जनाले सार्वजनिक गर्नुभएको रहेछ, निर्माण टिमले सार्वजनिक गरेको होइन।’ टिजरमा प्रदीपले आफ्नी प्रेमिका रोजी अर्थात् परमिता आरएल राणामाथि गोली चलाएको दृश्य छ। उनले टिजरको अन्तिममा भनेका छन्, ‘मैले उसलाई मारेको होइन, मुक्ति दिएको हुँ। मलाई ऊबाट र उसलाई यो संसारबाट।’ टिजरमा प्रदीप ग्याङस्टार लुक्समा प्रस्तुत भएका छन्।

### बन्ने भो ल्याङल्याङ

चलचित्र ल्याङल्याङ भदौको अन्तिम साता फ्लोरमा जाने निर्देशक करण श्रेष्ठले बताएका छन्। यो चलचित्रमा नाजिर हुसेन, सुस्मिता बुर्लाकोटी, बुद्धि तामाङ, विजय बराल, भोला सापकोटा, कमलमणी नेपाल, राजन खतिवडा, सरिता गिरी, दमन रूपाखेती आदि कलाकारको अभिनय रहनेछ।



साइँलीको साइत : जिएच इन्टरटेनमेन्टको ब्यानरमा चलचित्र साइँली निर्माण हुने भएको छ। रामबाबु गुरूङको निर्देशन रहने उक्त चलचित्र गुरूङले नै लेखेका हुन्। गौरव पहाडी, मेनुका प्रधान, दयाहाङ राई, मोक्ष गुरूङ आदि कलाकारले अभिनय गर्ने चलचित्र साइँलीको छायांकन शुक्रबार पोखराबाट प्रारम्भ हुँदैछ। चलचित्र साइँली हेमन्त रानाको लोकप्रिय गीत साइँलीकै वरिपरि घुम्न सक्ने अनुमान गरिएको छ।

### दालभात तरकारी

हास्यकलाकार किरण केसीले आफ्नो ६० औं जन्मदिनको अवसरमा नयाँ चलचित्र दालभात तरकारीको घोषणा गरेका छन्। उनले आफ्नै पुत्र सूदन केसीलाई निर्देशनको जिम्मेवारी दिएका छन्। हास्य प्रधान यो चलचित्रको छायांकन भदौ तिर प्रारम्भ हुनेछ। दालभात तरकारीलाई मह सञ्चारको ब्यानरमा किरण केसीले निर्माण गर्न लागेका हुन्। यो चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, दीपाश्री निरौला आदि कलाकारले अभिनय गर्ने पक्का भैसकेको छ।

### मायांक पनि चलचित्र

चलचित्र मायांकलाई रोमी मानन्धरले निर्देशन गर्दै छन् जसमा प्रशान्त ताम्राकार, सुशील उप्रेती तथा ज्योत्सना योगीको अभिनय रहनेछ। मायांक भदौको पहिलो साता छायांकनमा जानेछ भने माघमा प्रदर्शन गर्ने तयारी गरिएको बताइएको छ।

### पञ्चायत र अग्निदहन पुरस्कृत

चलचित्र विकास बोर्डको १८ औं वार्षिकोत्सवको अवसरमा पञ्चायत र अग्निदहलाई पुरस्कृत गरिएको छ। शिवम अधिकारीद्वारा निर्देशित पञ्चायत तथा घनश्याम लामिछानेद्वारा निर्देशित अग्निदहनलाई पुरस्कृत गर्दै विदेश प्रदर्शनका लागि सबटाइटलिङ गर्न २ लाख रुपैयाँसमेत प्रदान गरिएको छ।

### बोबीको कन्सर्ट

असार २९ देखि प्रदर्शनमा आउने चलचित्र बोबी निर्माण टिमले देशव्यापी कन्सर्ट गर्ने भएको छ। असार १८ मा पोखराबाट प्रारम्भ भएको उक्त कन्सर्ट असार २६ गते भक्तपुरमा टुंगिने छ। उक्त कन्सर्टमा गायक राजेशपायल राई, हास्यकलाकार कक्रोज र बले, विजय लामा, गायक ताराप्रकाश लिम्बु, गायिका दीपा लामा तथा चलचित्रका मुख्य पात्र कविता गुरुङ एवं उमेश थापा सहभागी हुनेछन्।

## सानो पर्दा

### रोड सेफ्टी महोत्सव

नेपाल अटो मोबाइल्स एसोसिएसनले ‘काठमाडौं रोड सेफ्टी फिल्म महोत्सव’ सम्पन्न गरेको छ। सोमबार प्रारम्भ भएको महोत्सवमा सडक सवधानीसम्बन्धी वृत्तचित्र तथा चलचित्रहरु प्रदर्शन गरिएका छन्। दुई दिन चलेको महोत्सवमा १० मिनेट सम्मका दुई दर्जन सामग्री प्रदर्शन गरिएका थिए। ग्लोबल रोड सेफ्टी फिल्म फेस्टिभलको सहकार्यमा सम्पन्न महोत्सवमा वृत्तचित्र तथा चलचित्रहरू प्रदर्शन गरिनुका साथै अन्तर्क्रिया समेत सञ्चालन गरिएको थियो। महोत्सवमा नेपाल फिल्म एकेडेमीद्वारा निर्देशित चलचित्र ‘दृष्टि’ तथा ‘पछुतो’ ले पहिलो तथा दोस्रो स्थान हासिल गरे भने ज्ञानेन्द्र कोइरालाद्वारा निर्देशित ‘सरी बेटा’ ले तेस्रो स्थान हासिल गऱ्यो।

### द सर्कस शो


नेपालको पहिलो कन्टेम्प्रोअरी सर्कसले द सर्कस शोको आयोजना गर्दैछ। नेपाल पर्यटन बोर्डको सहकार्यमा ललितपुरमा आज शुक्रबार तथा भोलि शनिबार यो कार्यक्रम हुन लागेको हो। यसअघि पनि उक्त संस्थाले पर्यटकहरुमाझ विभिन्न प्रस्तुति दिइसकेको छ। नेपाल घुम्न आउने पर्यटकले यात्राका स्मरणमा यस्ता क्रियाकलाप रुचाएको प्रतिक्रिया दिएकाले आयोजक टिम उत्साहित भएको हो। सर्कस शोका क्रममा नेपाली संस्कृति तथा कलालाई महत्व दिइने बताएको छ। सानेपाको इन्टरनेसनल क्लबमा प्रस्तुत हुने सर्कस आज साँझ ६ बजेदेखि ७ बजेसम्म चल्नेछ।

### युट्युबबाट समाजसेवा



मनोरञ्जनका अनेकौं खुराक उपलब्ध हुने युट्युबमार्फत समाजसेवा समेत गर्न सकिन्छ भन्ने कुरा युवा सञ्चारकर्मी जीवन पराजुलीले प्रमाणित गरेका छन्। झन्डै एक दशक अघिदेखि रंग पत्रकारितामा सक्रिय पराजुलीले आफ्नो भेरिफाइड युट्युब च्यानल ठूलोपर्दा टिभीमार्फत समाजलाई योगदान मिल्ने सामग्री प्रस्तुत गरिरहेका छन्। उक्त च्यानलबाट प्रसारण भएको क्यान्सर पीडित कलाकार दीपक क्षेत्रीको स्वास्थ्य अवस्थाका बारेमा जानकारी दिने उद्देश्यले लिइएको अन्तर्वार्ताका कारण विश्वभरका नेपालीले आर्थिक सहयोग गरेर उनको जीवनरक्षा गरे। पराजुलीले हास्य अभिनेता सुरज चापागाईं बान्द्रेको वैवाहिक समारोहमै लिएको अन्तर्वार्ताका क्रममा एउटा अनाथ आश्रमलाई आर्थिक सहयोग गराएका थिए। उक्त भिडियो भाइरल भएपछि आश्रमलाई सहयोग गर्नेहरुको संख्या पनि निकै बढ्यो। त्यसबाहेक आफ्नो च्यानलमार्फत कीर्तिपुरमा सञ्चालित बेबी लाइफ होम, स्नेही काख, मुहसर बस्तीका बासिन्दाहरुको कथा व्यथा, मृगौला रोग पीडित गायिका जलजला परियारका बुवा-आमासम्बन्धी सामग्री, लक्ष्मी प्रतिष्ठानका विष्णु गौतमसँगको कुराकानी, जिग्री-पाँडेद्वारा निर्मित बस्तीको स्थलगत रिपोर्टिङ जस्ता सामग्रीले सम्बन्धित कार्यमा आर्थिक सहयोग जुटेको पराजुलीको दाबी छ। केही रेडियो तथा टेलिभिजनमा काम गरिसकेका पराजुली अहिले पनि समाजलाई फाइदाजनक साबित हुने सामग्री खोजी-खोजी आफ्नो च्यानलमा स्थान दिइरहेको बताउँछन्।

## पोष्टर/ट्रेलर



वीरांगनाको तस्बिर : अनुप विक्रम शाही तथा शिल्पा पोखरेल अभिनीत चलचित्र वीरांगनाको निर्माण टिमले विशेष तस्बिर सार्वजनिक गरेको छ। तस्बिरमा यो जोडीको विवाह भएको देखाइएको छ। महिला सशस्त्र प्रहरीको विरतामा आधारित चलचित्र वीरांगना प्रेमकथा तथा एक्सनमा आधारित भएको बताइन्छ। यो चलचित्र असार २९ देखि देशव्यापी प्रदर्शनमा आउनेछ।

### यो पागल मनको पोस्टर

चलचित्र यो पागल मनको पोस्टर सार्वजनिक भएको छ। पोस्टरले अभिनेता विनोद न्यौपाने तथा ऋचा सिंह ठकुरीको प्रेमभाव बोल्छ। कल्याण अधिकारी निर्देशित चलचित्र यो पागलमन असार २९ गते प्रदर्शनमा आउनेछ।

### इन्टु मिन्टु लण्डनमा

रेनाशा वान्तवा राईद्वारा निर्देशित चलचित्र इन्टु मिन्टु लण्डनमाको टिजर सार्वजनिक भएको छ जसमा साम्राज्ञी राज्यलक्ष्मी शाह तथा धीरज मगरको प्रेमलाई देखाइएको छ।

### कहींकतैको गीत

साउन २५ गते प्रदर्शनमा आउने चलचित्र कहींकतैको रोमान्टिक गीत सार्वजनिक भएको छ। यो मौसम गीतको भिडियोमा अभिनेता किशोर खतिवडा एवं अभिनेत्री तथा निर्मात्री उमा बेबी गिरीलाई देखाइएको छ। कहि कतैलाई सबिर श्रेष्ठले निर्देशन गरेका हुन्।

### ब्ल्याकको ट्रेलर

भदौ १ गते प्रदर्शनमा आउने चलचित्र ब्ल्याकको ट्रेलर सार्वजनिक भएको छ, जसमा आकाश श्रेष्ठ तथा आँचल शर्माबीचको प्रेममा आउने उतारचढाव देखाइएको छ। यी दुईको प्रेममा अभिनेता आयुष रिजाल तगारो बनेका छन्। प्रदीप श्रेष्ठद्वारा निर्देशित यो चलचित्रमा सुन्दर श्रेष्ठ, सुशील क्षेत्री, धीरेन शाक्य तथा प्रिया रिजाल पनि महत्वपूर्ण भूमिकामा छन्।

### जय शम्भुको टिजर

भदौ १ गतेदेखि प्रदर्शनमा आउने चलचित्र जय शम्भुको टिजर सार्वजनिक भएको छ। टिजरमा वर्षा शिवाकोटीलाई लिएर अनुपविक्रम शाही तथा प्रशान्त ताम्राकारबीचको द्वन्द्व देखाइएको छ। रूपेश तामाङद्वारा निर्देशित चलचित्र जयशम्भुमा रोशन महर्जन, करुणा पाण्डे, अनुपम श्रेष्ठ, वसन्त भट्ट, कालु राना आदि कलाकारले समेत अभिनय गरेका छन्।

### चीं मुसी चींको ट्रेलर

साउन ११ देखि प्रदर्शनमा आउने चलचित्र चीं मुसी चींको ट्रेलर सार्वजनिक भएको छ। उक्त ट्रेलरमा सुनिल क्षेत्री एवं अलिशा शर्मा बीचको प्रेम, रोमान्स तथा द्वन्द्व देखाइएको छ।

## विकेन्ड गेम



होटल याक एन्ड यतिको पियानो बारले ठूलो पर्दामा विश्वकप लाइभ हेर्ने व्यवस्था मिलाएको छ । खानामा २ हजारभन्दा बढी खर्च गर्नेलाई विभिन्न लक्की ड्रमा सामेल गर्ने कुरा बताउँदै होटलले बम्पर पुरस्कारबापत कतार आउने-जाने टिकट उपलब्ध गराउने जानकारी दिएको छ । त्यसका साथै गेस अ म्याचमा तीनवटा खेल कसले जित्छ भन्ने सही अनुमान मिलाएर डिनर भौचरसमेत जित्न सकिने मार्सिया अधिकारीले बताइन् ।

**प्रवेश शुल्क :** नि:शुल्क

**स्थान :** होटल याक एन्ड यति

## विकेन्ड डान्स

# डेजाभुमा डिजे डान्स


तस्बिर : क्लब डेजाभु

भोलि शनिबार रमाइलो वातावरणमा समय व्यतीत गर्न चाहनुहुन्छ भने दरबारमार्गस्थित क्लब डेजाभुमा जुम्बा पार्टी तथा डिजे सेसन हुँदैछ । सुरुको ६० मिनेट जुम्बा फिट्नेस डान्स हुनेछ, जसमा जुम्बा किङ तथा जुम्बा क्विनको छनौट गरिनेछ । त्यसपछि भने डिजे डान्समा रमाउन सकिन्छ । त्यसबाहेक त्यहाँ विश्वकप फुटबल हेर्न सकिने व्यवस्थासमेत छ । यो कार्यक्रममा ड्रिंक्स, स्न्याक्स तथा बफेट डिनरको सुविधासमेत उपलब्ध हुनेछ ।

**आयोजक :** नेक्स्ट स्टेप फिटनेस एन्ड ट्रेनिङ सेन्टर **समय :** ४ बजेदेखि ९ बजेसम्म **प्रवेश शुल्क :** २ हजार ३ सय रुपैयाँ

## विकेन्ड हाइकिङ

# चम्पादेवी हाइकिङ



हाइकिङ जान कत्तिको रूचाउनुहुन्छ ? भोलि शनिबार हाइकिङ गएर समयको सदुपयोग गर्न सक्नुहुन्छ । काठमाडौं उपत्यकामा हाइकिङका लागि प्रचलित रूट हो– चम्पादेवी । सार्वजनिक सवारी साधनबाट एक घण्टाको यात्रापछि फर्पिङ पुगिन्छ । त्यहाँबाट जंगलै-जंगल तीन-चार घण्टा उकालो हिंडेपछि चम्पादेवी पुग्न सकिन्छ । टुप्पोमा पुगेपछि अन्नपूर्ण, मनास्लु, गणेश हिमाल, लाङटाङ, जुगल हिमाल तथा सगरमाथा नियाल्न सकिन्छ । चम्पादेवीमा हिन्दु तथा बौद्ध धर्मालम्बीहरु पूजाआजा गर्न पुग्छन् । लन्च गरेपछि देउरालीको बाटो हुदै फर्पिङ पुगेर यो हाइकिङ टुंगिनेछ ।

**आयोजक :** ब्लुजम एक्सपेडिसन्स वन डे हाइकिङ टुर एन्ड ट्रेकिङ

**प्रवेश शुल्क :** ५ हजार रुपैयाँ (२ जनाका लागि)

## विकेन्ड रेस्टुराँ

# ब्ल्याक वाटर रेस्ट्रो एन्ड बार



विदेशबाट फर्किएर आएका युवाहरूको समूह मिलेर खोलिएको हो– ब्ल्याक वाटर रेस्ट्रो एन्ड बार । यो रेस्टुराँमा अमेरिकन, कन्टिनेन्टल तथा नेपाली परिकारहरू उपलब्ध छन् । पास्ता, पिज्जा, बर्गर, स्यान्डविच, फ्राइड चिकेन यहाँका सिग्नेचर परिकार हुन् । ठमेल तथा नयाँ बानेश्वरपछि न्युरोडमा विस्तार गरिएको यो रेस्टुराँमा ९ प्रकारका ब्रेकफास्ट अर्डर गर्न सकिन्छ । यहाँ गुल्मीको अर्गानिक कफी पनि उत्तिकै लोकप्रिय छ । एक पटकमा ५३ जना बस्न मिल्ने ब्ल्याक वाटरमा ककटेल-मोकटेलका भेराइटीसमेत उपलब्ध छन् ।

**पास्ता :** ३ सय ९५ तथा ५ सय ९५ रुपैयाँ

**पिज्जा :** ३ सय ५० तथा ७ सय १५ रुपैयाँ

**बर्गर :** २ सय ९५ तथा ५ सय २५ रुपैयाँ

**स्यान्डविच :** २ सय ५० देखि ४ सय ६५ रुपैयाँ

## विकेन्ड गन्तव्य

उखरमाउलो गर्मी छ । त्यसमाथि सहरको धूलो, धूवाँ, प्रदूषण उस्तै छ । नियमित कामको तनावबाट केही दिन रिफ्रेस हुन कहाँ जाने ? काठमाडौं उपत्यका वरपरका डाँडाकाँडाहरूमा केही त्यस्ता रिसोर्ट छन्, जहाँ गएर गर्मी तथा प्रदूषण छल्न सकिन्छ । थोरै खर्चमा रमणीय वातावरणमा आफ्नो समय बिताउन चाहन हो भने यी गन्तव्यमा पुग्न सकिन्छ ।

### ककनी माउन्टेन भ्यु रिसोर्ट, ककनी



बालाजु बाइपासबाट १२ किलोमिटरको दूरीमा छ- ककनी माउन्टेन भ्यु रिसोर्ट । सार्वजनिक सवारी साधनमा ४५ मिनेटको यात्रापछि यो रिसोर्ट पुगिन्छ । हाइवेमै भएकाले यो रिसोर्ट फेला पार्न गाह्रो पनि छैन । यहाँ विशेष गरी जापानी माछा चाख्न पाइन्छ । रिसोर्ट आफ्नै पोखरीमा पालेको माछा ग्राहकहरूले मार्न समेत सक्छन् । ती माछा पोलेर वा पकाएर खाने सुविधा भएको रिसोर्ट सञ्चालक राजु घलेले बताए । रिसोर्टबाट २० मिनेट हिँडेपछि ककनी हाइट पुग्न सकिन्छ । मौसम सफा हुँदा त्यहाँबाट हिमालको लामै शृंखला हेर्न सकिन्छ ।

**एट्याच रुमको मूल्य :** १ हजार ५ सय रुपैयाँ ।

**सादा खाना :** २ सय ५० रुपैयाँ


**चिकेन खाना :** ३ सय ५० रुपैयाँ

### पानोरमा भ्यू-टावर रिसोर्ट, रानीकोट

काठमाडौंबाट २० किलोमिटरको दूरीमा छ, भक्तपुर रानीकोटस्थित पानोरामा भ्यू-टावर रिसोर्ट । यहाँबाट कञ्चनजंघा, मकालु, सगरमाथा, चोयु, सिसापाङमा, मनास्लु, अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि तथा लाङटाङजस्ता ८ हजार मिटरभन्दा अग्ला ८ वटा हिमाल अवलोकन गर्न सकिन्छ । यहाँ स्थानीय कुखुरा तथा खसीको मासु उपलब्ध हुन्छ । एकैपटक ६० जनालाई सेवा प्रदान गर्न सक्छौं- पानोरमा रिसोर्टका सञ्चालक पीपी थुलुङ भन्छन्– अहिले हामीकहाँ सुविधासम्पन्न १२ वटा टेन्ट तथा दुईवटा आकर्षक कोठा छन् । यहाँ एक रात बसेको र भोलिपल्टको ब्रेक फास्टका लागि प्रतिव्यक्ति १ हजार ८ सय रुपैयाँ तिर्नुपर्छ ।



### एग्रो रिसोर्ट, नौबीसे



अभिनेत्री सञ्चिता लुइँटेलले धादिङको नौबीसेमा सञ्चालनमा ल्याएको नौबीसे एग्रो रिसोर्टको धुनिबेशी नगरपालिकाका मेयर बालकृष्ण आचार्यका साथ संयुक्त रूपमा शुभारम्भ गरेकी छिन् । रिसोर्टका अध्यक्ष खिमानन्द बस्यालका अनुसार नौबीसेलाई पर्यटकीय हब बनाउने सोचका साथ उक्त रिसोर्ट सञ्चालनमा ल्याइएको हो । रिसोर्टका निर्देशक बालकृष्ण पोखरेलले काठमाडौंको कोलाहलबाट मुक्त भै शान्त र मनोरम परिवेशमा रम्न चाहनेहरूका लागि यो रिसोर्ट सञ्चालनमा ल्याइएको बताए । पोखरेलका अनुसार रिसोर्टमा केही समयपछि नै त्यहीं फलेका अर्ग्यानिक फलफूलका साथ सागलगायतका तरकारीदेखि लिएर गाईभैंसीको दूधसम्म सेवन गर्न पाइनेछ । पारिवारिक वातावरणमा सेवा प्रदान गरिने नौबीसे एग्रो रिसोर्टमा आठवटा आरामदायक शयन कक्षका साथमा सेमिनार हल, रेस्टुराँ, गार्डेन रेस्टुराँ तथा बारको व्यवस्था छ ।

चलचित्र

# फ्राइडे




**निर्देशक** : अभिषेक डोगरा **कलाकार** : गोविन्दा, वरुण शर्मा, प्रभलेन सन्धु तथा डिगांगना सूर्यवंशी ।

बलिउडका स्थापित अभिनेता गोविन्दा लामो समयपछि चलचित्रमा फर्किएका छन् । उनी आज शुक्रबारदेखि प्रदर्शनमा आउने चलचित्र फ्राइडेमार्फत कमब्याक गर्दैछन् । कुनै बेला सबैभन्दा धेरै हिट चलचित्र दिने अभिनेतामा गोविन्दाकै नाम आउँथ्यो । पछिल्ला केही वर्षयता भने उनी कमै चलचित्रमा देखिएका छन् । यसअघि आफूले अभिनय गरेको एउटा चलचित्र व्यवसायिक रूपमा असफल भएपछि गोविन्दा केही निराश भएका थिए । चलचित्र 'फ्राइडे' हास्यप्रधान भएको बताइएको छ । यो चलचित्र केही महिनाअघि नै प्रदर्शन हुने भनिए पनि विभिन्न कारणले प्रदर्शन मिति सर्दै आएको थियो । अधिकांश दृश्य भारतमै छायांकन गरिएको चलचित्र फ्राइडेलाई इनबक्स पिक्चर्स प्राइभेट लिमिटेडले निर्माण गरेको हो । यो चलचित्र अघिल्लो सातादेखि प्रदर्शनमा आएको चलचित्र सन्जुको मारमा पर्ने भारतीय चलचित्र पण्डितहरूको विश्लेषण छ । भारतीय चलचित्रको इतिहासमै सबैभन्दा राम्रो व्यापार गर्ने चलचित्रमा उक्लिएसँगै सन्जुको चर्चा थप चुलिएको छ ।

# सिकारियो




**निर्देशक** : स्टेफनो सोल्लीमा **कलाकार** : बेनिसियो डिल टोरो, जोश ब्रोलिन, इसावेला, मोनेर, जेफ्रिय डोनोभन आदि । **संगीत** : हिल्डर गुनाडोटिर

हलिउडमा एक्सन-थ्रिलर चलचित्र निर्देशनमा कहलिएका स्टेफनो सोल्लीमाको निर्देशन रहेका कारण पनि चलचित्र सिकारियो बहुप्रतीक्षित थियो । नेपालसँगै विश्वका हजारौं स्क्रिनमा एकसाथ प्रदर्शनमा आउने यो चलचित्रलाई टेलर सेरिडनले लेखेका हुन् । चलचित्र सिकारियोको कथा अमेरिका-मेक्सिकोको सिमानामा हुने लागू औषधको ओसारपसारमा केन्द्रित रहेको बताइन्छ । निर्देशक स्टेफनोले यो चलचित्रले खास सन्देश दिने तथा त्यसलाई दर्शकले मन पराउने दाबी गरेका छन् । वसिल इवानंक, इडवार्ड, मोल्ली स्मिथ, थाड लकिडविल आपदद्वारा निर्मित यो चलचित्रको छायांकन डेरिउज वोल्सिकीले गरेका हुन् । १ घण्टा २२ मिनेट लामो चलचित्र सिकारियो ४५ लाख अमेरिकी डलरमा तयार भएको हो ।

रंगमञ्च

# उपत्यकामा 'हाम्री चेली'




सडक नाटक 'हाम्री चेली' उपत्यकाका विभिन्न स्थानमा मञ्चन गरिएको छ । विश्वास नेपालको अप्सरा परियोजनाको प्रस्तुति एकप्याट लक्जम्बरको सहयोगमा 'हाम्री चेली' उपत्यकाका विभिन्न स्थानमा मञ्चन गरिएको हो । 'रेस्टुरेन्ट श्रमिक महिलाहरूका लागि हाम्रो आवाज पेसागत हिंसा मुक्त समाज' भन्ने नारासहित सुरु गरिएको सडक नाटकमा रेस्टुराँ तथा मनोरञ्जन क्षेत्रमा काम गर्नेहरूको हक-हितका कुरा उठाइएको थियो । प्रलोभनमा पर्दा चेलीहरू कस्ता-कस्ता दुर्घटनामा पर्न सक्छन् भन्ने कुरा यो नाटकमा प्रस्तुत गरिएको छ । चाबहिल, गौशाला, कालोपुल, गोंगबु, महाराजगञ्ज, कलंकी, कोटेश्वर, नयाँबजार, रत्नपार्क, सुनधारा आदि स्थानमा मञ्चन गरिएको यो नाटकमा विश्वदीप घिमिरे, जयराम सापकोटा, शान्ति दाहाल, सावित्री बस्नेत, समुन्द्र बानियाँ, शर्मिला बस्नेत, देवकी भण्डारी, सुमित्रा श्रेष्ठ, सरिता सिलवाल आदि कलाकारले अभिनय गरेका छन् ।

ग्यालरी

# आइतबारदेखि तमसोमा ज्योतिर्गमय

बबरमहलस्थित नेपाल कला परिषद्मा असार २४ देखि ३१ गतेसम्म सन्ध्या रेग्मीको 'तमसोमा ज्योतिर्गमय' शीर्षकको एकल चित्रकला प्रदर्शनी हुने भएको छ । बुद्ध शान्ति फाउन्डेसनद्वारा आयोजित उक्त प्रदर्शनीमा ३३ वटा चित्र राखिनेछ । एक हप्तासम्म चल्ने प्रदर्शनीलाई नेपालका लागि जर्मन राजदूत रोलान्ड सेफरले उद्घाटन गर्दैछन् । देश तथा विदेशमा चित्रकला प्रदर्शनी गर्दै आएकी चित्रकार रेग्मीको यो नवौं एकल चित्रकला प्रदर्शनी हो ।

# आजदेखि एडुकोन शैक्षिक मेला




विद्यार्थीहरूलाई स्तरीय कलेजका बारेमा विस्तृत जानकारी उपलब्ध गराउने उद्देश्यले आज शुक्रबार राजधानीको भृकुटीमण्डपमा काठमाडौं पोष्ट एडुकोन शैक्षिक मेला प्रारम्भ हुँदैछ । उच्च शिक्षा अध्ययन गर्न स्तरीय कलेजको खोजीमा रहेका विद्यार्थीहरूलाई सहजै कलेज छनौट गर्न सहयोग मिलोस भन्ने उद्देश्यले यो मेलाको आयोजना गरिएको कान्तिपुर पब्लिकेसन्सका एजिएम महेश स्वाँरले बताएका छन् ।

स्नातक तथा स्नातकोत्तर तह अध्ययन गर्न चाहने विद्यार्थीहरूप्रति लक्षित मेलामा स्वदेशी एवं विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूको स्टल रहनेछ । नेपाली कलेजमा अध्ययन गर्ने विद्यार्थीका साथै विदेश अध्ययन गर्न जाने विद्यार्थीहरूलाई परामर्श दिन मेलामा कन्सल्टेन्सीहरूको स्टल पनि रहने छन् । स्वदेशमै अध्ययन गर्न चाहनेहरूले त्रिभुवन, काठमाडौं, पूर्वाञ्चल, पोखराका साथै अन्य विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजको स्टलबाट विस्तृत जानकारी लिन सक्ने छन् भने विदेशी विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न शिक्षा मन्त्रालयबाट स्वीकृत पाएका कलेजहरूको स्टल पनि मेलामा रहनेछ ।


मेलामा विद्यार्थीहरूले सिधै कलेज सञ्चालक, प्रिन्सिपल तथा कलेजमै अध्ययन गरिरहेका विद्यार्थीहरूसँग भेट गरी आवश्यक जानकारी लिन सक्नेछन् जसले गर्दा मेला विद्यार्थी तथा अभिभावकहरूका लागि थप फलदायी हुने स्वाँरले बताए । मेलामा सहभागी विद्यार्थी तथा अभिभावकहरूले कुन कलेजमा के-कस्तो सुविधा छ ? के-के विषय अध्यापन हुन्छ ? कति शुल्क लाग्छ ? भन्ने कुरा सहजै जानकारी लिन सक्छन् भने विदेश अध्ययन गर्न चाहने विद्यार्थीहरूले भिसा प्रक्रियादेखि विश्वविद्यालय छनौटको समेत जानकारी लिन सक्नेछन् ।

मेलामा शैक्षिक ऋणको जानकारी प्रदान गर्ने नबिल बैंकको स्टल पनि रहनेछ भने बिमाको जानकारीका लागि सिटिजन लाइफ इन्स्योरेन्सको स्टल उपलब्ध हुनेछ । निःशुल्क प्रवेश पाइने यो मेलामा हरेक दिन उत्प्रेरणा कक्षा तथा करिअर काउन्सिलिङको व्यवस्था समेत छ । मेलामा सहभागी विद्यार्थीहरूले 'लक्की ड्र' मार्फत नोकिया फोन, फिल्मको टिकट, काठमाडौं फन भ्यालीको टिकट तथा माउन्टेन फ्लाइटको टिकट जस्ता पुरस्कार समेत जित्न सक्नेछन् ।



सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक





# अनु थापा

**अनु थापाको जन्म** भारतको मध्यप्रदेशमा भएको हो । हाल उनी मुम्बईमा संर्घषरत छिन् । अनुले अभिनय कार्यशालामार्फत आफूलाई निखारेकी छिन् । 'मलाई भारतीय टेलिभिजनमा काम गर्ने रहर छ' उनले भनिन् । एक वर्ष लामो अभिनय प्रशिक्षणका क्रममा उनले महिमा चौधरी, रविना टण्डन, राकेश वेदी, रोहितराज आदिको क्लास लिएकी छिन् । अनु जी टिभी, स्टार प्लस आदिका विभिन्न अडिसनमा सहभागी भैसकेकी छिन् । सिरियलमा काम पाउन सातवटा अडिसनमा उत्तीर्ण हुनुपर्नेमा उनी दोस्रो चरणसम्म पुगेकी छिन् । अब बाँकी चरणमा समेत छनौट हुँदै सिरियलमा अभिनय गर्ने आफ्नो सपना पूरा हुने कुरामा उनी आशावादी बताउँछिन् । यदि सिरियलमार्फत अघि बढ्न सम्भव नभए सर्ट मुभिमा अभिनय गर्ने उनको योजना छ । 'मेरो उद्देश्य मोडल बन्ने होइन, एक्टिङ गर्ने हो,' अनुले भनिन् ।

अनुको पुर्ख्यौली थलो तनहुँ हो । उनका बुबा भारतमा कुक सम्बन्धी तालिम दिन्थे । त्यसैले उनीहरु उतै बसे । अनुले विभिन्न फेसन शोहरुमा भाग लिएकी छिन् । ५ फिट ४ इन्च अग्ली ४९ केजीकी अनु २५ वर्षकी भइन् । उनले डेढ वर्षअघि बुटबलका आइटि इन्जिनियर सन्तोष थापा मगरसँग लभ म्यारिज गरेकी हुन् । उनीहरु दुवै जना अहिले मुम्बईमा छन् । अनुलाई आफ्नो शरीरको अंगमा आँखा मनपर्छ । खाना बनाउने काम पनि उनलाई मनपर्ने काम हो । अनुमा नेपाली चलचित्र तथा म्युजिक भिडियोमा समेत काम गर्ने रहर छ । अधिकांश समय भारतमै बिताए पनि उनी बेला-बेलामा नेपाल आउँछिन् ।

राजाराम पौडेल





तस्बिर : सुरज श्रेष्ठ, एस टु प्रोडक्सन

लोकेसन : पोखरा

Log on to :
facebook
www.facebook.com\kantipursaptahik





# आँखा खोल्ने स्टाटस

बलिउड अभिनेत्री जुही चावलाले अघिल्लो साता काठमाडौं भ्रमण गरेर मुम्बई पुगेपछि एउटा सामूहिक तस्बिर ट्वीट गरिन् । काठमाडौंमा खिचिएको उक्त तस्बिरमा जुहीसहित पाँच जनाले आफ्नो मुख रुमाल तथा मास्कले छोपेका छन् । तस्बिरसँगै जुहीले लेखेकी छिन्- 'काठमाडौंमा कार पर्खने क्रममा....कति धेरै धुलो, हावामा पेट्रोल र डिजेलको धुवाँ । त्यसैकारण हामीले अनुहार छोप्नु पर्‍यो । यहाँका बासिन्दाहरू प्रत्येक दिन सर्जिकल मास्क लगाएर हिँडन् बाध्य छन् ।' जुहीको यो स्टाटसमा सयौं प्रतिक्रिया, सयौं रिट्वीट तथा हजारौं लाइक आएका छन् । गायक सञ्जय श्रेष्ठले उक्त ट्वीटलाई स्क्रिनसट गर्दै फेसबुकमा लामै स्टाटस लेखेका छन् । गायक श्रेष्ठले काठमाडौं महानगरपालिकाका मेयरलाई सम्बोधन गर्दै लेखेका छन्- 'नायिका जुही चावलाले समेत काठमाडौंका बारेमा यसरी यथार्थ बोल्दैछिन् । मेयर ज्यू, तपाईंको निन्द्रा कहिले खुल्ने ? खै सफा काठमाडौं ? किन उठ्दैन काठमाडौंको फोहोर समयमै ? खै ठेकेदारलाई कारबाही ? खै त प्रदूषणले भरिएको सवारीलाई कारबाही ? प्रश्न त अनेक छन्, तर खै किन हुन्न समस्या समाधान ?

# अश्लेषाको दोस्रो

चलचित्र प्रेमगीत-२ को सफलतापछि अभिनेत्री अश्लेषा ठकुरी सामाजिक सञ्जालमा मात्र सीमित थिइन् । अहिले आएर उनलाई प्रेमगीत-२ कै ब्यानर आशुसेन फिल्म्सले नयाँ चलचित्रमा लिएको छ । निर्माता सन्तोष सेनले आफ्नो नयाँ चलचित्र 'मेरी मामु' मा अश्लेषालाई महत्वपूर्ण भूमिकामा प्रस्तुत गरेको बताएका छन् । चलचित्रमा अश्लेषाले सरुक ताम्राकारसँग जोडी बाँध्ने निश्चित भएको छ । यस क्रममा अश्लेषा तथा सरुकका आकर्षक तस्बिर सामाजिक सञ्जालमार्फत सार्वजनिक भैसकेका छन् । बालमनोविज्ञान तथा आमा-छोराको सम्बन्धको कथा बोल्ने मेरी मामुमा अश्लेषा र सरुकसँगै बालकलाकार आयुब सेन तथा कुसुम गुरुङ आमा-छोराको भूमिकामा प्रस्तुत हुँदैछन् ।

# संयोग नक्कलको

बलिउडको एउटा चलचित्रबाट प्रभावित भएर कतिवटा नेपाली चलचित्र बन्न सक्छ । उदाहरणका लागि कमल हसन र मनीषा कोइरालाको चलचित्र मुम्बई एक्सप्रेसबाट प्रभावित भएर चलचित्र कोहलपुर एक्सप्रेस बन्यो । कोहलपुर एक्सप्रेस हलबाट उत्रन नपाउँदै अर्को एउटा नेपाली चलचित्रलाई प्रभावित होइन चोरीकै आरोप लाग्यो । यद्यपि निर्देशक भोमन कटुवाल मात्र होइन, चलचित्रका अभिनेता अनुप विक्रम शाहीले समेत आफ्नो चलचित्र नक्कल, चोरी अथवा प्रभावित भएको कुरालाई ठाडै अस्वीकार गर्छन् । मुम्बई एक्सप्रेसमा कमल हसनले निर्वाह गरेको पात्रलाई अनुप विक्रमले उतारेको बताइन्छ । दुवै चलचित्रको ट्रेलर मात्र हेर्दासमेत झमक बहादुर नक्कल गरिएको प्रतीत हुन्छ । अभिनेत्री केकी अधिकारीले निर्माण गरेको कोहलपुर एक्सप्रेस तथा भोमन कटवालको झमकबहादुर एउटै चलचित्रबाट प्रभावित हुनुलाई रमाइलो संयोगबाहेक अरू के नै मान्न सकिएला र ?



तस्बिर : स्टिलनेपाल डटकम

कुराकानी



# नेपाली चलचित्रमा काम गर्न तयार छु

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

यतिबेला म नृत्यकै सिलसिलामा भारत आएको छु । केही इभेन्टमा सहभागिता जनाइरहेको छु ।

**शिव परियारको 'मंगली...' गीतको म्युजिक भिडियोमा कसरी आबद्ध हुनुभयो ?**

'मंगली...' गीतको शीर्षक सुनेर नै म उक्त गीतको भिडियोमा काम गर्न तयार भैसकेको थिएँ । गीत रमाइलो लागेकाले अभिनय तथा नृत्यका लागि तयार भएको हुँ ।

**उक्त भिडियोमा काम गर्दाको अनुभव कस्तो रह्यो ?**

रमाइलो रह्यो । भिडियोका गायक शिव परियार, अभिनेत्री आँचल शर्मा तथा निर्देशक विकास सुवेदीसँगको पहिलो अनुभव सुखद रह्यो । गीत राम्रो बन्यो ।

**भविष्यमा पुन: नेपाली भिडियोमा काम गर्दै हुनुहुन्छ कि ?**

मैले हालसम्म तीनवटा नेपाली गीतको म्युजिक भिडियोमा काम गरें । तीनवटै लोकप्रिय भएका छन् । भविष्यमा यस्तै राम्रा गीतबाट प्रस्ताव आयो भने खुसीका साथ काम गर्नेछु । नेपाली म्युजिक भिडियो यत्तिको गुणस्तरीय बन्न थालेकोमा खुशी पनि लागिरहेको छ ।

**कम समयमै यत्तिको लोकप्रिय हुन्छ भन्ने लागेको थियो ?**

यति छोटो समयमै लोकप्रिय हुनेछ भन्ने त मैले सोचेकै थिइनँ । मानिसहरूले गीतसँगै मेरो अभिनय तथा नृत्य अनि अभिनेत्री आँचल शर्मासँगको जोडी समेत मन पराइदिनुभएकोमा खुसी छु ।

**नेपाली चलचित्रबाट काम गर्ने प्रस्ताव आएको छ कि छैन ?**

भरखर त नेपाली म्युजिक भिडियोमा काम गर्न थालेको छु । नेपाली चलचित्रबाट अहिलेसम्म त्यस्तो प्रस्ताव आएको छैन, यद्यपि प्रस्ताव आयो भने काम गर्ने सक्दो प्रयास गर्नेछु ।

**बलिउडमै सक्रिय हुने सम्भावना कति छ ?**

'एबिसिडी-३' मा अनुबन्धित भैसकेको छु । चाँडै नै उक्त चलचित्रको छायांकन प्रारम्भ भएर नोभेम्बरमा रिलिज हुनेछ ।

● सुशान्त खत्री, नृत्य कलाकार

● कृष्ण भट्टराई

# उस्तै भूमिकामा सृष्टि

मिस नेपालका उपाधि विजेताहरू चलचित्रमा खासै जम्न सकेका छैनन् । रुबि राणादेखि निकिता चाण्डकसम्मले नेपाली चलचित्रमा करियर बनाउने प्रयास गरिरहेका छन्, यद्यपि थोरैलाई मात्र सफलता हात लागेको छ । मलिना जोशी मात्र त्यस्ती मिस नेपाल हुन्, जसले संख्यात्मक रूपमा बढी चलचित्रमा अभिनय गरेकी छिन्, यद्यपि उनले अभिनय गरेका कुनै पनि चलचित्र व्यवसायिक रूपमा सफल भएका छैनन् । मलिनापछि धेरैबाट आशा गरिएकी मिस नेपाल हुन्- सृष्टि श्रेष्ठ, जो पहिलो चलचित्र 'गाजल' बाट दर्शकको मनमा बस्न सफल भइन् । गाजलपछि बलिउड पुगेर केही हिन्दी गीतका म्युजिक भिडियोमा अभिनय गर्न भ्याएकी सृष्टि झन्डै दुई वर्षपछि पुनः एक पटक दर्शकमाझ आउँदै छिन् । चलचित्र 'रोमियो एन्ड मुना' मा मुनाको भूमिका निर्वाह गरिरहेकी सृष्टिले यो चलचित्रमा सोझी गाउँले युवतीको भूमिका निर्वाह गरेको बताएकी छिन् । 'गाजल' मा पनि उनी सोझी युवतीकै भूमिकामा थिइन् । दुई वर्षपछि उस्तै भूमिकामा आउने कारणका सम्बन्धमा राखिएको जिज्ञासामा सृष्टिले 'सोझी युवती' भए पनि दुवै चलचित्रको कथा, प्रस्तुति तथा पृष्ठभूमि फरक भएको बताइन् । सृष्टिको यो चलचित्र साउन ११ गते प्रदर्शनमा आउँदैछ ।





# हूलमूलमा काम नगर्ने

अभिनेत्री आँचल शर्माले धेरै नाम चलेका कलाकार भएको चलचित्रमा अभिनय नगर्ने घोषणा गरेकी छिन् । 'शत्रुगते' व्यवसायिक रूपमा सफल भए पनि आफूलाई दर्शकहरूले खासै 'नोटिस' नगरेको अनुभव गरेपछि आँचलले भविष्यमा मल्टी स्टारर चलचित्रमा काम नगर्ने कुरा बताएकी हुन् । 'शत्रुगतेमा मह जोडी जस्ता वरिष्ठ कलाकारहरूसँग काम गर्नेबाहेक अन्य खासै उपलब्धि भएन, आँचलको भनाइ छ- अब म हूलमूल हुने चलचित्रमा काम गर्दिनँ । चलचित्र शत्रुगतेले १२ करोड रुपैयाँको व्यवसाय गरेको घोषणा भैरहँदा सोही चलचित्रकी एक कलाकार शर्मा भविष्यमा सोलो भूमिकामा मात्र अभिनय गर्ने घोषणा गरिरहेकी थिइन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र 'ब्ल्याक' मा आकाश श्रेष्ठसँग अनस्क्रिन रोमान्स गरेकी आँचलले पहिलो पटक पल शाहबाहेकका अभिनेतासँग जोडी बनाएकी हुन् ।



# खुश्बुको प्रतीक्षा

अभिनेत्री खुश्बु खड्का यतिबेला उत्साहित छिन् । केही समयअघि नै अभिनय गरेको आफ्नो एउटा महत्वपूर्ण चलचित्र प्रदर्शन हुने निश्चित भएपछि यी सुन्दर अभिनेत्री खुसी भएकी हुन् । अभिनेता जीवन लुइँटेलसँग अनस्क्रिन रोमान्स गरेको चलचित्र 'सुकुलगुण्डा' साउन ११ गतेदेखि प्रदर्शन हुँदैछ । चलचित्रमा उनी एक्सन प्याक भूमिकामा प्रस्तुत भएको निर्माता महेश मुडभरी बताउँछन् । यद्यपि निर्माता मुडभरीलाई भने यतिबेला तनाव छ । चलचित्रको प्रदर्शन मिति निश्चित भए पनि उनलाई निर्देशक मधुसूदन भट्टराई तथा अभिनेता जीवन लुइँटेलको साथ छैन । यता अभिनेत्री खड्का भने आफ्नो हालसम्मकै उत्कृष्ट भूमिका भएकाले यो चलचित्रले आफ्नो अभिनय करियरलाई माथि पुऱ्याउन अनुमान गर्दैछिन् ।

## लभ मन्त्र



- आफ्नो नजरमा परेकी युवती कस्ती स्वभावकी हुन् भन्ने कुरामा ध्यान दिएर मात्र अघि बढ्नुपर्छ ।
- आफ्नो ड्रिमगर्लको इच्छा, आकांक्षा, सपना सबै बुझ्नु पर्छ ।
- युवतीसँग कसरी प्रस्तुत हुने भन्ने कुरामा विशेष ध्यान दिनु जरुरी छ । राम्रो बोल्न तथा आत्मविश्वासी रूपमा प्रस्तुत हुन सकियो भने उनीहरू नजिक हुन सक्छन् ।
- युवतीलाई आफूप्रति आकर्षण गर्न बोली, व्यवहारका साथै शारीरिक रूपमा सफा तथा आकर्षक हुनु पर्छ ।
- अनावश्यक गफ गर्ने अनि ओभर स्मार्ट देखिने प्रयास गर्नुहुँदैन ।
- सकेसम्म ढाँट्नु हुँदैन । फटाहा स्वभावका युवकलाई युवतीहरूले मन पराउँदैनन् । इमान्दार रूपमा प्रस्तुत हुनु पर्छ ।
- युवतीले महत्व दिँदै गइन् भने भेटघाट सुरु गर्नुपर्छ । भेटघाटमा सरल र सिम्पल तरिकाले प्रस्तुत हुनुपर्छ ।
- साँच्चिकै मन परेको छ भने बिहानदेखि साँझसम्म फलो गरिरहनुपर्छ । गुडमर्निङदेखि गुडनाइटसम्मका एसएमएस गरिरहनुपर्छ ।
- सम्बन्धमा अलिकति प्रशंसा, अलिकति सुझाव, अलिकति माया, साथ अनि अलिकति केयरिङ हुनुपर्छ ।
- प्रेममा मित्रताले पनि ठूलो भूमिका खेल्न सक्छ, त्यसैले प्रेममा पर्नुअघि असल मित्रता गाँसियो भने त्यसले कसैलाई हानि पुऱ्याउँदैन ।

◆ शिव परियार, गायक

**त्यो कालरात्रि.....**

पृष्ठ ५ बाट

प्रेम गीत' मा मेरै लागि लेखिएको भूमिका छ भन्दै प्रस्ताव राख्नुभयो । थापाले निर्देशन गरेको 'मेरो एउटा साथी छ' अमेरिकामै हेरिसकेको थिएँ, 'प्रेमगीत' को कथा अनि मेरो भूमिका सुनेपछि आफूलाई रोक्नै सकिनँ । त्यही चलचित्रमार्फत अभिनयमा मेरो पुनरागमन भयो । उक्त चलचित्रले मलाई सर्वोत्कृष्ट सहअभिनेताको एवार्ड समेत दिलायो ।

**चलचित्रमा फर्कन नखोज्ने कारण चाहिँ के थियो ?**

मलाई लागेको थियो, १७ वर्ष अमेरिका बसेर फर्किएको कलाकारलाई नयाँ पुस्ताका कलाकारले बिर्सिसक्नु भयो होला । मेरो पालाका अधिकांश निर्देशक रियाटर्ड भैसक्नुभएको थियो, नयाँ पुस्ताका निर्देशकहरूसँग चिनजान पनि थिएन, उहाँहरूसँग काम गर्न असहज हुन्छ होला भन्ने लागेको थियो । यद्यपि 'प्रेमगीत' को सफलताले मलाई युवापुस्ताका दर्शकमाझ घुलमिल मात्र गराएन, नयाँ पुस्ताका चलचित्रकर्मीहरूसँग नजिक समेत गरायो ।

**प्रेमगीतपछि के-के गर्नुभयो ?**

प्रेमगीतको सफलतापछि मैले रंगमञ्च, टेलिभिजन, म्युजिक भिडियो तथा चलचित्रबाट प्रशस्त प्रस्ताव पाउन थालें । त्यसक्रममा मैले नाइँ नभन्नुल ल-४, म यस्तो गीत गाउँछु, कृ, पञ्चायत, हैरान, हिरो रिटर्न्स तथा बेबी आई लभ यू जस्ता चलचित्रमा अभिनय गरें ।

**दुई दशकअघि र अहिलेको चलचित्रमा के फरक पाउनुभयो ?**

पहिले र अहिलेको चलचित्रमा धेरै भिन्नता हुनुका साथै सकारात्मक तथा नकारात्मक पक्षहरू पनि धेरै छन् । चलचित्र प्राविधिक रूपमा सक्षम हुनु, अनुभवी क्यामेराम्यान तथा प्राविधिकहरूको संख्या बढ्नु, डिजिटल प्रविधिमा चलचित्र निर्माण हुनु अनि अभिनयलाई नै करियर बनाउँछु भनेर पढेर, सिकेर तथा पूर्ण रुपमा तयार भएर आउने कलाकारहरूको बढ्दो संख्या सकारात्मक पक्ष हुन् । अनमोल केसी, प्रदीप खड्का, पल शाह, साम्राज्ञी राज्य लक्ष्मी शाह, मरिष्का पोखरेल, आँचल शर्मा आदि यसका उदाहरण हुन् । हाम्रो पालामा हामी त फलुकका भरमा हिरो भएका थियौं । कुनै तयारी तथा योजनाबिना नै चलचित्रमा आएका थियौं । आफूलाई तयार पारेर आएका थिएनौं । नकारात्मक पक्ष पनि उत्तिकै छन् । चलचित्र बनाउने माध्यम अत्यन्त सजिलो भएकाले होला, अहिले चलचित्र निर्माण गर्नेहरूको नचाहिँदो भीड लागेको छ । सौख तथा लहडको भरमा चलचित्र निर्माण गर्न खोज्नेहरूको संख्या बढ्दो छ । एक आना जग्गा त जान्छ भन्ने सोचले नराम्रो परिपाटिलाई बढाबा दिइरहेको छ ।

**यसबाहेक सुधार्नु पर्ने ठाउँ के-के देख्नुभएको छ ?**

हाम्रो चलचित्र उद्योगमा चलचित्र लेखकहरू त धेरै हुनुहुन्छ, यद्यपि राम्रो पटकथा लेख्ने लेखकको चाहिँ अभाव नै छ । पटकथा भनेको चलचित्रको मेरुदण्ड भए पनि हामीकहाँ त्यही कमजोरी छ । पटकथा नै कमजोर भएपछि उत्कृष्ट चलचित्र निर्माण हुने सम्भावना कम रहन्छ ।



तस्बिर : नवराज बाग्ले

**तीन जना नयाँ अभिनेताको भविष्य कस्तो देख्नु हुन्छ ?**

संयोग नै मान्नुपर्छ, मैले छोटो अवधिमै अनमोल केसी, प्रदीप खड्का तथा पल शाह जस्ता होनहार अभिनेतासँग काम गर्ने मौका पाइसकेको छु । कृ तथा क्याप्टेनमा अनमोल केसीसँग काम गर्ने क्रममा मैले उनी डेडिकेटेट एक्टर हुन् भन्ने अनुभव गरें । चलचित्र कृमा उनले गरेको मेहनत देखेर म हैरान भएँ । अहिले क्याप्टेनमा समेत उनले र मैले झन्डै दुई महिना फुटबल सिक्यौं । अनमोलले घाम-पानीको वास्ता नगरी फुटबल सिक्न देखाएको जोशले उनी लामो रेशका घोडा हुन् भन्ने कुरामा दुईमत छैन । चलचित्र प्रेमगीतमा काम गर्दा प्रदीप खड्काले स-सानो दृष्यका लागि मेहनत गरेको देखें । एउटै दृश्यमा १९ टेक खाँदा समेत प्रदीप हतास देखिएनन् । चलचित्र 'म यस्तो गीत गाउँछु' मा अभिनय गर्ने क्रममा अभिनेता पल शाहसँग भेट भयो । उनले पनि एउटै दृश्यमा धेरै टेक खाँदा समेत असहज मानेनन् । यद्यपि पल शाहको डाइलग डेलिभरीमा केही समस्या देखेको छु ।

**नयाँ पुस्ताका निर्देशकहरूको काम तपाईंलाई कस्तो लाग्यो ?**

मैले सबै निर्देशकसँग त काम गरेको छैन, यद्यपि जति जनासंग गरेको छु , केही न केही विशेषता पाएको छु । विकास आचार्य भावनात्मक शैलीका चलचित्र निर्देशनमा सिपालु हुनुहुन्छ । सुदर्शन थापालाई लभ स्टोरी चलचित्रमा अरुले भेट्दैनन् । हेमराज बिसी प्रतिभाशाली छन् । दिवाकर भट्टराई इनर्जेटिक निर्देशक हुन् भन्दा फरक पर्दैन । सुरेन्द्र पौडेलसँग कृमा अभिनय गर्ने क्रममा उहाँ निर्देशक भन्दा सम्पादकका रूपमा उत्कृष्ट लाग्नुभयो । पञ्चायतका निर्देशक शिवम अधिकारी कुशल लेखक हुनुहुन्छ । उहाँमा निर्देशकीय क्षमता त छ, तर युनिटलाई कमाण्ड गर्न सक्ने क्षमता कम पाएँ । कुनै बेला प्रकाश थापा, तुलसी घिमिरे, किशोर राना जस्ता दिग्गज निर्देशकसँग काम गर्ने क्रममा छायांकनस्थलमा जुन प्रकारको वातावरण हुन्थ्यो, आजको सेटमा भने भव्यता भने पाउन सकेको छैन ।

**अमेरिकाबाट स्वदेश फर्कने बेला नेपाल आएर के गर्ने सोच्नुभएको थियो ?**

अमेरिका छाड्नु अघि मलाई साथीभाइहरूले फेरवेयल पार्टी दिएका थिए । त्यसक्रममा मैले एउटा अन्तर्वार्ता दिएको थिएँ, जसमा मैले नेपाल फर्किएर अभिनय चाहिँ गर्दिन भनेको थिएँ । मलाई पनि नेपाल आएर अभिनय गर्छु जस्तो लागेको थिएन । यद्यपि अभिनय भन्ने किरो मेरो रगत मै रहेछ । त्यो कीरो अमेरिकामा छँदासमेत हरेक दिन सल्बाउँथ्यो । आफ्नै देश आएपछि त्यो किरो यति सक्रिय भयो कि मैले अभिनयमा नआइ सुखै पाइन । अर्को शब्दमा भन्नुपर्दा एक पटक अभिनयको नशा लागेपछि त्यसलाई चटक्कै छाड्न असाध्यै गाह्रो हुँदो रहेछ ।

**नयाँ पुस्ताका दर्शकले समेत सहजै स्वीकार गर्दा कस्तो अनुभव गर्नुभयो ?**

असाध्यै रमाइलो लागेको छ । छोटो समयमै दर्शकको मन जित्न पाउँदा खुसी नहुने कुरै छैन । कम समयमै मैले युवापुस्ताका दर्शकको मन जितेकोमा आफूलाई भाग्यशाली मान्छु । यो अवधिमा मैले रंगमञ्च, टेलिभिजन तथा चलचित्र गरी तीनवटै विधामा काम गरिसकेको छु । हरेक विधाका दर्शकले मलाई सहजै स्वीकार मात्र गर्नु भएन, मनमा समेत राख्नु भएको मानेको छु ।

**सधैं अभिनयमात्र गरिरहने कि चलचित्र निर्माण-निर्देशनमा पनि आउने ?**

कलाकार भए पछि अभिनय त छाड्नै मिलेन नि । अब रह्यो निर्माण तथा निर्देशनको कुरा । हरेक कलाकारलाई आफ्नै लगानीमा चलचित्र निर्माण गरौं भन्ने सधैं लागिरहन्छ । मलाई पनि त्यस्तो लागेको छ । नढाँटि भन्ने हो भने म अमेरिकाबाट स्वदेश फर्किए लगत्तै चलचित्र निर्माण गर्न चाहन्थें । त्यसका लागि लेखक विकास आचार्यले स्क्रिप्ट समेत तयार पारिसक्नु भएको थियो । त्यही बेला गएको भूकम्प अनि त्यसपछिको नाकाबन्दीले चलचित्र निर्माणको प्रोजेक्ट केही पछाडि धकेलियो । यद्यपि म निकट भविष्यमै निर्माताका रूपमा दर्शकमाझ आउनेछु । अब बाँकि रह्यो निर्देशनको कुरा, एउटा राम्रो अभिनेता राम्रो निर्देशक बन्न सक्छ भन्ने कुरामा मलाई शंका छ ।

**किन ?**

अभिनय गर्ने क्रममा अभिनेतालाई एउटा चरित्र दिइएको हुन्छ । निर्देशकको सोचअनुसार अभिनेताले त्यो चरित्र निर्वाह गर्छ । त्यतिबेला अभिनेताले आफ्नो मात्र चरित्रमा ध्यान दिए पुग्छ । जब एउटा अभिनेता निर्देशक बन्छ, उसले चलचित्रको पूरै टिमलाई सिकाउनु पर्ने हुन्छ । सबै कलाकारलाई निर्देशन गर्नुपर्ने हुन्छ । निर्देशक बनेको त्यो अभिनेताले हरेक कलाकारले आफूले जस्तै अभिनय गरोस् भन्ने चाहन्छ । उदाहरणका लागि नीर शाहलाई लिन सकिन्छ । उहाँ उत्कृष्ट अभिनेता हो, यद्यपि निर्देशकका रूपमा उहाँले 'वासुदेव' बाहेक अन्य कुनै पनि चलचित्रलाई उत्कृष्ट बनाउन सक्नु भएन । उहाँका हरेक चलचित्रका अधिकांश कलाकारको अभिनय उहाँकै जस्तो लाग्छ । त्यसो हुँदा चलचित्रका हरेक पात्र उस्तै-उस्तै लाग्छन् । यीनै कारणले म कहिल्यै निर्देशक बन्न चाहन्नँ ।

**चलचित्र निर्माणको योजनालाई चाहिँ कसरी अघि बढाउँदै हुनुहुन्छ ?**

सम्भवत: यही दसैंपछि हाम्रो प्रोजेक्ट प्रारम्भ हुनेछ । स्क्रिप्ट तयार भैसकेको छ । अब कलाकार, प्राविधिक तथा निर्देशकको टुंगो लाग्न बाँकी छ ।

**चलचित्रको काम थाल्न निकै समय लगाउनुभयो नि ?**

पछिल्लो तीन वर्षको अवधिमा मैले अनुभव गरेको कुरा को हो भने नेपालमा चलचित्र निर्माण गर्नु ठूलो कुरा होइन, चलचित्रलाई सिनेमा हलसम्म पुऱ्याएर सफलतापूर्वक प्रदर्शन गर्नु चाहिँ महत्वपूर्ण कुरा हो । 'पञ्चायत' जस्तो उत्कृष्ट चलचित्रले सिनेमा हल तथा वितरकको असहयोग व्यहोर्नु पऱ्यो । सिनेमा हलमा उक्त चलचित्र दुई दिनमात्र अडिएको भए आज त्यसको व्यवसायिक पक्ष निकै सवल हुने थियो । नेपाली चलचित्रलाई नेपालकै सिनेमा हल तथा वितरकको साथ र सहयोग नभएको अवस्थामा चलचित्र निर्माणमा हात हाल्नु निकै चुनौतीपूर्ण छ । सिनेमा हलवालाले नेपाली चलचित्रलाई सकारात्मक रूपले हेर्न थालेकै दिनेदेखि नेपाली चलचित्र तथा निर्माताको भविष्य उज्वल हुने कुरामा दुई मत छैन ।

**प्रसंग बदलौं, अमेरिकाको १७ वर्षे बसाईलाई कसरी सम्झनु हुन्छ ?**

कलाकार सरोज खनालका लागि त्यो १७ वर्ष त कालरात्रि नै हो । यद्यपि बुवा सरोज खनाल अनि श्रीमान् सरोज खनालका लागि भने त्यो सुनौलो समय थियो । किनभने जब मैले अमेरिका जाने निर्णय गरें, मैले त्यो बेला आफ्ना स-साना दुई सन्तानको भविष्यमा मात्र हेरें । उनीहरूलाई अमेरिकामा अलपत्र पारेर म स्वदेश फर्कन मिल्दैनथ्यो । कि त हामी अमेरिका नै जानु हुन्थ्यो । नजानु गएपछि तुरुन्तै फर्कन मिलेन । छोराछोरी हुर्काउन, पढाउन, उनीहरूलाई आफ्नै खुट्टामा उभ्याउन मलाई १७ वर्ष लाग्यो । बुवा तथा श्रीमान् सरोज खनालका रूपमा मैले जे गरें, ठीकै गरें जस्तो लाग्छ ।

**सधैंका लागि नेपाल फर्किएपछि एक प्रकारको आलोचनाको शिकार समेत हुनुभयो नि ?**

जसले मेरो आगमनको आलोचना गर्नुभयो, वास्तवमा त्यो उहाँहरूको मप्रतिको माया नै हो । उहाँहरू मलाई असाध्यै माया गर्नुहुन्छ । नत्र त उहाँहरूलाई म आए पनि, नआए पनि मतलब हुनु नपर्ने हो । यद्यपि मैले आफ्ना बारेमा खोइरो खन्नेहरू विरुद्ध एक शब्द बोलिन । अशोक मल्ल लगायतका व्यक्तित्वले अब त अति भयो, केही त बोल भन्नु भएको थियो । त्यसक्रममा उहाँले सर्वनाम थिएटरमा टक नै राख्न सुझाउनु भयो । मैले मानिन, बरु मेरै सल्लाहमा सर्वनाममै १० मिनेट लामो एउटा नाटक मञ्चन गरियो । जसमा मेरो विरुद्ध बोल्ने तथा लेख्ने सञ्चारकर्मी साथीहरूलाई पनि डाक्यौं । त्यो नाटक हेरेदेखि आजसम्म मलाई कसैले 'तँ किन अमेरिका गएको थिइस् ?' भनेर प्रश्न गरेका छैनन् ।

**तपाईंको विचारमा विदेश जानु उचित हो कि अनुचित ?**

म त के भन्छु भने प्रत्येक नेपालीले एक पटक विदेश जानै पर्छ । युरोप, अमेरिका, अष्ट्रेलिया जहाँ गए पनि जानु पर्छ, यद्यपि केही वर्ष बिताएर पुन: स्वदेश फर्कनुपर्छ र आफूले जानेको कुरा स्वदेशमै उपयोग गर्नु पर्छ । मैले पनि अहिले त्यही गरिरहेको छु ।

**त्यस्तो के गर्दै हुनुहुन्छ ?**

चितवनमा झन्डै दुई करोडको लगानीमा एउटा कम्पोष्ट मल उद्योग सञ्चालन गरेको छु, जहाँ थुप्रै नेपाली युवाले रोजगारी पाउनु भएको छ । त्यहाँ उत्पादन भएको मल चितवनसहित देशका विभिन्न गाउँ-शहरमा पुग्न थालेको छ । भारतमा झण्डै ७५ रुपैयाँ प्रतिकेजी पर्ने उक्त मललाई हामीले ३५ रुपैयाँमै बेच्न सकेका छौं ।

# समर फेसन शो






पोखरामा समर फेसन शो सम्पन्न भएको छ । डी एस कलेक्सन मिडटाउनले आयोजना गरेको उक्त शोमा काठमाडौंका ६ तथा पोखराका ६ जना मोडल र्‍याम्पमा देखिए । उनीहरूले पास्टेल्स, फ्लोरा प्रिन्ट, वन सोल्डर, रेड, होलिडे म्याक्सी ड्रेस, ब्ल्याक एन्ड ह्वाइट आदि पहिरनमा क्याटवाक गरेका थिए । ६ वटा सिक्वेन्समा विभाजित फेसन शोको शो-स्टपर मिस नेपाल अर्थ-२०१७ नीति शाह थिइन् । कार्यक्रमको थप आर्कषण गायिका रजनी रिदम राइको प्रस्तुति थियो ।

राजाराम पौडेल

# पोखरामा असारे रोपाइँ महोत्सव




पोखरा पर्यटन परिषद्ले १५ औं संस्करणको असारे रोपाइँ महोत्सव गत शुक्रबार सम्पन्न गर्‍यो । पोखरा लेखनाथ महानगरपालिका-२४ फेवाताल सिरान पामेस्थित अशोक पालिखे तथा कृष्ण पराजुलीको ४ रोपनी जग्गामा आयोजित महोत्सवमा आन्तरिक तथा बाह्य पर्यटकसँगै स्थानीय बासिन्दाहरू पन्चे बाजाका साथ हिलो खेल्दै, दही-चिउरा खाएर रमाइलो गरे । महोत्सवमा सञ्चालित पर्यटक पुरुषतर्फको हिले दौडमा बेलायतका जेनेस प्रथम भए भने स्वीजरल्यान्डका जेना दोस्रो र क्यानाडाका कोलेन तेस्रो भए । पर्यटक महिलातर्फको हिले दौडमा अस्ट्रेलियाकी मेट्रिना प्रथम, स्वीडेनकी इलेन दोस्रो तथा रसियाकी निकुनी तेस्रो भए । पर्यटक महिलातर्फको रस्साकसिमा वर्क द वल्डको टिम प्रथम भयो । हल गोरु प्रतियोगितामा मीनबहादुर देवकोटा प्रथम भए भने तारापति अधिकारी दोस्रो तथा मीनबहादुर अधिकारीले तेस्रो स्थान प्राप्त गरे । महिला रस्साकस्सीमा आशा परियारको टोली प्रथम भयो । महिलातर्फको हिले दौडमा अस्मिता खनाल प्रथम, प्रतिभा केसी दोस्रो तथा अस्मिता परियार तेस्रो भए । पुरुष हिले दौडमा विमलबहादुर खत्री प्रथम, प्रकाश पराजुली दोस्रो तथा कृष्णप्रसाद भट्टराई तेस्रो भए । महोत्सवमा विभिन्न कलाकारले विविध सांस्कृतिक प्रस्तुतिसमेत दिएका थिए ।

# एक नम्बर क्षेत्रमा मिस टिन



प्रदेश नम्बर १ स्तरीय सुन्दरी प्रतियोगिता 'मिस टिन' को उपाधि झापा बिर्तामोडकी रुक्सम गुरागाईंले जितेकी छिन् । वीरता जेसिज बिर्तामोड तथा बिर्ता मिडियाद्वारा आयोजित प्रतियोगतामा १८ जना प्रतिस्पर्धीलाई पछि पार्दै रुक्सम विजेता भएकी हुन् । ग्राण्ड फिनालेमा उनले मिस नेचुरल ब्युटीको विधागत उपाधिसमेत हात पारिन् । प्रतियोगितामा युमिसा घिमिरे फस्ट रनर्सअप तथा स्वस्तिका संग्रौला सेकेन्ड रनर्सअप घोषित भए ।

पर्वत पोर्तेल

# मिस्टर एन्ड मिस टिन

अनिश कटुवाल तथा कृतिका दाहालले मिस्टर एन्ड मिस टिन दमक-२०१८ को उपाधि जितेका छन् । आफ्ना २७ जना प्रतिस्पर्धीलाई उछिर्दै उनीहरूले उक्त उपाधि हात पारेका हुन् । मिस टिनको फस्ट रनर्सअपतर्फ पूनम अधिकारी तथा कार्लोस रिजाल सेकेन्ड रनर्सअप भए भने मिस्टरतर्फ युसेफ लिम्बू फस्ट रनर्सअप भए । शंकर आर्ट फाउन्डेसनले आयोजना गरेको प्रतियोगितामा १३ देखि १८ वर्ष उमेरका किशोर-किशोरीहरूको सहभागिता थियो ।

विष्णु सुब्बा

# इलाममा कर्णदास



विश्वकप फुटबलले विश्राम लिएको गत शुक्रबारको साँझ इलामको सदरमुकामस्थित गौतमबुद्ध सभागृहमा कर्णदासको एकल प्रस्तुतिले अर्को एक रातलाई अनिदो बनाउँदै थियो । छिप्पिँदो साँझमा माइक्रोफोन समाएका कर्णदासले डेढ दर्जनजति गीत सुनाए । पहिलो पटक इलाममा प्रस्तुत भएका कर्णदासले अन्तिमसम्म नै वान्स मोर पाइरहे । दार्जीलिङको मिरिकस्थित म्युजिक मेलोडी ब्यान्डका संगीतकर्मीहरूका साथ दुई दिनको छोटो अभ्यासपछि लाइभ प्रस्तुति दिएका कर्णदासलाई स्थानीय संगीतकर्मीहरूले समेत सघाएका थिए ।

विप्लव भट्टराई

# फिल डान्स प्रतियोगिता

पोखरामा आयोजित फिल डान्स प्रतियोगिता-२०१८ को उपाधि काठमाडौंका विजय लामाले जितेका छन् । पोखरा उद्योग वाणिज्य संघको हलमा शनिबार सम्पन्न उक्त फाइनलमा १७ जना प्रतिस्पर्धी थिए । प्रतियोगितामा कास्कीका अमिसा परियार फस्ट रनर्सअप तथा अमृत सुनार सेकेन्ड रनर्सअप घोषित भए । यो प्रतियोगितामा ९ देखि २२ वर्षसम्मका प्रतिभाले सहभागिता जनाएका थिए ।

डीडी डान्स ट्रेनिङ सेन्टर एवं नटराज संगीत कला प्रशिक्षण केन्द्रद्वारा आयोजित प्रतियोगितामा सबै प्याटर्नको संगीतमा नृत्य गर्दै प्रतियोगीहरूले आ-आफ्नो प्रतिभा प्रदर्शन गरे । यो प्रतियोगिताको अडिसनमा १ सय २९ जनाले सहभागिता जनाएका थिए, जसमा सम्पूर्ण निर्णयको जिम्मा निर्णायकहरूमाथि थियो ।



# मिस्टर एन्ड मिस टिन तनहुँ

दोस्रो संस्करणको मिस्टर एन्ड मिस टिन तनहुँको उपाधि असिम थपलिया तथा आकृति थापाले जितेका छन् । एम्बिसन फेसन होमले आयोजना गरेको उक्त प्रतियोगितामा अनिक्षा थापा र कजन श्रेष्ठ फस्ट रनर्सअप तथा श्रृष्टिना श्रेष्ठ र उमंग गुरुङ सेकेन्ड रनर्सअप घोषित भए ।

# लेडिज पुल पार्टीको रमाइलो



गत शुक्रबार पोखरामा आयोजित लेडिज पुल पार्टीमा महिलाहरू फुर्सद निकालेर सहभागी भए । वुमन वन्ली पोखरा ग्रुपले लेकसाइडमा आयोजना गरेको उक्त पार्टीमा विभिन्न क्षेत्रमा कार्यरत ४ सय जना महिलाको सहभागिता रह्यो ।



अपराध

# बलात्कारपछि पोल खुल्ने डरले हत्या

अनिल श्रेष्ठ

बलात्कारपछि पोल खुल्ने डरले मोरङमा एक महिलाको विभत्स हत्या भएको छ । मिक्लाजुङ गाउँपालिका-७ का ३० वर्षीय हिकबहादुर बस्नेतले बलात्कारपछि महिलाको वीभत्स तरिकाले हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

बस्नेतले १९ फागुनमा सोही ठाउँकी शान्ति राईलाई बलात्कारपछि निर्वस्त्र बनाएर हत्या गरेका थिए । मोरङ प्रहरीको विशेष टोली तथा इलाका प्रहरी कार्यालय, उर्लाबारीले संयुक्त अनुसन्धान गरि साढे तीन महिनापछि हिकबहादुरलाई पक्राउ गरेपछि उक्त रहस्य खुलेको हो ।

लामो समयको अनुसन्धानपछि घटनामा संलग्नलाई पक्राउ गर्न सकिएको मोरङ प्रहरी प्रमुख एसपी मनोजकुमार केसीले बताए । 'घटनामा संलग्न पक्राउ परेपछि बलात्कारपछि महिलाको हत्या गरिएको पत्ता लाग्यो,' एसपी केसीले भने । मिक्लाजुङ - ७ कै कमल बोहराको घरमा राखिएको चिन्ता (धामी) हेरेर राति घर फर्कने क्रममा महिलाको बलात्कारपछि हत्या गरिएको एसपी केसीले बताए ।



एसपी केसीका अनुसार महिलाको शव वीभत्स रूपमा निर्वस्त्र फेला परेको थियो । प्रहरीले त्यसपछि ती महिलाको बलात्कारपछि हत्या गरिएको आशंकामा अनुसन्धान केन्द्रित गरेको थियो ।

महिलाको शव शरीरमा लगाएका सबै कपडा खोलेको, अनुहार ढुङ्गाले किच्यएर चिन्नै नसक्ने गरी क्षतविक्षत बनाइएको, स्तनलगायत शरीरका विभिन्न अंगमा चोटपटक भएको अवस्थामा फेला परेको थियो,' एसपी केसीले भने, 'घटनाको प्रकृति हेर्दा पनि आफूलाई जोगाउन महिलाले अन्तिम समय सम्म संघर्ष गरेको प्रस्ट देखिन्थ्यो ।'

बोहराको घरमा राखिएको चिन्ता हेरेर महिला घरतर्फ फर्किएको र घटनामा संलग्न बस्नेत स्थानीय होटलमा मदिरा सेवन गरेर निस्किएको अवस्थामा दुई जनाको भेट भएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।



हत्या गरिएकी शान्ति राईको फाइल तस्बिर

एउटै वडाका बासिन्दा भए पनि दुईजनाबीच चिनजान भने नरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार घटनास्थल चिन्ता राखिएको घरभन्दा लगभग ३-४ सय मिटर पर छ । राति बस्नेतले चिन्ता हेरेर फर्किएकी महिलालाई भेटेपछि घर पुऱ्याइदिन्छु भनेको र त्यसपछि दुवै जना ती महिलाको घरतर्फ लागेको एसपी केसीले बताए । एसपी केसीका अनुसार त्यहाँबाट दुवै जना खैनी-चुरोट खाँदै अघि बढेको र केही पर पुऱ्याएर बलात्कारपछि ढुङ्गाले किच्याएर महिलाको हत्या गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको थियो ।

घटनामा प्रयोग गरिएका दुईवटा ढुङ्गा प्रहरीले घटनास्थलबाट बरामद गरेर परीक्षणका लागि पठाएको छ । प्रहरीले बस्नेतलाई जिल्ला अदालत मोरङमा कर्तव्य ज्यान मुद्दामा म्याद थप गरी थप अनुसन्धान गरिरहेको एसपी केसीले बताए ।

### साढे तीन महिनापछि पक्राउ

वीभत्स तरिकाले हत्या भएको उक्त घटनाको अनुसन्धान मोरङ प्रहरीले गर्दै आएको थियो । यो घटनामा प्रहरीले थुप्रैलाई प्रहरी कार्यालयमा ल्याएर अनुसन्धान गरेको मोरङका प्रहरी प्रमुख मनोजकुमार केसीले बताए । हत्यारा पत्ता लगाउन स्थानीय बासिन्दाहरूले संघर्ष समिति नै बनाएर प्रहरीलाई दवाब दिए । प्रदेशसभाको बैठकमा समेत उक्त हत्याविरुद्ध आवाज उठ्यो ।

प्रहरीले लामो समयको अनुसन्धानपछि शान्तिको हत्या गर्ने हिकबहादुर नै हुन् भन्ने पहिचान गरी उनलाई पक्राउ गर्ने योजना बनायो । हत्या गरेपछि कुखुरा फर्म सञ्चालन गर्ने बस्नेत उक्त फर्म बिक्री गरी विदेश जाने तयारीमा थिए । अनुसन्धानका लागि खटिएको मोरङ प्रहरीको विशेष टोली तथा इप्रका उर्लाबारीले हिकबहादुर नै हत्यारा भएको पहिचान गऱ्यो । त्यसपछि सुनसरीको इटहरीमा दिदीको घरमा बस्दै आएका बस्नेतलाई मोरङ प्रहरीले शान्तिको बलात्कारपछि हत्या गरेको आरोपमा पक्राउ गरेको थियो ।

## यसरी भयो हत्या

१९ फागुनमा कमल बोहोराको घरमा बसेको चिन्ता (धामी) हेराउन गएकी थिइन्– शान्ति । उनले धामीलाई आफ्नो जोखना हेराएर घर जान लाग्दा मध्य रात भैसकेको थियो । मदिरा सेवन गर्ने शान्तिले त्यसदिन पनि मदिरा सेवन गरेकी थिइन् । घर जाने क्रममा उनको भेट हिकबहादुरसँग मिक्लाजुङको बेलगौडे भन्ने स्थानमा भयो ।

दुवै जना मदिराको नशामा लट्ठिएका थिए । नशाकै सुरमा हिकबहादुरले शान्तिलाई घर पुऱ्याइदिन्छु भनेपछि उनीहरू दुवै जना चुरोट-खैनी खादै अघि बढे । मिक्लाजुङ-७ स्थित ग्यांग्री खोलाछेउ पुगेपछि हिकबहादुरले शान्तिलाई बलात्कार गर्न खोजे । शान्तिले त्यसको प्रतिकार गरिन् । दुवै जना मदिराको नशाले लट्ठिएको अवस्थामा बस्नेतले बलात्कार गरे ।

बलात्कारपछि उनलाई पोल खुल्ने चिन्ताले सतायो । त्यसपछि उनले शान्तिको हत्या गर्ने योजना बनाए । बलात्कार गरेको स्थान खोला नजिक थियो । त्यहाँ ढुंगा प्रशस्त भएकाले उनले त्यही ढुंगाले शान्तिको निधारमा प्रहार गरी घाइते बनाए । नशामा लट्ठिएका उनले शान्तिलाई पटक- पटक ढुंगा प्रहार गरेका थिए ।

***(हिकबहादुरले प्रहरीलाई दिएको बयानमा आधारित)***

# चिट्ठाको चंगुल

## चिट्ठाको नाममा ठग्ने पक्राउ पर्छन्, ठगी रोकिँदैन, किन ?

शंकर आचार्य

पर्सा प्रहरीले चिट्ठाको नाममा ठगी कार्यमा संलग्न रहेको आरोपमा पक्राउ गरेका चार जनालाई सार्वजनिक गरेपछि ठगीको सञ्जाल सार्वजनिक भएको छ । सार्वजनिक गरिएकाहरूमा वीरगन्ज-१८, नगवाका १८ वर्षीय अक्षयकुमार चौरसिया, वीरगन्ज-१६ का १८ वर्षीय युवराज पासवान, वीरगन्ज-१९ का २२ वर्षीय वीरनारायण चौरसिया तथा वीरगन्ज-२ का २२ वर्षीय राहुल कुमार राउत छन् ।

उनीहरूलाई वीरगन्ज-१५, भेडियाहीस्थित नेसनल मेडिकल कलेज नजिकको श्रीगढीमाई मनी ट्रान्सफरबाट निस्किरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले बताएको छ । उनीहरूको साथबाट ठगी कार्यमा प्रयोग गरिएको सिमसहितका मोबाइलहरू, स्रोत खुल्न नसकेको नगद, विभिन्न बैंकका एटिएम तथा भौचरहरू, सक्कल नागरिकता एवं नागरिकताका प्रतिलिपिहरू बरामद भएको छ । पक्राउ परेका सबै ठूलो गिरोहको प्रलोभनमा परी ठगी सञ्जालमा ढुवानीकर्ता तथा कामदारका रूपमा काम गरी रहेको अनुमान गरिएको छ ।

मंसिर १४ यता ७ पटक गरी जिल्ला प्रहरीले यस्तो अपराधमा संलग्न रहेको आरोपमा २७ जनालाई पक्राउ गरिसकेको छ । तीमध्ये डेढ दर्जन नेपाली तथा ९ जना भारतीय छन् । पक्राउ परेका मध्ये १ दर्जन आरोपी पुर्पक्षका लागि जेल चलान भएका छन् ।

पछिल्लो एक वर्षयता सर्वसाधारणलाई विभिन्न प्रलोभन देखाई ठगी गर्ने गिरोह यो भेगमा सक्रिय छ । ठगिएपछि लोकलाजका कारण सुरुमा केहीले प्रहरीलाई त के आफन्त तथा परिवारजनलाई समेत आफू ठगिएको कुरा बताउन नचाहने भएकाले यस्तो ठगीले थप मौलाउने अवसर पाएको छ । यसरी ठगिनेहरूको संख्या बढ्दै गएपछि पीडितहरू खुल्दै गएका छन् । उनीहरूले आफ्नो उजुरीको बेहोरा सार्वजनिक नगरिदिने आग्रह गर्दै प्रहरीमा उजुरी गर्न थालेका छन् ।

प्रहरीले पनि ती उजुरीमाथि अनुसन्धान थालेको छ । बिस्तारै ठगी गिरोहमा संलग्न नेपाली तथा भारतीय नागरिकहरू पक्राउ पर्नु त्यसकै उदाहरण हो । सात महिनायता प्रहरीले यस्ता ठगी कार्यमा संलग्न रहेका व्यक्तिहरूलाई पटक-पटक पक्राउ गरेर कारबाहीको दायरामा ल्याए पनि सर्वसाधारण ठगिने क्रम भने अझै रोकिएको छैन भने ठगीमा सक्रिय गिरोह निरुत्साहित भएको पनि पाइदैन । यस्तो गिरोहले फेसबुक, ट्विटर, भाइबर आदि सामाजिक सञ्जालको माध्यमबाट नेपालका विभिन्न जिल्लामा सर्वसाधारणसँग सम्पर्क गरेर उनीहरूलाई २५ लाखदेखि ३ करोड रुपैयाँसम्मको चिट्ठा परेको र उक्त रकम लिन नेपाल सरकारलाई दिनुपर्ने १० प्रतिशत कमिसनबापतको रकम मनी ट्रान्सफरहरूबाट पठाउन भन्ने गरेका छन् ।

जिल्ला प्रहरीका प्रवक्ता डिएसपी राजन लिम्बू पक्राउ परेकाहरूले विभिन्न मनी ट्रान्सफर काउन्टरबाट रकम संकलन गरी पठाउने, त्यसबापत कमिसन लिने काम गरेको पाइएकाले उनीहरू उपर ठगी तथा संगठित अपराध मुद्दा चलाइएको बताउँछन् । यस्तो गिरोहमा संलग्न व्यक्तिले फेसबुक, ट्विटर, भाइबर आदि सामाजिक सञ्जालको माध्यमबाट नेपालका विभिन्न जिल्लामा सर्वसाधारणसँग सम्पर्क गरेर उनीहरूलाई २५ लाख देखि ३ करोड रुपैयाँसम्मको चिट्ठा परेको र उक्त रकम लिन नेपाल सरकारलाई दिनुपर्ने १० प्रतिशत कमिसनबापतको रकम मनी ट्रान्सफरहरूबाट मगाउने गरेका हुन् ।

चिट्ठाको नाममा यसरी ठगिनेहरूको संख्या बाक्लै छ । यसरी ठगिनेमा शिक्षित तथा उच्च वर्गीय परिवारका व्यक्तिहरू बढी छन् ।

प्रहरीले ठगिमा संलग्न व्यक्तिहरूलाई धमाधम पक्राउ गर्न थालेपछि उनीहरूबाट ठगिनेहरूको लामै फेहरिस्त तयार भएको छ । प्रहरी आफैंले मनी ट्रान्सफरहरूबाट रकम झिकेको प्रमाणका आधारमा पीडितहरूसँग सम्पर्क गर्न थालेको छ । ठगीमा संलग्नहरूलाई पक्राउ गर्न सहज होस् भनी प्रहरीले कतिपय पीडितलाई फोन गर्दा तीमध्ये अधिकांश आफ्नो परिचय खुलाउन चाहँदैनन्, तर आफ्ना परिवारका सदस्यलाई नबताइदिने सर्तमा आफूहरू ठगिएको पीडा व्यक्त गर्न थाल्छन् । कतिपय महिलाले आफ्ना श्रीमान्लाई नबताई ठग गिरोहलाई पैसा दिइसकेका हुन्छन् भने कतिपय चिकित्सक, शिक्षक तथा अन्य सम्मानित पेसामा संलग्न शिक्षित एवं सचेत वर्ग पनि यसरी ठग गिरोहलाई रकम पठाएर ठगिएका छन् । सचेत वर्ग नै ठगिने र ठगिएपछि लाज मानेर बस्ने प्रवृत्तिले ठग गिरोहको मनोबल बढेको छ । विगतमा भारतबाट मात्र फोन गर्ने यस्तो गिरोहले हाल पाकिस्तान, मलेसिया आदि मुलुकबाट समेत फोन गर्न थालेको छ ।




पीडित वीरगन्ज आसपासका मात्र नभै काठमाडौं, दोलखा, बुटवल, जनकपुर, नेपालगन्जसम्मका हुने गरेका छन् । सुरुमा फोनबाट सूचना दिएर बधाई दिने गिरोहले सम्बन्धित व्यक्तिलाई विश्वस्त तुल्याउन बधाई एसएमएस, पोस्टकार्ड, कम्पनीको नक्कली लोगो सहितको केही कागजात, भारतीय तथा नेपाली प्रधानमन्त्रीले हात मिलाएको तस्बिर, भारतीय कलाकार अमिताभ बच्चनसँगको तस्बिर तथा विभिन्न नेपाली बैंकको नाम सहितको थप कागजात पटक-पटक पठाउने गरेका छन् ।

ठगि गिरोह निरुत्साहित नहुनुमा हालसम्म पक्राउ परेका व्यक्तिहरू ढुवानीकर्ता तथा कामदारका रूपमा कार्यरत व्यक्तिहरू मात्र भएकाले हुन सक्ने उनको अनुमान छ ।



# आरोही परिवार

जनक तिमिल्सिना

हिमाल आरोहणका अनेकन कीर्तिमानधारी शेर्पा तथा आरोहणका सिपालु शेर्पा गाइडका कारण प्रख्यात छ– रोल्वालिङ गाउँ । दोलखाको गौरीशंकर गाउँपालिकामा पर्ने रोल्वालिङ गौरीशंकर हिमालसहितका दर्जनौं हिमालको काखमा रहेको मनोरम गाउँ हो । सन् १९५३/०५४ सालतिर यही मनोरम हिमाली क्षेत्रमा छिरिङ नोर्बु शेर्पाले पहिलो पटक सगरमाथा आरोहण गर्ने एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पासँगै काम गरेको सुन्दा उनका छोराहरूलाई अनौठो लाग्थ्यो । अझ सगरमाथा त उनीहरूका लागि परिको कथाजस्तै थियो ।

४ हजार मिटरको उचाइमा रहेकाले रोल्वालिङमा आलु, मुला र सागपात मात्र उत्पादन हुन्छ । यही हिमाली सेरोफेरोमा छिरिङ र उनकी श्रीमती किनजुमका ११ सन्तान हुर्किए । ७ छोरा अनि ४ छोरी । उत्पादनका हिसाबले एक सिजनमात्रै त्यो पनि एकदमै कम उत्पादन हुने ठाउँमा ११ जना सन्तानको लालनपालन सहज थिएन । बालबच्चाको खानपिनको अभाव टार्न छिरिङ हिमाल आरोहण र ट्रेकिङमा आएका पर्यटकहरूको भरियाको काम गर्थे । त्यही क्रममा उनी हिलारी र तेन्जिङसँग जोडिएको कुरा बताउँछन्, उनका साइला छोरा पेम्बा दोर्जी शेर्पा ।

गौरीशंकरको सेरोफेरोमा दर्जनौं हिमाली श्रृखलासँगै दुई घण्टाको दूरीमा मनोरम च्छो रोल्पा हिमताल छ । वर्षैपिच्छे हिमाल चढ्न नेपाल आउने पर्यटकहरू रोल्वालिङ आइरहन्छन् । पहिले-पहिले यही बाटोबाट टासी लाप्चा पास हुँदै आरोहीहरू सगरमाथा आरोहणका लागि जान्थे । अहिले हवाईजहाज नै लुक्लामा अवतरण हुने भएपछि कमै मानिस मात्र यो बाटो हिँड्छन् ।

खान-लाउन नै धौ-धौ पर्ने अवस्थाबीच रोल्वालिङका छिरिङले भरिया नै बनेर सही, आफ्ना सन्तानहरूको खानपिनमा कमी हुन दिएनन् । उनले आफ्ना ११ सन्तानलाई दुःखै गरेर भएपनि हुर्काए । भलै, उनीहरूको शिक्षादिक्षा भने अघि बढ्न सकेन् । त्यतिबेला ग्रामीण क्षेत्रमा स्कुल नहुनु पनि यसको कारण हुन सक्छ । बुवाले हामीलाई कहिल्यै खानपिनको अभाव हुन दिनुभएन, फुर्वा तेन्जिङ शेर्पा आफ्ना बुवालाई सम्झन्छन्- त्यति बेला हाम्रो घरपरिवारमा निकै समस्या थियो, बुवाले जेनतेन हामीलाई शारीरिक रूपमा फिट राख्न सक्नुभयो, अन्यथा अहिले हामी पटक–पटक सगरमाथा आरोहण गर्न सक्ने थिएनौं ।

हिउँसँग खेल्ने, चौरी हेर्ने तथा भेडा चराउने काममै उनीहरूको बाल्यकाल बित्यो । अरूका लागि स्कुल पाठशाला थिए तर, यी शेर्पा दाजुभाइका लागि हिमाल नै पाठशाला बन्यो । किशोरावस्थामै छिरिङका साइला छोरा पेम्बा दोर्जी शेर्पा हिमालमा भविष्य खोज्न बुवालाई पछ्याउन थाले । भरियाका रुपमा उनी बुवा छिरिङसँगै ट्रेकिङ तथा हिमाल आरोहणमा आउनेहरूसँग हिँड्न थाले । बुवाले नै मलाई हिमाल आरोहणका सीप र कौशलहरू सिकाउनुभएको हो, ३८ वर्षीया कीर्तिमानधारी आरोही पेम्बा दोर्जी भन्छन्- मैले आफ्ना दाइ पेम्बा ग्याल्जेन शेर्पा तथा फुर्वा थुण्डु शेर्पालाई पनि हिमाल आरोहणमा प्रेरित गरे । जेठा पेम्बा ग्याल्जेनले दुई पटक सगरमाथा आरोहण गरे भने माइला फुर्वा थुण्डु शेर्पा ३ पटक सगरमाथा चढे । सन् २००६ मा पुमोरी हिमाल आरोहणका क्रममा फुर्वा थुण्डको हिमपहिरोमा परेर निधन भयो । त्यतिबेला इटालीयन तथा अष्ट्रियनहरूलाई लिएर पुमोरी हिमाल आरोहण गर्न हिँडेका फुर्वा थुण्डुसहित ४ जना शेर्पाको मृत्यु भएको थियो ।

पेम्बा दोर्जीले नै भाइहरू निमा ग्याल्जेन र फुर्वा तेन्जिङ शेर्पालाई पनि हिमाल आरोहणमा ल्याए । सुरुमा क्लाइम्बिङ शेर्पा हुँदै हिमाल आरोहणमा लागेका उनीहरू धेरै पटक सगरमाथा चढिसकेका छन् । निमा ग्याल्जेन दाइले ८ पटक र मैले १३ पटक सगरमाथा आरोहण गरिसकेका छौं– २८ वर्षीय फुर्वा तेन्जिङ भन्छन् । अष्ट्रियामा बस्ने फुर्वाका भाइ फुर्वा थिले शेर्पाले पनि दाजुहरूकै मार्गदर्शनमा तीन पटक सगरमाथाको सफल आरोहण गरिसकेका छन् । पेम्बा दोर्जीका कान्छा भाइबाहेक अरू ६ भाइले सगरमाथा आरोहण गरेका छन् । यही सिजनमा पेम्बा दोर्जीकी बहिनी दावा दिकी शेर्पाले पनि सगरमाथाको सफल आराहेण गरेकी छिन् । सन् २०१५ को भूकम्पको बेला आधारशिविरमा आएको पहिरोमा श्रीमान् लाक्पाछिरी शेर्पालाई गुमाएकी दावा दिकी शेर्पाले एकल महिलाको सन्देश लिएर सगरमाथा आरोहण गरेकी हुन् । दावा दिकीको आरोहणसँगै पेम्बा दोर्जी परिवारका ७ जना दाजुभाइ तथा दिदीबहिनीले सगरमाथा आरोहण गर्ने विश्वकीर्तिमान बनाएको फुर्वा बताउँछन् । २३ मे २०१८ मा पेम्बा दोर्जीसहित उनको परिवारका चार सदस्य दावा दिकी, फुर्वा तेन्जिङ र फुर्वा थिले एकै पटक सगरमाथाको शिखरमा पुगे । यो एउटै परिवारका चार जना सदस्य एउटै समयमा सगरमाथाको चुचुरोमा पुगेको अर्को कीर्तिमान हो । अझ फुर्वाकी भाउजू कान्छीमाया तामाङलाई समेत जोड्ने हो एकै समयमा परिवारका पाँच सदस्य सगरमाथाको चुचुरोको पुगेको नयाँ कीर्तिमान हुने फुर्वाको दाबी छ ।

कपन गुम्बामा अध्ययनरत कान्छा भाइ सोनाम पेम्बा शेर्पाले पनि सम्भवतः आउँदो सिजनमा सगरमाथा आरोहण गर्नेछन् । यसले पनि अब चाँडै अर्को सिजनमा सगरमाथा आरोहण गर्छ, फुर्वाले भने । त्यतिबेला एकै परिवारका ८ दाजुभाइ-दिदीबहिनीले सगरमाथा आरोहण गरेको नयाँ कीर्तिमान बन्नेछ, सबैभन्दा छिटो सगरमाथा चढ्ने कीर्तिमान बनाएका पेम्बा दोर्जीले बताए ।

पेम्बा दोर्जीले १८ पटकको आफ्नो सगरमाथा आरोहणका क्रममा सबैभन्दा छिटो, ७ पटक विना अक्सिजन, १० दिनमा तीन पटक जस्ता कीर्तिमान बनाएका छन् । उनले २१ मे २००४ मा ८ घण्टा १० मिनेटमा सगरमाथा आरोहण गरेर सबैभन्दा छिटो सगरमाथा आरोहण गरेको गिनिज रेकर्ड छ । त्यसअघि पेम्बा दोर्जीले नै १२ घण्टा ४५ मिनेटमा सगरमाथा आरोहण गरेका थिए । ८ हजार मिटरभन्दा माथिका लोत्से हिमाल, मनास्लु र सिसापाङ्मा हिमाल उनले २/२ पटक आरोहण गरेका छन् भने चोयु एक पटक चढेका छन् । पेम्बाले भर्जिन पिक मानिने सोलखुम्बुको नाङपाइ गोसुङ र दोलखाको चेकिगो तथा चाइना-नेपाल फ्रेन्डसिप पिक एक-एक पटक आरोहण गरेका छन् । आमादम्लाङ हिमाल १३ पटक र तिलिचो हिमाल सबैभन्दा छिटो चढ्ने पनि उनै हुन् ।

पेम्बाका भाइ फुर्वा तेन्जिङका पनि थुप्रै कीर्तिमान छन् । सानो उमेरमा सबैभन्दा धेरै पटक सगरमाथा आरोहण, १० दिनमा दुई चोटि, ३ दिनमा दुई चोटि, अक्सिजनबिना दुई पटक सगरमाथा आरोहण उनका कीर्तिमान हुन् । फुर्वाले २८ वर्षको उमेरमै १३ पटक सगरमाथा आरोहण गरेका छन् । पेम्बा दोर्जी आफ्नो परिवारको यो सफलतामा खुसी छन् । ११ जना दाजुभाइ-दिदीबहिनीमध्ये ७ जनाले सगरमाथा आरोहण सम्पन्न गरेकोमा मलाई गर्व र खुसी छ, उनले भने- अर्को वर्ष भाइ पनि चढ्छ, त्यसपछि नयाँ कीर्तिमान बन्नेछ । यद्यपि पेम्बा आफूहरू कीर्तिमानका लागि सगरमाथा नचढ्ने कुरा बताउँदै काम गर्दै जाँदा यो अवसर प्राप्त भएको बताउँछन् ।

सन्तानलाई हिमाल आरोहण कौशल सिकाउने छिरिङ नोर्बु भने सन् २००५ मा बितिसकेका छन् । आमा किनजुम भने अहिले फुर्वा तेन्जिङले गाउँमा खोलेको लजको रेखदेख गर्छिन् ।



## आरोहण र व्यवसाय सँगसँगै

पेम्बा दोर्जीका सात भाइ छोरामध्ये ६ भाइ छोरा आरोहणसँगै व्यवसायमा पनि छन् । दुई पटकका सगरमाथा आरोही पेम्बा ग्याल्जेन शेर्पा नुम्बुर हिमाल ट्रेकिङ एण्ड एक्सपिडिसन कम्पनी चलाएर बसिरहेका छन् । उनको कम्पनीले ट्रेकिङ तथा एक्सपिडिसनको क्षेत्रमा काम गर्छ । माइला फुर्वा थुण्डको हिमाल आरोहणकै क्रममा निधन भैसकेको छ ।

साइला पेम्बा दोर्जी अहिले शेर्पा सेफर्ड नामक एजेन्सीमार्फत एक्सपिडिसन तथा ट्रेकिङमा क्रियाशील छन् । पेम्बाले एक वर्षमा २ सयभन्दा बढी विदेशीलाई देशका विभिन्न हिमश्रृंखलाहरू घुमाउनुका साथै हिमालहरू आरोहण गराउँछन् । उनी चीन, नेपाल, पाकिस्तान, भुटान आदि मुलुकमा साइकलिङको आयोजना गर्नुका साथै वायु प्रदूषण न्युनीकरण गर्न जनचेतना जगाउने काममा समेत क्रियाशील छन् । त्यसपछिका निमा ग्याल्जेन शेर्पा ट्रेकिङ शेर्पा एक्सपिडिसनमार्फत पर्यटनकै क्षेत्रमा कार्यरत छन् ।

फुर्वा तेन्जिङ शेर्पा ड्रिम्स डेस्टिनेसनमार्फत ट्रेकिङ तथा एक्सपिडिसन सम्बन्धी काम गर्छन् । उनले यसबाट चीन, अस्ट्रिया आदि देशमा नेपालको प्रचार-प्रसार गर्ने कामसमेत गरिरहेका छन् । उनी अफ सिजनमा विदेशमा हुन्छन् भने सिजनमा सगरमाथा र अन्य हिमालतिर आरोहण दलहरूसँग हुन्छन् । फुर्वाले सन् २०१५ को महाभूकम्पपछि वी विल राइजको ब्यानर सगरमाथामा प्रदर्शन गरेर विश्वलाई सगरमाथा सुरक्षित रहेको सन्देश दिएका थिए । फुर्वा विदेशीको सहयोग जुटाएर स्कुल तथा घरहरूको पुनर्निर्माणमा समेत सक्रिय छन् । टासी लाप्सा पासमा सेल्टर बनाउन समेत जुटेका फुर्वा रोल्वालिङको पर्यटकीय विकास एवं सामाजिक काममा पनि सक्रिय छन् । फुर्वा थिले ६ महिना अस्ट्रिया तथा ६ महिनामा नेपालमा बस्छन् । उनी अस्ट्रियामा बस्दा कुकको काम गर्छन् भने नेपाल आएर हिमाल आरोहणमा सक्रिय हुन्छन् ।

उनीहरूका चार दिदीबहिनीमध्ये दावा दिकी आरोही भैहालिन् । बाँकी तीनमध्ये जेठी बहिनी पासाङ फुटी (चुमु) शेर्पा अमेरिकामा छिन् । लाक्पा दिकी शेर्पा कपनमा बस्छिन् भने निमा हामु शेर्पा अहिले काठमाडौंमा प्लस टु अध्ययनरत छिन् ।

# समर फेसन एन्ड केयर

● सिर्जना दुवाल श्रेष्ठ

**इन्दिरा जोशी, गायिका**

पहिरन : अहिले जमाना रेडी टु वेयरको छ । ट्रेन्डी रन वे फेसनमा जे छ, म त्यस्तै किनिरहेकी हुन्छु । यद्यपि म ट्रेन्डको पछाडि कहिल्यै लागिनँ । ट्रेन्डमा आफूलाई सुहाउने सामग्री भित्रिएको छ भने किनिहाल्छु । म लबिम मलस्थित केडीएका पहिरन बढी किन्छु । स्टेजका लागि भने डिजाइनर वेयर नै लगाउँछु । अहिले पेज थ्रीका पहिरन बढी लगाइरहेकी छु । समरमा कुल अनि सफ्ट फेब्रिक बढी प्रयोग गर्छु । म ठाउँअनुसार जिन्स, वान पिस, स्कर्ट, गाउन तथा साडीहरू लगाउँछु ।

**जुत्ता :** म जुत्ताको क्रेजी छु । कतै जाँदा जुत्ता किनेर ल्याइरहन्छु । मसँग किसिम-किसिमका जुत्ता छन् । मलाई पम्प तथा स्यान्डल नै बढी सुहाउँछ, तर हाइ हिल्स पनि लगाइरहन्छु । आफूसँग थुप्रै कलरका जुत्ता भए पनि बढीजसो ब्ल्याक, न्युड तथा ह्वाइट कलरका जुत्ता प्रयोग गर्छु ।

**मेकअप :** म आफैं मेकअप गरेर कार्यक्रममा सहभागी हुन्छु । मलाई त्यति राम्रो मेकअप गर्न त आउँदैन, नर्मल मेकअप नै गर्छु तर प्रोडक्ट भने राम्रो ब्रान्डकै चलाउँछु । फुर्सद हुँदा युट्युब आदि हेरेर मेकअप गर्छु । मलाई स्मोकी आइज मेकअप आकर्षक लाग्छ ।

**केश :** हेयर स्टाइल भने समय-समयमा चेन्ज गरिरहन्छु । मेरो केशमा कर्ल र कलर त्यति नबस्ने हुँदा पार्लर गैरहन्छु । हेयर स्टाइल र केयरका लागि हेयर एन्ड शान्ति तथा लक्ष्मी ठाकुरकहाँ जान्छु । अहिले मेरो हेयर स्टाइल बफ कट छ ।

**एसेसरिज :** एसेसरिजहरू लगाउन त्यति मन लाग्दैन । नेकलेस त लगाउँदिन तर पहिरनअनुसार इयरिङहरू लगाउँछु । घडी भने प्रायः छुट्दैन । यद्यपि मसँग एसेसरिजको राम्रो कलेक्सन छ ।

**नम्रता श्रेष्ठ, अभिनेत्री**

**पहिरन :** मलाई क्याजुअल पहिरन मनपर्छ । त्यसमा पनि यो समरमा प्यांक टप्सहरू लगाइरहन्छु । सनवर्न हुने डरले गर्मीमा पनि पातलो ज्याकेट वा आउटर लगाउँछु । हाफ पाइन्ट तथा कटन स्कर्ट बढी लगाउँछु । कटन तथा लेनिनले गर्मी महसुस गराउँदैन र कुल रहन सकिन्छ । समरमा न्युड, ह्वाइट, लाइट ब्लु, लाइट पिंक आदि लाइट कलरका पहिरन मेरो च्वाइसमा हुन्छन् । म हरेक दिनजसो नै केही न केही किनिरहेकी हुन्छु ।

**जुत्ता :** समरमा स्यान्डल तथा कन्भर्स मन पर्छन्, तर मसँग थुप्रै कलर र हिल्सका जुत्ताको कलेक्सन छ ।

**एसेसरिज :** म खासै एसेसरिज लगाउँदिन । समरमा भने ब्यांगल, घडी तथा दुई-तीनवटा औंठी लगाउँछु ।

**मेकअप :** हेबी मेकअप क्यारी गर्न गाह्रो लाग्छ । गर्मीले गर्दा मेकअप मेन्टेन गर्न पनि उत्तिकै गाह्रो हुन्छ । म मिनरल मेकअप मन पराउँछु भने मेकअप उतार्न पनि अल्छी गर्दिनँ । म राति क्लिन्जिङ अनि स्क्रब गरेर मात्र सुत्छु । समय-समयमा फेस मास्क पनि लगाउँछु ।

**हेयर :** नेचुरल हेयर नै मन पर्छ । हेयर ट्रिटमेन्ट र आयल मसाज भने गराइरहन्छु । अब हेयर स्टाइलमा केही चेन्ज ल्याउने प्लान छ ।

**समर डाइट :** वर्क आउट बढी गर्छु । दुब्ली भएकीले डाइट प्लानिङ त्यति गर्दिन । जुस तथा फलफूल बढी खान्छु । पिनट, आलमण्ड, चिकेन तथा अण्डा पनि खाइरहन्छु ।

**आकाश श्रेष्ठ, अभिनेता**

पहिरन : म त्यति ड्रेस कन्सस त छैन, तर आफूलाई जुन पहिरन सजिलो लाग्छ त्यही लगाउँछु । धेरैजसो कटनका सर्ट र लिनेनका पाइन्ट लगाउँछु । समरमा स्काइ ब्लु, ह्वाइट आदि लाइट कलरका सर्ट तथा ब्ल्याक पाइन्ट बढी लगाउँछु । म प्रायःजसो जारा, म्यान तथा बलेनोका पहिरन प्रयोग गर्छु भने धेरैजसो सामान दरबारमार्ग तथा पिपुल्स प्लाजामा किन्छु ।

**जुत्ता :** म सजिलो जुत्ता रुचाउँछु । पार्टी सुज तथा क्याजुअल सुज पनि लगाइरहन्छु । गुच्ची र टम्मी हिलफिगरका जुत्ता मेरो कलेक्सनमा छन् । मलाई यिनै ब्रान्डका जुत्ता सहज लाग्छन् ।

**हेयर स्टाइल :** हेयरमा स्पाइकी मन पर्छ । मेरो हेयर नर्मल नै हुन्छ । म प्रायः घर नजिकै आफ्नो केश काट्छु ।

**स्किन केयर :** स्किनका लागि हिमालयनका प्रोडक्ट प्रयोग गर्छु । सुटिङमा मेकअप लगाइने हुँदा घरमा क्लिन्जिङ गरेर सफा गर्छु ।

**डाइट प्लान :** स्वास्थ्यको एकदमै ख्याल राख्छु । आफूलाई फिट राख्न डाइट कन्सस छु । चिल्लोरहित खानेकुरा मन पर्छन् । पिरो खान सक्दिन । चिल्लो र पिरोविनाका सबै प्रकारका पहिरन खान्छु ।



अहिले जमाना रेडी टु वेयरको छ । ट्रेन्डी रन वे फेसनमा जे छ, म त्यस्तै किनिरहेकी हुन्छु । यद्यपि म ट्रेन्डको पछाडि कहिल्यै लागिनँ । ट्रेन्डमा आफूलाई सुहाउने सामग्री भित्रिएको छ भने किनिहाल्छु । म लबिम मलस्थित केडीएका पहिरन बढी किन्छु । स्टेजका लागि भने डिजाइनर वेयर नै लगाउँछु ।

KMG

# सर्वाधिक ठूलो शैक्षिक मेला

The British College PRESENTS

kathmandupost

# EDU CON

UNLOCKING YOUR FUTURE

द काठमान्डु पोस्ट प्रस्तुत गर्दछ, शिक्षाको माध्यमले दक्ष जनशक्तिको सृजनामा केन्द्रीत नेपालकै सर्वाधिक ठूलो शैक्षिक मेला ।

+२ तथा स्नातक उत्तिर्ण विद्यार्थीहरुका लागि नेपालमै एवं विदेशमा उपलब्ध शैक्षिक अवसरहरुसँग परिचित गराउनु नै एडुकनको मूल उद्देश्य रहेको छ ।

एकै छाना मुनि १०० भन्दा बढी शीर्ष शैक्षिक संस्थाहरु सम्मिलित गर्दै, एडुकनले तपाईंको शैक्षिक मार्ग निर्धारण गर्न एवं आवेदन प्रक्रियाको लागि तपाईंलाई तयार गर्न मद्दत पुऱ्याउनुको साथै अवसरहरुले भरिपूर्ण यात्राको शुभारम्भको लागि आवश्यक सीप एवं जानकारी प्रदान गर्दछ ।

**6 to 8 JULY 2018 | स्थान - भृकुटी मण्डप**

IN ASSOCIATION WITH RISE EVENTS

## दैनिक लक्की ड्र

WIN A NOKIA PHONE



WIN MOVIE TICKETS — BSR MOVIES

WIN TICKETS TO KATHMANDU FUN VALLEY — Kathmandu Fun Valley, Nepal's Largest Water Park

MOUNTAIN FLIGHT

NOKIA MOBILE, BSR MOVIE TICKETS, KATHMANDU FUN VALLEY TICKETS & EVERYDAY MOUNTAIN FLIGHT TICKETS FOR LUCKY VISITORS.

TITLE SPONSOR: The British College

MAIN SPONSOR: neosphere — Shaping Digital Futures

SPONSORS: Mercy Education; ismt College; IIMS College Since 2010

BANKING PARTNER: Nabil Bank

INSURANCE PARTNER: Citizen Life Insurance

SUPPORTED BY: IST Secondary School

IT PARTNER: C2W

CO-SPONSORS

Indo Asian Educational Consultancy Pvt. Ltd.; LBEF Campus; Excel Business College; Padmashree International College; CG Institute of Management; Virinchi College; Vibrant; Lovely Professional University; Informatics Consultancy (P.) Ltd.; Indo-Global Foundation; Shatakshee; Patan College for Professional Studies; VC; ModelGlobal Visas Consultancy; Dream Destiny Education Foundation; EP Education Australia; Indo-World Educational Consultancy



# विश्वकपका केही रोचक क्षण




**आयोजक नै विजेता भएको विश्वकप**

| | |
|---|---|
| १९३० | उरुग्वे |
| १९३४ | इटाली |
| १९६६ | इंग्ल्यान्ड |
| १९७४ | जर्मनी |
| १९७८ | अर्जेन्टिना |
| १९९८ | फ्रान्स |

**विश्वकप धेरै पटक जित्ने राष्ट्र**

| | |
|---|---|
| ब्राजिल | ५ पटक |
| जर्मनी | ४ पटक |
| इटाली | ४ पटक |
| अर्जेन्टिना | २ पटक |
| उरुग्वे | २ पटक |
| फ्रान्स | १ पटक |
| इंग्ल्यान्ड | १ पटक |
| स्पेन | १ पटक |

**धेरै पटक फाइनल खेल्ने राष्ट्र**

| | |
|---|---|
| जर्मनी | ८ पटक |
| ब्राजिल | ७ पटक |
| इटाली | ६ पटक |
| अर्जेन्टिना | ५ पटक |
| नेदरल्यान्ड | ३ पटक |
| फ्रान्स | २ पटक |
| उरुग्वे | २ पटक |
| हंगेरी | २ पटक |
| चेकोस्लोभाकिया | २ पटक |
| इंग्ल्यान्ड | १ पटक |
| स्पेन | १ पटक |
| स्विडेन | १ पटक |

पहिलो विश्वकप सन् १९३० मा युरोपबाट सहभागी भएका बेल्जियम, फ्रान्स, रोमानिया तथा युगोस्लाभियाका खेलाडीहरूले पानीजहाजबाट आफ्नो यात्रा तय गरेका थिए । उक्त प्रतियोगितामा पेरु, अमेरिका, पराग्वे, चिली, मेक्सिको, अर्जेन्टिना, ब्राजिल, बोलिभिया तथा उरुग्वेले समेत सहभागिता जनाएका थिए ।






ब्राजिलका जेरजिन्हो विश्वकपको फाइनल चरणका सबै खेलमा गोल गर्ने एक मात्र खेलाडी हुन् । सन् १९७० को विश्वकप ब्राजिललाई दिलाउने क्रममा उनले सबै खेलमा गोल गरेका थिए ।

दोस्रो विश्वयुद्धका कारण सन् १९४२ तथा १९४६ को विश्वकप फुटबल हुन सकेन ।




विश्वकपमा सर्वाधिक चाँडो गोल गर्ने खेलाडीमा हाकन सुकर हुन् । सन् २००२ को विश्वकपमा दक्षिण कोरियाविरुद्ध टर्कीका सुकरले खेल सुरु भएको ११ सेकेन्डमै गोल गरेका थिए ।

## कसलाई कति पुरस्कार

| | |
|---|---|
| विजेता | ४ अर्ब ६ करोड ६० लाख रूपैयाँ |
| उपविजेता | ३ अर्ब रूपैयाँ |
| तेस्रो टिम | २ अर्ब ५७ करोड ६० लाख रूपैयाँ |
| चौथो टिम | २ अर्ब ३६ करोड ८० लाख रूपैयाँ |
| क्वाटरफाइनल हार्ने टिम | १ अर्ब ७१ करोड २० लाख रूपैयाँ |
| प्रिक्वाटरफाइनल हार्ने टिम | १ अर्ब २९ करोड ६० लाख रूपैयाँ |
| लिग चरण हार्ने टिम | ८६ करोड ४० लाख रूपैयाँ |



सबैभन्दा धेरै विश्वकप खेल्ने खेलाडी मेक्सिकोका एन्टोनियो कार्बाजल, जर्मनीका लोथार म्याथुएस तथा इटालीका गोलकिपर जियानलुगी बुफोन हुन् । उनीहरूले लगातार ५ वटा विश्वकप खेलेका थिए ।






विश्वकप जित्दा टिममा सर्वाधिक रहने खेलाडी ब्राजिलका पेले हुन् । सन् १९५८, १९६२ र १९७० को विश्वकप ब्राजिलले जित्दा उनी टिमका महत्वपूर्ण खेलाडी थिए । पेलेको नाममा विश्वकपमा कम उमेर १७ वर्षको उमेरमा गोल गर्ने र कम उमेरमा विश्वकप जित्ने खेलाडीको कीर्तिमान समेत छ ।



विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडी जर्मन खेलाडी मिरोस्लाभ क्लोस हुन् । ४ विश्वकप (२००२, २००६, २०१० र २०१४) खेल्ने क्रममा उनले १६ गोल गरेका थिए । क्लोसपछि सर्वाधिक गोल गर्ने खेलाडी ब्राजिलका रोनाल्डो हुन् । उनले ४ विश्वकप (१९९४, १९९८, २००२ र २००६) खेल्ने क्रममा १५ गोल गरेका थिए ।



जर्मनीले सन् १९५४ को विश्वकप जित्दा फ्रिन्ज र ओट्मर वाल्टर तथा इंग्ल्यान्डले १९६६ को विश्वकप जित्दा बबी र ज्याक चार्ल्टन दाजुभाइ टिममा थिए ।






विश्वकप जित्दा सर्वाधिक उमेरका खेलाडी इटालीका डिनो जोफ थिए । इटालीले सन् १९८२ को विश्वकप जित्दा डिनोको उमेर ४० वर्ष थियो ।

विश्वकप छनौटका लागि भएको सबै १० खेल जित्ने स्पेन र जर्मनी मात्र हुन् । सन् २०१० को विश्वकपका लागि भएको छनौटमा स्पेनले तथा सन् २०१८ को विश्वकपका लागि जर्मनीले छनौट चरणका सबै खेल जितेका थिए ।

विश्वकपको छनौटमा सर्वाधिक गोल अन्तरले सफलता प्राप्त गर्ने मुलुक अस्ट्रेलिया हो । सन् २००१ मा भएको छनौट चरणको खेलमा अस्ट्रेलियाले अमेरिकन सामोआलाई ३१-० गोलले पराजित गरेको थियो ।




विश्वकपको फाइनल चरणमा सर्वाधिक गोल अन्तरको जित-हार सन् १९८२ को विश्वकपमा हंगेरी (१०) तथा एल साल्भाडोर (१) बीच भएको थियो ।



एउटै विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडी फ्रान्सका जष्ट फोन्टिन हुन् । सन् १९५८ को विश्वकपमा उनी एक्लैले १३ गोल गरेका थिए ।

# फेरि युरोप र दक्षिण अमेरिकाकै वर्चस्व



विश्व फुटबलमा दुई महाशक्ति महादेश छन्, युरोप र दक्षिण अमेरिका । यो तथ्य फेरि एकपटक सावित भएको छ, विश्वकप-२०१८ का क्रममा । अहिले विश्वकप क्वाटरफाइनल चरणमा पुगेको छ । यसको अर्थ अब प्रतियोगितामा आठ टिमको मात्र चुनौती बाँकी छ । आजदेखि नै यी क्वाटरफाइनलका खेल सुरु हुनेछन् । अब प्रतियोगितामा के-कसो हुन सक्छ, त्यसको रूपरेखा पनि तयार छ ।

अन्तिम आठमा पुगेका टिममध्ये ६ वटा टिम युरोपका छन् भने बाँकी दुई दक्षिण अमेरिकाका । यहाँ फेरि एउटा प्रश्न सान्दर्भिक भएको छ र त्यो हो– किन एसिया तथा अफ्रिकी टिम विश्वकपमा धेरै अघिसम्म पुग्न सक्दैनन् । अन्तिम आठको चरणसम्म पनि पुग्न नसक्नु एसिया र अफ्रिकी टिमका लागि असफलताको संकेत हो । कम्तीमा जापान अन्तिम १६ सम्म पुगेको थियो, कुनै पनि अफ्रिकी टिमले त्यति पनि सफलता हात पार्न सकेनन् ।

प्रतियोगिता दोस्रो चरणमा प्रवेश गर्दा केही अपेक्षित नतिजा आए भने केही नितान्त अनपेक्षित नतिजा आए । जस्तो साविकको विजेता जर्मनी अघिल्लै चरणमा बाहिरियो भने अन्य दुई पूर्व विश्वकप विजेता यही चरणमा रोकिए । फ्रान्सले अर्जेन्टिनालाई ४-३ ले हरायो भने स्पेन आयोजक रूसको हातबाट टाइब्रेकरमा स्तब्ध भयो । पेनाल्टी सुटआउटमा स्पेन ४-३ ले पछाडि पर्‍यो । युरोपेली च्याम्पियन पोर्चुगललाई पनि उरुग्वेले २-१ ले पराजित गर्‍यो ।

ब्राजिल र बेल्जियमको जित भने धेरै हदसम्म अपेक्षित थियो । ब्राजिलले मेक्सिकोलाई २-० ले हरायो । बेल्जियमले भने उत्कृष्ट पुनरागमन रच्दै जापानलाई ३-२ ले निराश तुल्यायो । उक्त खेलमा बेल्जियम एक समय दुई गोलले पछाडि थियो र जापानले अप्रत्याशित नतिजा निकाल्ने छाँट देखाएको थियो, तर अन्त्यमा उक्त समीकरण फेरियो । बेल्जियम तीन गोल फर्काउन सफल भयो ।

प्रतियोगितामा अहिलेसम्म सबैभन्दा राम्रो खेल्न सफल क्रोएसियाले डेनमार्कलाई हराउन भने संघर्ष गर्नुपर्‍यो । टाइब्रेकरमा पुगेको उक्त खेलमा अन्ततः क्रोएसिया ३-२ ले विजयी भयो । दुई युरोपेली देशको भिडन्तमा स्वीडेनले स्वीजरल्यान्डलाई १-० ले हरायो । कोलम्बियामाथि इंग्ल्यान्डको जितपनि टाइब्रेकरमै सम्भव भयो । त्यसमा युवा खेलाडीले भरिएको इंग्ल्यान्ड ४-३ ले विजयी रह्यो ।

अब अन्तिम आठमा चार पूर्व विश्वकप विजेता बाँकी छन्– ब्राजिल, उरुग्वे, फ्रान्स र इंग्ल्यान्ड । अबको प्रश्न के पनि हुनेछ भने के विश्वकपले नयाँ विजेता पाउनेछ अथवा फेरि एकपटक यसअघि नै विश्वकप जितिसकेका टिमले फेरि त्यस्तै सफलता दोहर्‍याउनेछन् । अहिलेसम्म विश्वकप नजितेका दुई टिमबाट त्यस्तो केही अपेक्षा गर्न सकिन्छ, अर्थात् बेल्जियम र क्रोएसियाबाट ।

क्वाटरफाइनलमा सबैभन्दा ठूलो खेल हुनेछ, ब्राजिल विरुद्ध बेल्जियम । यही 'पोल' मा उरुग्वे र फ्रान्सबीच पनि प्रतिस्पर्धा हुनेछ । त्यो दुई पूर्वविजेताको खेल हुनेछ । यिनै चार टिममध्ये एकले फाइनलको यात्रा गर्नेछन् । संयोग कस्तो छ भने यहाँबाट बेल्जियम अघि बढ्न सफल भयो भने विश्वकपले नयाँ विजेता पाउनेछ । त्यसका लागि बेल्जियम सक्षम पनि देखिन्छ, तर उसले सबैभन्दा ठूलो खड्गो ब्राजिललाई पन्छाउन सक्नुपर्छ ।

अर्को 'पोल' मा पूर्व विजेता इंग्ल्यान्ड मात्र छ । इंग्ल्यान्डको तत्कालको प्रतिद्वन्द्वी स्वीडेन हो । यस्तै अर्को खेलमा आयोजक रूसले क्रोएसियाको सामना गर्नेछ । रूसको अहिलेसम्मको यात्रा पनि आफैमा रोमाञ्चक छ । विश्वकप सुरु हुनुअघिसम्म फिफा वरियतामा (विश्वकप-२०१८ का सहभागीहरू मध्ये) सबैभन्दा पुछारमा रहेको रूसले केही गर्नेछ भनेर कसैले विश्वास गरेका थिएनन्, अहिले यही टिम अन्तिम आठमा पुगेको छ ।

अहिले पूरा रूस फुटबलमय भएको छ र सबै रूसी फुटबल समर्थक खुसीले उत्सव मनाइरहेका छन् । स्पेनलाई पन्छाएको रूसले अब त्यो भन्दा पनि ठूलो चुनौतीका रूपमा क्रोएसियाको सामना गर्नेछ । इंग्ल्यान्डले अहिलेसम्म तय गरेको यात्रामा भने उसका समर्थक खुसी छन् । इंग्ल्यान्डले युवा खेलाडीको टिम उतारेकाले पनि यहाँसम्मको यात्रा तय गरेको हो । पूर्व विजेताका आधारमा अर्को 'पोल' को तुलनामा इंग्ल्यान्डलाई केही सजिलो पनि छ । उसले अब क्वाटरफाइनलमा स्वीडेनको सामना गर्नुपर्नेछ, जुन चाहिँ त्यति सहज हुनेछैन ।

# विश्वकपमा यो साता



असार २२ गते साँझ ७:४५ बजे

खेल नं. ५७
फ्रान्स विरुद्ध उरुग्वे

### उरुग्वेविरुद्ध फ्रान्स

उरुग्वेविरुद्ध फ्रान्सको प्रदर्शन राम्रो छैन । यी दुई टिम अहिलेसम्म ६ पटक एकअर्काविरुद्ध भिडेका छन्, जसमा फ्रान्स एकपटक पनि विजयी भएको छैन, बरु उरुग्वे २ खेल जितेको छ भने ४ खेल बराबरीमा टुंगिएका छन् । अहिले यी दुवै टिम लयमा छन् । उरुग्वेले लगातार ४ खेल जितेको छ । उसको सबैभन्दा ठूलो चुनौती लयमा रहेका फ्रान्सेली फरवार्ड केयलिन एमबापेलाई रोक्नु हुनेछ । फ्रान्सको खेलमा भने एकरूपता छैन । उसले अर्जेन्टिनाविरुद्ध राम्रो खेले पनि अन्य खेलमा उसको प्रदर्शन अपेक्षाअनुरूप थिएन ।

### स्वीडेनविरुद्ध इंग्ल्यान्ड

यी दुवै टिम अन्तिम आठमा पुग्छन् भन्ने अपेक्षा गरिएको थिएन । इंग्ल्यान्ड युवा खेलाडीले भरिएको छ । उसको डिफेन्स कमजोर छ, तर टिमको आक्रामक प्रदर्शनले सबैलाई प्रभावित तुल्याएको छ । स्विडेन र इंग्ल्यान्डबीच भएका खेलको इतिहास लामै छ । उनीहरूले माथिल्लो दर्जाको फुटबलमा कम्तीमा २४ पटक एक-अर्काविरुद्ध खेलेका छन्, जसमा इंग्ल्यान्ड ८ पटक विजयी रह्यो भने स्वीडेन ७ पटक । त्यस क्रममा ९ खेल बराबरीमा टुंगिएका थिए ।




असार २३ गते साँझ ७:४५ बजे

खेल नं. ५९
स्वीडेन विरुद्ध इंग्ल्यान्ड

### ब्राजिलविरुद्ध बेल्जियम

ब्राजिल र बेल्जियम ४ पटक एक-आपसमा भिडेका छन् । त्यसमध्ये ३ खेलमा ब्राजिल विजयी भएको छ । अन्तिम पटक ब्राजिलले विश्वकप २००२ को अन्तिम १६ मा बेल्जियमलाई २-० ले हराएको थियो । बेल्जियमले पनि लगातार ४ खेल जितेको छ । टिमका अधिकांश सदस्य देशको स्वर्णिम पुस्ताका खेलाडी हुन् । ब्राजिल यसपटकको विश्वकपको सबैभन्दा बलियो दावेदार हो । उसको डिफेन्स कमजोर छ, तर नेयमार ठीक समयमा लयमा देखिएका छन् ।



असार २२ गते राति ११:४५ बजे

खेल नं. ५८
ब्राजिल विरुद्ध बेल्जियम



असार २३ गते राति ११:४५ बजे

खेल नं. ६०
क्रोयसिया विरुद्ध रसिया

### रुसविरुद्ध क्रोएसिया

आयोजक रुसका लागि क्वाटरफाइनलसम्म पुग्नु नै ठूलो उपलब्धि हो । क्रोएसिया पनि लयमा रहेको टिम हो । अर्जेन्टिनाविरुद्ध उसको प्रदर्शन सानदार थियो । अहिलेसम्म यी दुई टिम एक-अर्काविरुद्ध ३ पटक भिडेका छन्, जसमा रुसले जित आत्मसात् गर्न सकेको छैन । उनीहरूबीच युरो-२००८ छनौटका क्रममा २ खेल भएको थियो । दुवै खेल बराबरीमा टुंगिएको थियो भने अर्को एउटा मैत्रीपूर्ण खेलमा क्रोएसिया ३-१ ले विजयी भएको थियो ।



# म्याराडोनाको महँगो समर्थन

विश्वकप हेर्न रूस पुगेका डिएगो म्याराडोना आफ्नो खराब आचरणका कारणले चर्चामा रहे । रंगशालामै सिगार तानेर होस् अथवा बीचको औंला देखाएर खुसी मनाएर होस्, उनी विवादमा आइरहे । अझ रमाइलो के भने उनले जुन-जुन टिमको समर्थन गरेका थिए, ती पराजित हुँदै गए । म्याराडोना अर्जेन्टिनी टिमको समर्थक त हुने नै भए, तर यही टिम अन्तिम १६ भन्दा अघि बढ्न सकेन । त्यसपछि म्याराडोनाले कोलम्बियालाई समर्थन गरे र उक्त टिमको जर्सी नै लगाएर मैदानमा पुगे । यद्यपि कोलम्बिया पनि पराजित भयो । म्याराडोना ब्राजिलका भने विरोधी हुन् र उनले नेयमारको चर्को आलोचना गरिरहेका छन्, तर के गर्नु अहिले यही टिमले राम्रो गरिररहेको छ ।



# इंग्लिस 'वाग्स'

जहाँ इंग्लिस फुटबल टिम हुन्छ, त्यहाँ टिमका खेलाडीका प्रेमिकाहरू पनि हुन्छन् । त्यसैले पनि विश्व मिडियाले उनीहरूलाई पछ्याइरहेको हुन्छ । यसमा विश्वकप २०१८ मात्र किन अपवाद हुन सक्छ ? इंग्लिस टिमसँगै अहिले रूसमा खेलाडीका पत्नी तथा गलफ्रेन्डहरू पनि छन्, अर्थात् 'वाग्स' । कोलम्बियामाथि जित हात पारेपछि ती पत्नी तथा गलफ्रेन्डहरू पनि उत्तिकै खुसी भए । उनीहरूले रंगशालामै आफ्ना प्रेमी खेलाडीलाई अँगालो मारे र सबैका अगाडि चुम्बन गरे । त्यसक्रममा मिडिया भने तिनको पछाडि लागेका लागै थिए ।




# रूँदै सफा गर्दै

बेल्जियमविरुद्धको खेलमा जापान एक समय जितको संघारमा थियो, २-० ले तर जापान ३-२ ले पराजित भयो । यो जापानी समर्थकहरूका लागि निकै पीडादायक थियो । त्यस क्रममा रूस पुगेका जापानी समर्थकहरूले पनि आफ्नो आँसु रोक्न सकेनन्, तर उनीहरू विश्व फुटबलमा जुन कुराका लागि प्रसिद्ध छन्, त्यो काम गर्न भने चुकेनन् । बेल्जियमसँग पराजित भएपछि जापानी समर्थकहरूले रुँदै खेल भएको रंगशाला सफा गरे र जुन वास्तवमै हेर्न लायक थियो । जापानले खेलेका चारै खेलमा जापानीहरूले यो काम गरे र बटुले, संसारभरीको प्रशंसा ।



# खेल अघि यस्तो

सुरुमा हल्ला के चल्यो भने आइसल्यान्डका खेलाडीहरू माथि यौनसम्पर्क गर्न प्रतिबन्ध लगाइएको छ । हल्ला निकै बढेपछि टिम व्यवस्थापनले नै त्यसको उत्तर दिन आवश्यक भयो । व्यवस्थापनको दाबी थियो- विश्वकपमा डेब्यु गरिरहेको आइसल्यान्डका खेलाडीहरूमाथि त्यस प्रकारको कुनै प्रतिबन्ध लगाइएको छैन । पछि के सम्म समाचार आयो भने नाइजेरियाविरुद्ध समूह चरणको खेलको अघिल्लो रात लगभग सबै खेलाडीले आफ्नी पत्नी अथवा प्रेमिकासँग यौनसम्पर्क राखेका थिए । उक्त समाचारले खेलाडीहरूमाथि यौनसम्पर्क राख्न प्रतिबन्ध लगाइएको कुरालाई नै पुष्टि गऱ्यो ।



# रूसीलाई हाँस्ने शिक्षा

विश्वकपका क्रममा लाखौं फुटबल समर्थक तथा प्रशंसकहरू रूस पुगेका छन् । यसक्रममा रूसका प्रमुख सहरहरू पाहुनाले भरिएका छन्, विशेषतः विश्वकपका खेल हुने सहरहरू । यसका लागि रूसी सरकारले सहर सफा राख्न, नयाँ बाटो निर्माण गर्न, नयाँ विमानलस्थल तयार पार्न करोडौं डलर खर्च गरेको छ, तर यत्तिले मात्र त पुग्दैन होला, खास प्रभाव त रूसी जनताले पाहुनालाई कसरी स्वागत गर्नेछन् भन्नेमै निर्भर हुने हो । त्यसैले रूसी सरकारले रूसी नागरिकहरूलाई विदेशी पाहुनाका अगाडि कसरी हाँस्ने र तिनको स्वागत कसरी गर्ने भन्ने कुरा पनि सिकाएको छ । रूसी सरकारको ठहर छ- मुस्कानबाटै सबैको मन जित्न सकिन्छ ।



# सान्चेजको तयारी

विश्वकप-२०१८ मा हेर्न नपाइएको सबैभन्दा ठूलो नाम मध्ये एक हो- एलेक्स सान्चेज । चिली छनोट नभएपछि सान्चेजको यसपटकको विश्वकप खेल्ने सपना तुहिएको थियो । अहिले उनी ब्राजिलमा छन् र आउने सिजनको तयारीमा छन् । सान्चेजको ताजा तयारी भने ब्राजिलका बीचहरूमा चलिरहेको छ, त्यो पनि आफ्नै प्रेमिकासँग । सान्चेजले आफ्नो यो तयारीका केही तस्बिर इन्स्टाग्राममा हालेका छन्, जसमा उनकी सुन्दर गर्लफ्रेन्ड मायात पनि देखिन्छिन् । तस्बिरमा मायातले लगाएको पोसाक पनि उत्तिकै आकर्षक देखिन्छ । यस्तोमा यो समाचार विश्व भरी छाउन समय नै लागेन ।




# अन्डा हानेर स्वागत

दक्षिण कोरियाका लागि यसपटकको विश्वकप सुखद रहेन, भलै टिमले डिफेन्डिङ च्याम्पियन जर्मनीमाथि २-० को सनसनीपूर्ण जित निकालेको थियो तै पनि टिम दोस्रो चरणमा पुग्न सकेन । यस्तोमा टिम निराश हुँदै घर फर्कन बाध्य भयो । यता घरमा पनि टिमको राम्रो स्वागत हुन सकेन । विमानस्थलमै खेलाडीहरूलाई अन्डाको स्वागत प्राप्त भयो । कोरियाली संस्कृतिमा अन्डा हान्नुलाई विरोधको ठूलो स्वरूप मानिन्छ । त्यो टिमको खराब प्रदर्शनप्रतिको रोष नै थियो । दक्षिण कोरियाली फुटबल संघले भने अन्डा हान्ने समर्थकहरूलाई कुनै कारबाहीका लागि प्रयास नगर्ने जानकारी दिएको छ ।



# ठीक कि बेठीक ?

विश्वकप-२०१८ मा खेलाडीले प्रतियोगिता चलिरहेका बेला यौनसम्पर्क राख्नु हुन्छ कि हुँदैन भन्ने विषय पनि चर्चा र विवादको विषय रह्यो । विश्व फुटबलमा यसका सम्बन्धमा दुईवटा मान्यता छन् । पहिलो, यौन सम्पर्क राखे हुन्छ अर्को, राख्नु हुँदैन । राख्नु हुँदैन भन्नेहरूको तर्क के छ भने- यसले खेलाडीको प्रदर्शनमा असर पार्छ । यौन सम्पर्कले खेलाडीलाई थकित तुल्याउँछ । हुन्छ भन्नेहरूको तर्क छ- यौन सम्पर्कपछि खेलाडीहरू तनावबाट मुक्त हुन्छन् । यस्तोमा यूएसए टुडेले लामै अनुसन्धान गरेर एउटा समाचार तयार पारेको छ । त्यसको निचोड छ, खेलाडीले प्रतियोगिताका क्रममा यौनसम्पर्क राखे हुन्छ, तर खेल भएको दिन यौनसम्पर्क नराख्नु नै राम्रो, त्यसको अघिल्लो रात गरिएको यौनसम्पर्कले भने केही फरक पार्दैन ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

असार २३ गते
विश्व सहकारी दिवस

असार २७ गते
विश्व जनसंख्या दिवस ।

## मेष

आलोचना गर्नेहरू प्रशंसा गर्न थाल्नेछन् । आफ्नो दृढताका कारण पराजयको सामना गर्नुपर्नेछैन । काममा सानोतिनो त्रुटिले मर्यादामा आँच पुऱ्याउन सक्छ । कार्य सम्पादन गर्दा विशेष होसियार अपनाउनुहोला । सुनौलो रंगको प्रयोग फलदायी हुनेछ ।

## वृष

जीवनशैलीमा फड्को मार्न थप मेहनत आवश्यक छ । आफ्नो उपस्थित बेगर अरूको विश्वासमा गरिएको आर्थिक लगानीले नोक्सान पुऱ्याउन सक्छ । वैदेशिक यात्राको योग छ । साताको अन्त्यमा पूण्य आर्जनमा सरिक भइनेछ ।

## मिथुन

ईर्ष्या गर्नेहरू तपाईंको प्रगति देखेर छटपटाउनेछन् । प्रतिस्पर्धामा शारीरिक आलस्यताले अवसर फुत्कन सक्ने सम्भावना छ । कुनै पनि काममा प्रतिफल हात पार्न ठूलै प्रयत्न गर्नुपर्नेछ । अपेक्षा गरेजस्तै उपलब्धि हात पार्न ईंटा रंगको पहिरन प्रयोग गर्नुहोला ।

## कर्कट

लगानीअनुरूप प्रतिफल हात पार्न ठूलै प्रयास गर्नुपर्नेछ । सभा-सम्मेलनमा भाग लिने अवसर जुट्नेछ । हठ गर्ने बानीले परिवारमा मनमुटाव सिर्जना गर्न सक्छ । व्यवसाय गर्दा प्रशस्त मुनाफा होला । सेतो तथा रातो रंगका अनुसरणले कार्य सम्पन्न गर्न सहज बनाउनेछ ।

## सिंह

योजनाहरू आंशिक रूपमा पूरा हुनेछन् । प्रेमी-प्रेमिकाको सहयोगमा महत्वपूर्ण कार्य सम्पन्न गर्न सकिनेछ । वैदेशिक काममा सफलता हात पर्नेछ । राति अबेरसम्मको कामले स्वास्थमा गडबडी सिर्जना गर्न सक्छ । सूर्यको सेवाले प्रायः समस्या निराकरण हुनेछन् ।

## कन्या

झिना-मसिना काममा अल्झँदा काम चौपट हुन सक्छ । उक्त स्थितिलाई सावधानीका साथ व्यवस्थापन गर्न सके प्रशस्त लाभ लिन सकिनेछ । पूर्वपरिचितहरूबाट मन पराएको प्रस्ताव प्राप्त हुने सम्भावना छ । सवारी साधन चलाउँदा विशेष सावधानी अपनाउनुहोला ।

## तुला

आफ्नै जुक्तिबुद्धिले नयाँ कार्य सम्पन्न गरिनेछ । व्यवसायिक कार्यका क्रममा विदेशीहरूसँग भलाकुसारी हुने सम्भावना छ । सवारी साधन तथा मेसिनेरी यन्त्र खरिद हुने योग छ । साताको अन्त्यमा कार्य व्यस्तताले स्वास्थमा प्रतिकुलता देखा पर्न सक्छ ।

## वृश्चिक

विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुहोला । सुन्तला रंगको पहिरनले चुनौतीबाट मुक्त हुन सहयोग गर्नेछ । व्यवसायमा नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ । जिम्मेवारीको काममा कठिनाइ महसुस होला । रोजगारीका नयाँ अवसर हात पार्न थप मेहनतको आवश्यकता छ ।

## धनु

आफ्नो कार्य दक्षता तथा इमानदारीताको प्रभावले बिग्रन लागेका कामहरू बन्नेछन् । गहिरो अध्ययनले ज्ञानको दायरा बढाउन मद्दत गर्नेछ । सामाजिक हैसियत कायम राख्न जीवनशैलीमा परिवर्तन आवश्यक छ । पारिवारिक भेटघाटले मांगलिक कार्यको मिति निर्धारण गर्न सक्छ ।

## मकर

नशा तथा हडडीसम्बन्धी समस्याले कमजोर एवं आलस्य महसुस गराउन सक्छ, स्वास्थ्यप्रति सजगता अपनाउनुहोला । यात्रामा मन मिल्ने मित्रहरूले थप खर्च गराउनेछन् । विभिन्न सभा-सेमिनारमा भाग लिने अवसर जुट्नेछ । साताको अन्त्यमा पारिवारिक खिचलोले सताउन सक्छ ।

## कुम्भ

कार्य सम्पादनमा ढिलाइ नगर्नुहोला, अन्यथा पछि परिनेछ । नौलो किसिमको व्यवसाय गर्न साझेदारहरूबीच मन मिल्नेछ । आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ भने रोकिएको कामको गाँठो फुक्ने सम्भावना छ । साताको अन्त्यमा प्रभावशाली व्यक्तित्वहरूसँग भलाकुसारी हुनेछ ।

## मीन

सेवामूलक कार्य गर्न सके मान सम्मान पाइनेछ । पहिलेका गल्ती सच्याउँदा अन्य अवसरहरू पनि सहजतापूर्वक फेला पर्नेछन् । आध्यात्मिक चिन्तनले दुर्भावना समाप्त भै मनलाई एकाग्र बनाउन सहयोग गर्नेछ । पढाइलेखाइमा त्यति ध्यान दिन नसकिएला । साताको अन्त्यमा धेरैको प्रशंसा बटुलिनेछ ।

**अब हाम्रो पालो**

# राति फुटबल हेर्दा तपाईंको दिनचर्या कत्तिको बिथोलिन्छ ?

त्यतो सारोचाहिँ बिथोलिएको छैन । किनभने २ बजेसम्म फुटबल हेरेर ७ बजे उठ्दा निद्रा पुग्छ ।

**सागर**

दिनचर्या त मज्जाले बिथोलिन्छ नि ! पढ्ने काम एकातिर अलपत्र पऱ्या छ । जागिर अर्कातिर अलपत्र छ । पारिवारिक समयमा त्यत्तिकै प्रभाव पऱ्या छ । डामाडोल भा'को छ नि । अझ समर्थन गरेको टिमले हार्ने हो कि जित्ने हो भन्ने तनावले हेरुन्जेल पनि दिमाग खराब, हेरिसकेसि नि दिमाग खराब ।

**अर्जुन रिजाल**

दिनचर्या बिथोलिँदा त त्यति फरक पर्दैन, तर जागिरसम्म दाउमा राखेर सपोर्ट गरेको टिमले गोल खाँदाचाहिँ मन साह्रै बिथोलिन्छ हजुर !

**भूमि लिम्बू**

राति फुटबल हेर्दा बूढीसँगको सम्बन्ध बिथोलिइसक्यो, दिनचर्याको के कुरा गर्ने ?

**फिरन्ते**

बेला-बेला दिउँसै सपना देखिन्छ ।

**विद्युत लामिछाने**

२७ प्रतिशत बिथोलिएको छ ।

**निबस**

बिहानै कलेज जाँदा क्लास



टिचरलाई पनि रेफ्री देख्न थालेको छु आजकाल ।

**कार्की रोमन**

भद्रगोल नै हुन्छ नि ! के गर्नु ? नहेरूँ सोसाइटीमै नपरिने । तनाव छ हजुर तनाव ।

**राजेन्द्र**

दिनभरि ह्याङ भएर काम गर्नै जाँगर चल्दैन भन्या ।

**गोपाल कल्पित**

राति ड्युटी छ, खासै असर परेको छैन । दिउँसोचाहिँ फुटबलकै सपना देख्दै गोल भन्छु ।

**मिलन बोहरा**

कत्ति पनि बिथोलिँदैन ।

**अन्तिम**

खासै बिग्रँदैन । मानिसलाई जति नै निद्रा भए पनि पुग्दैन, आफूबाट अल्छीपन कति हटाउने भन्नेमा भर पर्छ । २ बजे सुत्यो, ६ बजे उठ्यो ।

**अशोक सुस्केरा**

दिनचर्या होइन, स्वास्थ्य बिथोलिएको छ, क्यार्नु र बरै ?

**तिलु बाबा**

धेरै बिथोलिँदैन । २ बजे सुतेर ७ बजे उठ्दा निद्रा पुग्छ ।

**मोहन पल**

वास्तवमा भन्नुपर्दा सपोर्टिङ टिमले जिते त खासै असर पर्दैन, तर हार्दाचाहिँ दिनभरि थकान मात्र नभै तनावसमेत हुन्छ । त्यसमाथि सामाजिक सञ्जालको ट्रोल र म्यासेजले हैरान नै पार्छ । एनी वे चार वर्षमा एकपटक आउने विश्वकपका लागि कामलाई थाँति राख्दा पनि के भो र ? पूरै काममा पो असर पर्नु भएन । गेम हेर्नुहोस्, आनन्द लिनुहोस् । जसले जिते पनि दाजुभाइ-इष्टमित्रहरूबीच झै-झगडा नहोस् । पाँचपोखरी महादेवले सबैलाई सद्बुद्धि दिऊन् ।

**दीपेन्द्र स्याङ्बो**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
> १. विश्वकप फुटबल कसले कति गोलले जित्छ होला ?

विश्वकप फुटबल चार-चार वर्षमा आउने भएकाले हेर्नैपऱ्यो । एक दिन काममा नगएको, जागिरै चट भयो सम्पादकज्यू ।

**डल्ली कान्छी**

मलाई मन पर्ने टिम ब्राजिल हो । अरूको खेल खासै हेर्दिनँ । ब्राजिलको खेल हेरेको भोलिपल्ट चाहिँ अफिसको कुर्सीमै सुतिदिन्छु ।

**रमेश मगर**

धन्न आफ्नो चाहिं नाइट ड्युटी पऱ्या छ । नत्र कति कम्प्लेन आउँथ्यो होला ?

**विशाल लिम्बू**

मलाई त निद्रा नलाग्ने समस्या छ, त्यसैले केही फरक परेको छैन । यसपालिको विश्वकप गजबको भएको छ ।

**अर्जुन पोखरेल**

केही फरक पऱ्या छैन । कहिल्यै हेऱ्या भए पो फरक पर्नु ?

**एचबी जिस**

हाई काढ्यो बस्यो, बिथोलियो नि !

**नारायण कार्की**

थामिनसक्नु बिथोलिन्छ ।

**एन्जेल गुरुङ**

अनिदो बसेर हेर्नु न, कत्तिको बिथलिँदो रहेछ ? आफैं अनुभव बटुल्न पाउनुहुन्छ ।

**फुच्ची साना**

खासै समस्या छैन, अफिसमै सुतिन्छ भनौं भने सरकारी जागिर छैन । प्राइभेट सेक्टरको जागिर थाहै होला, कसरी बित्छ ?

**रविन क्षेत्री**

आफ्नो नित्यकर्मलाई असर पर्ने गरी त सामाजिक तथा राज्य हितका लागि मात्र अनिँदो बसिन्छ ।

**राजन लोहनी**

रातभर कराउँदै फुटबल हेऱ्यो, दिनभर हाई गर्दै अफिसमा झुल्यो । गजब हुँदैछ– विश्वकप ।

**राजेन्द्र गौतम**

रातभरि फुटबल हेरिन्छ अनि दिनभरि सुतिन्छ । त्यसैले आजसम्म चाहिँ बिथोलिएको छैन है ब्रो ।

**कलियुगको वाल्मिकी**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा



म प्रत्येक दिन हस्तमैथुन गरेर सुत्छु । त्यसले मलाई अर्को दिन थकान तथा कमजोरी महसुस गराउँछ । यसले भविष्यमा मेरो स्वास्थ्यलाई नकारात्मक असर त गर्दैन ?

**एस.**



### हस्तमैथुन

मानिस जन्मजात नै यौनिक हुन्छ । आफ्नो जिज्ञासु स्वभावका कारण उसले आफ्नो शरीरका बारेमा पनि खोजीनिती गर्छ र कुन अंगको स्पर्शबाट कम र कुन अंगको स्पर्शबाट बढी सुखानुभूति प्राप्त हुन्छ, थाहा पाउन थाल्छ ।

फ्रायडका अनुसार पूर्व लैंगिक अवस्थामा यौन उत्तेजनाको केन्द्र यौन अंगहरूमा हुँदैन । जन्मदेखि एक वर्षसम्मको उमेरमा यौन उत्तेजनाको केन्द्र मुख हुन्छ । फ्रायड भन्छन्– स्तनपान वा अन्य केही कुरा चुसेर एक बालकले आनन्द प्राप्त गर्छ । त्यसपछिको समयमा त्यस्तो केन्द्र मलद्वारमा हुन्छ र दिसा गर्दा बालकले त्यस्तो आनन्द पाउँछ । यो अवस्था १ देखि ३ वर्षसम्मलाई मानिएको छ । त्यसपछि बालक लैङ्गिक अवस्थामा प्रवेश गर्छ र उक्त अवस्थामा पनि मुख, ओठ अनि मलद्वार क्षेत्र यौन आनन्दको प्रमुख अंगका रूपमा कायम रहन्छ । त्यो अवस्थाको सुरुको समय अर्थात तीन वर्षदेखि पाँच वर्षको उमेरमा यौन उत्तेजनाको केन्द्र यौनाङ्गमा हुन्छ । केटाहरूमा लिंग यसको केन्द्र हुन्छ भने केटीहरूमा भगांकुर । यो अवस्थामा छोराहरू आफ्नै आमाप्रति र छोरीहरू पिताप्रति आकर्षित हुन्छन् । केटाहरूका लागि यो अवस्थालाई ओडिपल अवस्था तथा केटीहरूका लागि इलेक्ट्रा अवस्था भनिन्छ । यो अवधिपछि सुषुप्तावस्था सुरु हुन्छ । पाँच वर्षको उमेरपछि किशोरावस्थामा नपुगुन्जेलसम्म बालबालिकाहरू यही अवस्थामा रहन्छन् । किशोरावस्थामा वयष्क हुने क्रमको थालनी हुन्छ । यौन परिवर्तनका लागि आवश्यक आन्तरिक रसहरूको स्राव सुरु भएपछि किशोरावस्थाको थालनीसँगै यो लैंगिक अवस्था वयस्कको जस्तै भएर जान्छ र यौन उत्तेजनाको केन्द्र लिंगमा हुन्छ । यो अवस्थामा लिंग चलाउनु खेलाउनु र आनन्द प्राप्त गर्नु एक किसिमकले स्वभाविक रूपमै हुन थाल्छ ।

### हस्तमैथुनले के-कस्तो असर पार्ला ?

यौन आनन्द प्राप्त गर्ने उपायमध्ये सबैजसोका लागि यौन अंगको घर्षण नै प्रमुख हो । यौनसम्पर्क गर्दा यौन अंगहरू आपसमा घर्षण गराइन्छ । मानिसले आफ्नो यौन अंगको घर्षण अरू कसैको यौन अंगमा गराए मात्र यौन आनन्द प्राप्त गर्छन् भन्ने होइन । सिद्धान्ततः सम्भोग गर्दा र हस्तमैथुन गर्दा यौन अंगको घर्षणबाट आनन्द प्राप्त गर्ने प्रक्रिया उस्तै हो । त्यसैले सम्भोग गर्दा हानि हुँदैन र हस्तमैथुन गर्दा हानि हुन्छ भन्न मिल्दैन । यसलाई प्राकृतिक नमान्नेहरूमध्ये कसैले यसलाई पापसँग जोडेका छन् भने कसैले खराब स्वास्थ्यसँग । त्यसैले समाजमा अनेक मिथ्या धारणाहरू व्याप्त छन् । हस्तमैथुन गरे अनुहारमा दाग आउने, आँखाको दृष्टि कमजोर हुने, नपुंसक हुने, विवाह पश्चात् आफ्नो यौन साथीलाई सन्तुष्टि दिन नसक्ने वा शीघ्र स्खलन हुन्छ भन्ने जस्ता भ्रमहरू व्याप्त छन् । यसले स्मरण शक्तिमा पनि ह्रासमा आउने होइन ।

### बरु फाइदा पो छ त

अनेक भ्रम भए पनि हस्तमैथुनले यौनइच्छाको दमनबाट हुने तनावबाट मुक्ति दिलाउँछ । तनावबाट मुक्त मानिस बढी सकारात्मक रूपमा सिर्जनशील हुन सक्छ र उसको स्मरण शक्तिसमेत बलियो बनाउँछ । यौन चाहना शान्त पार्न मद्दत पुर्‍याउने भएकाले कतिपय यौन अपराधलाई कम गर्न सहयोग पुग्छ भन्नेहरू पनि थुप्रै छन् । यस्तै हस्तमैथुनले अनावश्यक गर्भधारण, देहव्यापारीसँगको यौनसम्बन्ध, यस्ता क्रियाकलापमा खर्च हुने धन तथा समय दुरुपयोगबाट पनि जोगाउँछ । अर्को व्यक्तिसँग यौन सम्पर्क नै नहुने भएकाले अहिले चर्चामा रहेका एचआईभी वा अन्य यौन संक्रमणहरू सर्नबाट पनि जोगिन सकिन्छ । हस्तमैथुन आफैंले खराबी गर्ने नभए पनि यससँग जोडिएर आउने हीनताबोध वा दोषीपनले समस्या उत्पन्न गराएको हुन्छ । मानिसले वाल्यकालदेखि नै ठूला व्यक्तिहरूको व्यवहारलाई चनाखो रूपमा अवलोकन गरिरहेको हुन्छ र त्यसैका आधारमा यौनसम्बन्धी धारणा बनाउन थाल्छ । त्यसैले यसमा हाम्रा सामाजिक मूल्य-मान्यताको ठूलो हात हुन्छ । प्राकृतिक शारीरिक क्रियाकलापसँग अमिल्दा रूपमा भएका मूल्य-मान्यताले यस्ता नकारात्मक असरहरू देखा पर्छन् ।

**सूचना**

**तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।**

> यौन परिवर्तनका लागि आवश्यक आन्तरिक रसहरूको स्राव सुरू भएपछि किशोरावस्थाको थालनीसँगै यो लैंगिक अवस्था वयस्कको जस्तै भएर जान्छ र यौन उत्तेजनाको केन्द्र लिंगमा हुन्छ । यो अवस्थामा लिंग चलाउनु खेलाउनु र आनन्द प्राप्त गर्नु एक किसिमकले स्वभाविक रूपमै हुन थाल्छ ।

### के हस्तमैथुनले नै कमजोर बनाएको हो ?

स्वभाविक हो– कुनै शारीरिक परिश्रम हुने क्रियाकलाप गर्दा थकाइ लाग्छ । धेरै शक्ति खर्च हुने किसिमको क्रियाकलापमा बढी थकाई लाग्नु स्वभाविक पनि हो । एकै किसिमको क्रियाकलाप गर्दा कति शक्ति खर्च हुन्छ भन्ने कुरा उक्त क्रियाकलापको तीव्रता, समयावधि अनि व्यक्तिको तौलजस्ता कुरामा भर पर्छ । अब हस्तमैथुन गर्दा कति शक्ति खर्च हुन्छ हेरौं । सामान्यतः हस्तमैथुन गर्दा यस्तै ३ देखि ६ क्यालोरी प्रतिमिनेट खर्च हुन्छ । दौडँदा यस्तै १४ देखि १८ क्यालोरी प्रतिमिनेट, भर्‍याङ चढ्दा यस्तै १२ देखि १४ क्यालोरी प्रतिमिनेट खर्च हुन्छ भने पौडी खेल्दा यस्तै १० देखि १२ क्यालोरी प्रतिमिनेट खर्च हुन्छ । यसरी तुलनात्मक अध्ययनपछि तपाईंले थाहा पाइसक्नुभयो होला, हस्तमैथुन एउटा विशेष क्रियाकलाप भए पनि यसमा त्यति धेरै शक्ति अर्थात क्यालोरी खर्च हुँदैन ।

कतै तपाईंलाई थकाइ लाग्ने अन्य कुनै कारण त छैन भनेर पनि विचार गर्नुपर्ने हुन्छ । यसरी लामो समयसम्म थकाइ लगाउने कारणहरूमा रक्तअल्पता, निराशपन, चिन्ता, खानासम्बन्धी एलर्जी, हृदयरोग, मधुमेह, निदाएका बेला सास रोकिने अवस्था, थाइराइडले राम्रोसँग काम नगर्ने जस्ता कतिपय कारण हुन सक्छन् । यसमा तपाईंले हस्तमैथुनलाई दोष दिनुभन्दा चिकित्सकबाट जाँच गराउनु नै बेस होला ।

### समाधान

मुख्य बुझ्नुपर्ने कुरा, हस्तमैथुनले बाहिर चर्चा गरिएजस्तो स्वास्थ्यसम्बन्धी हानि-नोक्सानी पुर्‍याउँदैन । कतिपय स्थानमा यो प्राकृतिक यौन क्रियाकलापको उपचार गर्ने चलन छ र प्रशस्त खर्च गर्ने/गराउने काम पनि हुन्छ, जुन आवश्यक छैन । अनावश्यक रूपमा चिन्ता गरे वा हिनताबोध गरे त्यसको भने नकारात्मक असर पर्न सक्छ । यसलाई आफ्नो मनबाट निकाल्न सक्नुपर्छ ।

## महिला स्वास्थ्य




म २१ वर्षीया विवाहित महिला हुँ । हाल मेरो गर्भमा ४ महिनाको शिशु छ । आजभोलि मेरो ढाड दुख्न थालेको छ । यो नराम्रो त होइन नि ? यस्तो अवस्थामा पीडा कम गर्न औषधि सेवन गर्नुपर्ने हुन्छ कि हुँदैन ?

**बी.**



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

सामान्यतः गर्भ रहेको दोस्रो तीन महिना सुरक्षित एवं राम्रो अवस्था हो । यो अवस्थामा खानामा पनि रुचि बढ्छ । कसै-कसैलाई भने ढाड दुख्ने समस्याले पिरोल्न सक्छ । पाठेघर ठूलो भएर ढाडको मांसपेशी तन्किएका कारण यस्तो भएको हो । यस्तो अवस्थामा पीडा कम गर्ने औषधि सेवन गर्नु राम्रो होइन, बरु ढाड दुख्ने अन्य कारणहरू खोज्नुपर्छ । कुनै-कुनै बेला पिसाबको संक्रमणले पनि ढाड तथा पेटमा पीडा हुन सक्छ । तातो रबर ब्यागले सेक्दा तथा आराम गर्दा पीडा कम हुन सक्छ । यस्तो अवस्थामा चिकित्सकको सल्लाहमा मात्र औषधि सेवन गर्नुपर्ने हुन्छ । तत्काल पीडा कम गर्न ढाडमा मल्हम लगाउन सकिन्छ ।

समय सन्दर्भ

# विश्वकप दर्शन नियमावली-२०१८



अधिकारी रवीन्द्र

विश्वकप फुटबल घरेलु दर्शक महासंघको केन्द्रीय कार्यालयको मुख्य सूचनापाटीमा प्रकाशित मिति २०७५ असार १ । गत जेठ ३१ गतेदेखि रसियामा जारी फिफा विश्वकप फुटबल हेरिरहेका दौरान गाउँ, समाज र विशेष गरी घर-परिवारमा हुन सक्ने असमझदारी, झैझगडा वा किचलोलाई न्यूनीकरण गर्ने हेतुले विश्वकप दर्शन ऐन-२०१४ को प्रस्तावनालाई टेकी सर्वसाधारणका घर-घरमा शान्ति र अमनचयनका साथ विश्वकप हेर्ने वातावरण सिर्जनार्थ विश्वकप दर्शन नियमावली सार्वजनिक गर्न वाञ्छनीय भएकाले विश्वकप फुटबल घरेलु दर्शक महासंघले देहाएका नियमहरू बनाएको छ ।

प्रस्तावना

फुटबल नेपालमा मात्र नभै विश्वभरि नै निकै लोकप्रीय खेल हो जसको औपचारिक सुरुवात सन् १८६३ मा बेलायतमा भएको मानिन्छ तथापि फिफा विश्वकप भने सन् १९३० मा उरुग्वेबाट सुरु भएको हो । प्रत्येक चार वर्षमा आयोजना हुने यो कप फुटबल जगत्को महापर्व भएकाले विश्वभरि नै यसलाई उल्लासका साथ मनाइन्छ । यो खेल पूरै एक महिनासम्म चल्ने भएकाले व्यक्तिगत, पारिवारिक तथा सामाजिक जनजीवनमा समेत खेलका दर्शकलाई प्रभाव पार्ने देखिएकाले सबैले सुविस्ताका साथ नियममा रहेर खेल हेरून् र हेराऊन् भन्ने अपेक्षासमेत गरिएको बेहोरा जानकारी गराईन्छ ।

परिच्छेद १ : प्रारम्भिक (१) संक्षिप्त नाम र परिचय (क) यो नियमावलीको नाम विश्वकप दर्शन नियमावली २०१८ छ (ख) यी नियमहरू तत्काल लागू हुनेछन् ।

(२) विषय र प्रसङ्गले अर्को अर्थ नलागे यो नियमावलिमा (क) ऐन भन्नाले विश्वकप दर्शन ऐन २०१४ सम्झनुपर्छ । (ख) बल भन्नाले मैदानमा २२ जनाले यता र उता हल्लाउने गोलो वस्तु सम्झिनुपर्छ । (ग) विश्वकप भन्नाले फिफा विश्वकप-२०१८ सम्झनुपर्छ । (घ) भिजिलान्ते भन्नाले खेलमा वास्तविक रुचि नभै दर्शक भाँड्न वा सच्चा दर्शकलाई त्याग गर्न आएका जमातको सदस्य सम्झनुपर्छ । (ङ) हल्लागिरी भन्नाले विपरीत टिमका अल्लारे समर्थक सम्झनुपर्छ जसले विपरीत टिमका जुनसुकै लुलेलाङ्ग्रे खेलाडीको खुट्टामा बल पर्नासाथ 'गोल गोल' भनेर सच्चा दर्शकलाई टिक्नै नसक्ने गरी हुटिङ गर्छ । (च) रुन्चे भन्नाले आफूले समर्थन गरेको टिमले गोल खाएपछि रुवाबासी गर्ने दर्शक सम्झनुपर्छ । (छ) पिन्चे भन्नाले खेल नबुझ्ने तर रुन्चे रोएको देखेर सहानुभूति स्वरुप रोइदिने आसेपासे बुझ्नुपर्छ । (ज) घाँस भन्नाले खेल चलिरहेका बेला विभिन्न बहानाबाजी वा नाटक गरी रिमोट माग्ने वा खोस्ने, प्लग खुस्काउने तथा डकार्ने र गन्हाउने ग्याँसहरू उत्पादन गर्ने सदस्य बुझ्नुपर्छ ।

परिच्छेद २: ३) खेल हेर्नेसम्बन्धी व्यवस्था । यो नियमावलीमा निम्न व्यवस्था गरिएको छ :-

३.१) यो खेल घरको काम लठिभद्र छाडी बिहान-बेलुकाको दानापानी नै बन्द हुने गरी सपरिवार एकसाथ हेर्न मनाही गरिएको छ । उमेरले १५ वर्ष नाघेको कम्तीमा एक जना सदस्य भान्सा विभागमा हुनैपर्छ । रुचि र आवश्यकताअनुसार सदस्यहरूले आलोपालो गर्न सक्छन् । ३.२) आफूलाई मन पर्ने टोलीलाई जर्सी लगाएर वा अरूलाई असर नपर्ने गरी हुटिङ गरेर समर्थन गर्न पाइन्छ तर हार्‍यो भन्दैमा हार्ने टोलीका प्रशंसकलाई होच्याउन, पेल्न, लछारपछार गर्न, ट्रोल बनाऊन वा बेइजत गर्न पाइँदैन । त्यसैगरी आफ्नो टोलीले हार्‍यो भने रुने, चिच्याउने, मान्छे अत्याउने गरी घण्टौं घोप्टो पर्ने, जर्सी च्यात्ने, जलाउने तथा मोबाइल टिभी फुटाउने वा बन्द गर्ने जस्ता हर्कत गर्न पाइनेछैन । ३.३) खेलको अन्तिम नतिजा आउनुपूर्व यसले जित्छ र उसले जित्छ भन्दै फुइँ लगाउने, इच्छाविपरीत बाजी थाप्न लगाउने र विपरीत टिमका समर्थकको मनोबल गिर्ने गिराउने क्रियाकलाप गर्न पाइनेछैन ।

३.४) अन्य निषिद्ध कार्यहरू: (क) मुख छाड्न र हात हालाहाल गर्न पाइनेछैन (ख) धारिलो र पड्किने हतियार लिएर खेल हेर्ने स्थानमा जान पाइनेछैन (ग) खेल हेर्ने क्रममा जम्मा भएका गाउँले दिदीबहिनी, भान्जी, साली, भतिजी, बुहारी वा सोल्टिनीमाथि गिद्दे नजर लगाउन पाइनेछैन । ३.५) आफै जिम्मेवार हुनुपर्ने : (क) मध्यरातका खेलहरू पूरै हेरेर स्कुल कलेज वा कार्यालयमा दिउँसो उँघ्ने कार्य गरे स्कुल कलेजबाट रेस्टिकेट अथवा जागिरबाट नक आउट भए (ख) खेल हेर्दा उत्तेजनामा उफ्रिँदा लडे, अङ्गभङ्ग वा हर्ट एट्याक भए (ग) हेर्ने स्थानबाट घडी, मोबाइल, सिक्री, पैसा, पर्स, रुमाल वा अन्य बहुमूल्य सामान खसे वा हराए ।

परिच्छेद ३:(४) अन्य नियम विनियममा असर नपर्ने : यो नियमावलीमा उल्लेख भएका नियमहरूले क्षेत्रगत रूपमा बनेका, चलनचल्तीमा रहेका नियम बिनियमलाई कुनै प्रकारले असर गर्ने-गराउने छैन । (५) संयोग हुने : यसमा व्यवस्था भएका बुँदाहरू अन्य नियम, विनियमसँग मेल खाए संयोग मात्र हुनेछ । (६) अमान्य हुने : यो नियमावलीमा बाझिएका कुनै पनि कुरा बाझिएको हदसम्म अमान्य हुनेछ । (७) बाधा-अड्काउ फुकाउने : यो नियमावलीमा व्यवस्था भएका कुराबाहेक अन्य परिस्थिति सिर्जना भै विवाद आए आपसी समझदारीबाट बाधा-अड्काउ फुकाउन कुनै बाधा पर्नेछैन ।

अध्यक्ष

विश्वकप फुटबल घरेलु दर्शक महासंघ, केन्द्रीय कार्यालय

(बोधार्थ : रुन्चे, पिन्चे, हल्लागिरी, घाँस र खेलसँग सम्बन्ध राख्ने सबै ।)

ravinems@iom.edu.np

# धान दिवसमा हिले रेस्लिङ









हिमालयन टाइगर प्रो. रेस्लिङ एसोसिएसनले राष्ट्रिय धान दिवसका अवसरमा हिलोमा रेस्लिङ प्रतियोगिता सम्पन्न गरेको छ । असार १५ गते धान दिवसका अवसरमा लुभु, लामाटारमा सञ्चालित मनोरञ्जक रेस्लिङ प्रतियोगितामा नेपालका राष्ट्रिय रेस्लर खेलाडीहरूले सहभागिता जनाएका थिए ।

अखिल किसान महासंघको सहकार्यमा सम्पन्न उक्त प्रतियोगितामा महिला रेस्लिङ खेलाडी भगवती खड्का 'युनिका'लाई शोभा चौधरी तथा अस्मिता राईको जोडीले अंकका आधारमा पराजित गरे भने मुना श्रेष्ठले पल्लवी पाण्डेलाई पराजित गरिन् । पुरुषतर्फ मिस्टर यतिलाई द वारियरले, मिस्टर बाबुसापलाई रेशम तामाङले अंकका आधारमा पराजित गरे । उक्त प्रतियोगिताको सञ्चालन अन्तर्राष्ट्रिय रेस्लर तथा नेपाली रेस्लिङ गुरु हिमालयन टाइगरले गरेका थिए ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**